महालेखापरीक्षकको
त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन
२०८३

सारांश

महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं
नेपाल

महालेखापरीक्षकको
त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन
२०८३

सारांश

महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं

नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

प्राक्कथन



नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको त्रिसट्ठिऔं वार्षिक प्रतिवेदन पेस गरेको छु। संविधानको धारा २९४(२) तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१) बमोजिम वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयवस्तुहरूलाई समेटी वार्षिक प्रतिवेदनका साथै यो सारांश प्रतिवेदनसमेत तयार गरिएको छ। यस प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायहरूको विवरण, बेरुजुको अवस्था, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराहरू, प्रतिवेदन कार्यान्वयनको स्थिति, भावी सुधारका क्षेत्रहरूलाई समावेश गरिएको छ।

संविधानको धारा २४१ तथा लेखापरीक्षण ऐन, २०७५ अनुसार सङ्घ, प्रदेश, स्थानीय तह, पूर्ण सरकारी स्वामित्वमा रहेका सङ्गठित संस्था तथा कानुनबमोजिम लेखापरीक्षण हुने अन्य निकायहरूको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता तथा औचित्यका आधारमा सम्पन्न गरिएको छ। जोखिममा आधारित लेखापरीक्षण प्रणाली अवलम्बन गर्दै वित्तीय प्रशासनका दृष्टिले उच्च जोखिमयुक्त निकायहरूमा स्थलगत रूपमा विस्तृत विधिद्वारा तथा न्यून जोखिमयुक्त निकायहरूमा संक्षिप्त वा दूर लेखापरीक्षण पद्धति प्रयोग गरिएको छ। लेखापरीक्षणका सम्पूर्ण प्रक्रियालाई २०७७।७८ देखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत व्यवस्थित गरिएको छ।

वित्तीय लेखापरीक्षणका अतिरिक्त विषय छनोटको आधारमा कार्यमूलक तथा वातावरणीय लेखापरीक्षणसमेत गरिएको छ। सङ्गठित संस्थाहरूको लेखापरीक्षणमा कानुनबमोजिम पेसागत प्रमाणपत्र प्राप्त लेखापरीक्षकहरूको सेवासमेत लिइएको छ। कार्यमूलक लेखापरीक्षणका केही विषयमा नागरिक समाजका संस्थाहरूको सहभागितालाई निरन्तरता दिइएको छ। अधिकांश स्वामित्वका सङ्गठित संस्थाहरूको लेखापरीक्षक नियुक्ति सम्बन्धमा परामर्श प्रदान गरिएको छ। अन्तर्राष्ट्रिय विकास साझेदारबाट सञ्चालित आयोजनाहरूको समेत सम्झौताबमोजिम लेखापरीक्षण सम्पन्न गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गुणस्तर अभिवृद्धिका लागि आचारसंहिता, सुपरिवेक्षण, स्वतन्त्र गुणस्तर समीक्षा, सरोकारवालासँगको संवाद तथा नागरिक सहभागितालाई संस्थागत गरिएको छ।

यो वर्ष सङ्घीय, प्रदेश, स्थानीय तह, सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका अन्य संस्था तथा समितिसमेतको रु.९४ खर्ब ८४ अर्ब ५० करोडको लेखापरीक्षण सम्पन्न भएको छ। मुलुकमा २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन र घटनाको कारण १७९ कार्यालय तथा निकायको लेखा र सोसम्बन्धी स्रेस्ता पेस नभएकोले रु.१ खर्ब ४७ अर्ब ९० करोडको लेखापरीक्षण गरिएको छैन।

लेखापरीक्षणबाट विभिन्न नीतिगत तथा प्रणालीगत सुधार गर्नुपर्ने सैद्धान्तिक बेहोराका साथै रु.८८ अर्ब ९ करोड लगती बेरुजु औंल्याइएको छ। सङ्घीय सरकारी कार्यालयतर्फ रु.५३ अर्ब ४९ करोड, प्रदेशतर्फ रु.५ अर्ब २३ करोड, स्थानीय तहतर्फ रु.१९ अर्ब ५ करोड र समिति एवं अन्य संस्थातर्फ रु.१० अर्ब ३२ करोड बेरुजु कायम भएको छ।

गत वर्षसम्मको बेरुजुमध्ये यस प्रतिवेदन अवधिमा रु.६६ अर्ब ११ करोड सम्परीक्षण तथा समायोजन भई बाँकी बेरुजु तथा चालु वर्षको बेरुजुसमेत अद्यावधिक बेरुजु रु.७ खर्ब ५५ अर्ब १७ करोड पुगेको छ। यस अवधिमा गतविगतको बेरुजुको सम्परीक्षण र यस वर्ष औंल्याइएको बेहोराको फस्यौंटबाट रु.१४ अर्ब ६३ करोड असुल भएको छ। साथै लेखापरीक्षणको सुझाउबमोजिम विभिन्न नीतिगत, कानुनी तथा प्रणालीगत सुधारहरू भएका छन्।

लेखापरीक्षणको मूल उद्देश्य सार्वजनिक निकायहरूमा पारदर्शिता, जवाफदेहिता एवं निष्ठा प्रवर्धनमार्फत सुशासन कायम गर्न योगदान पुऱ्याउनु हो। सो उद्देश्यअनुरूप प्रतिवेदनमा शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासनलगायत क्षेत्रमा सुधारका लागि सुझाउहरू प्रस्तुत गरिएको छ। सार्वजनिक स्रोतसाधनको प्रभावकारी परिचालन, वित्तीय अनुशासन सुदृढीकरण तथा संस्थागत उत्तरदायित्व अभिवृद्धिका लागि उक्त सुझाउहरूको प्रभावकारी कार्यान्वयन अपरिहार्य रहेको छ।

कार्यालयले संस्थागत क्षमता विकास, लेखापरीक्षण गुणस्तर अभिवृद्धि, आन्तरिक सुशासन, सरोकारवालासँग समन्वय तथा अन्तर्राष्ट्रिय असल अभ्यासको अवलम्बनलाई निरन्तर प्राथमिकतामा राखेको छ। सङ्घीय संसद तथा प्रदेश सभा र सम्बन्धित सार्वजनिक लेखा समितिहरू, स्थानीय तह, पेसागत समूह, सञ्चारमाध्यम तथा नागरिक समाजसँगको निरन्तर संवादमार्फत लेखापरीक्षण प्रणालीलाई थप उत्तरदायी र प्रभावकारी बनाउने प्रयास गरिएको छ। सीमित स्रोतसाधनका बाबजुद अधिकतम नतिजामुखी कार्यसम्पादन गर्न कार्यालय प्रतिबद्ध रहेको छ, तथापि जनअपेक्षाअनुरूप अझ प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक स्रोतसाधनको उपलब्धतामा नेपाल सरकारको सहयोग आवश्यक रहेको छ।

कार्यालयले इन्टोसाई, एसोसाई तथा समकक्षी अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्थासँगको सहकार्यबाट ज्ञान, सिप, अनुभव तथा असल अभ्यासको आदान-प्रदानलाई निरन्तरता दिएको छ। यसबाट नेपालको सार्वजनिक क्षेत्र लेखापरीक्षण प्रणालीलाई अन्तर्राष्ट्रिय मान्यता र व्यावसायिक उत्कृष्टता हासिल गर्न थप सुदृढ बनाउने आधार प्राप्त भएको छ।

यस प्रतिवेदनमा समावेश सुझाउहरूको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक प्रशासनमा पारदर्शिता, वित्तीय अनुशासन, जवाफदेहिता तथा सुशासन सुदृढ हुने विश्वास लिएको छु। प्रतिवेदनमाथि समयोचित संसदीय छलफल, सम्बन्धित निकायको उत्तरदायी कार्यान्वयन तथा सरोकारवालाको सक्रिय सहयोगमार्फत सार्वजनिक क्षेत्रको सुधारमा थप योगदान पुग्नेमा विश्वस्त छु।

लेखापरीक्षण कार्यमा मार्गदर्शन गर्नुहुने सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, सङ्घीय संसद, प्रदेश सभा तथा सार्वजनिक लेखा समिति प्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यसै गरी सरकारी निकाय, स्थानीय तह, लेखापरीक्षणसँग सम्बन्धित सङ्गठित संस्थाका प्रमुख एवं पदाधिकारी तथा कर्मचारी, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै कार्यालयका सम्पूर्ण कर्मचारीहरूको समर्पण, व्यावसायिकता र योगदानप्रति विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
प्राक्कथन		
लेखापरीक्षणको उद्देश्य,क्षेत्र, पद्धति र सीमा		१
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	५
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति**	९
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश**	१५
१.१	संघीय मन्त्रालय तथा निकाय	१५
१.२	प्रदेश मन्त्रालय तथा निकाय	४०
१.३	स्थानीय तह	४३
१.४	कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण	४५
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति**	५१
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार**	५५

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

१. **संवैधानिक तथा कानुनी आधार -** नेपालको संविधानको धारा २४१(१) बमोजिम महालेखापरीक्षकको काम, कर्तव्य र अधिकारमा राष्ट्रपति र उप-राष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै सङ्घीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। संविधानको धारा २४१(२) बमोजिम पचास प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षक नियुक्त गर्दा महालेखा परीक्षकसँग परामर्श गर्नुपर्ने प्रावधान रहेको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था र महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी सङ्घीय कानुनद्वारा तोकिएको संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ। उक्त ऐनको दफा ४ ले लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्ने, तथ्यहरू दर्शाउने, विवेचना गर्ने, आलोचना गर्ने र आर्थिक विवरणउपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्ने अधिकार प्रदान गरेको छ। सोही ऐनको दफा ५ मा वित्तीय तथा विविध विषयको लेखापरीक्षण, दफा ८ मा लेखापरीक्षण गर्ने विषय, दफा ९ मा औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरु, दफा १९ मा वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने विषयसम्बन्धी प्रावधानहरूले लेखापरीक्षणको कानुनी आधारलाई स्पष्टता पारेको छ । सोही ऐनको दफा २१ मा महालेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनका लागि समयावधि तोक्ने, पुनः जाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ ।

२. **उद्देश्य -** लेखापरीक्षणको मुख्य उद्देश्य सार्वजनिक स्रोतको प्रयोगमा जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमार्फत सुशासन कायम गर्न योगदान गर्नु हो । उक्त उद्देश्य हासिल गर्न विशेषतः निम्न पक्षहरूको परीक्षण गरी प्राप्त तथ्य, देखिएका बेहोरा र सुझाउहरू समेटी तयार गरिएको प्रतिवेदनमार्फत सम्बन्धित निकाय तथा कार्यालयहरूलाई लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छः

- वित्तीय विवरणको यथार्थता,
- प्रचलित कानुनको परिपालना,
- स्रोत साधनको मितव्ययी, दक्ष र प्रभावकारी उपयोग,
- कार्यक्रम तथा नीतिको परिणाममुखी उपलब्धि ।

वित्तीय लेखापरीक्षणमा पेस भएको वित्तीय विवरणले आर्थिक कारोबारको सही र यथार्थ चित्रण गरेको छ वा छैन भनी परीक्षण गरिएको छ । सोअन्तर्गत आर्थिक कार्यविधि कानुन, लेखामान, लेखाको सिद्धान्त र नीतिबमोजिम वित्तीय विवरणको तयारी र प्रस्तुतीकरण, राजस्व निर्धारण, असुली, दाखिला र शोधभर्ना, सम्पत्ति, दायित्व, लगानीको अभिलेखीकरण, आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता र प्रभावकारितालगायतका विषयहरुको परीक्षण गरिएको छ ।

परिपालनाको लेखापरीक्षणमा प्रचलित ऐन, नियम, मापदण्ड, निर्देशिका, र निर्णयको पालना भएनभएको परीक्षण गरिएको छ। सोअन्तर्गत प्रचलित ऐन, नियम, नीति, मापदण्ड, निर्देशिका र निर्णयको

परिपालना, सार्वजनिक खरिद, ठेक्का व्यवस्थापन, धरौटी, बेरूजु फस्यौंट तथा राजस्व सङ्कलन, अन्तर-सरकारी राजस्व बाँडफाँट, अनुदान तथा रोयल्टीको उपयोग, निकासा र खर्चको औचित्य, आन्तरिक नियन्त्रणको पालना तथा नियमनको अवस्था लगायतका विषयहरूको परीक्षण गरिएको छ ।

कार्यमूलक लेखापरीक्षणमा सार्वजनिक स्रोतसाधनको प्राप्ति, परिचालन र उपयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता पक्षको परीक्षण गरिएको छ। सोअन्तर्गत योजना कार्यान्वयनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको मूल्याङ्कन, कार्यक्रमको लक्ष्य प्राप्ति, लागत-लाभ विश्लेषण र गुणस्तर, दिगो विकास लक्ष्यको प्राप्ति र उपलब्धि लगायतका विषयहरुको परीक्षण गरिएको छ ।

यस वर्ष कार्यमूलक लेखापरीक्षण मार्गदर्शनअनुसार राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव विषयमा वातावरणीय लेखापरीक्षण र सार्वजनिक खरिदमा मध्यस्थताको व्यवस्था र सोबाट भएका निर्णय सम्बन्धमा विशेष लेखापरीक्षण गरिएको छ। उक्त विषयहरूमा वातावरणसम्बन्धी कानुन, कार्यविधि, मानदण्डको पालना, वातावरणीय असर, सोको व्यवस्थापनका लागि गरेका प्रयत्न र सार्वजनिक खरिदसम्बन्धी विवादमा भएका प्रमुख निर्णयको अध्ययन, विश्लेषण गरिएको छ ।

३. **लेखापरीक्षणका क्षेत्र** - नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकाय, पूर्ण सरकारी स्वामित्वका सङ्गठित संस्थाहरू तथा सङ्घीय कानुनले तोकेका बोर्ड, प्राधिकरण, परिषद् र कोषहरु लेखापरीक्षणको क्षेत्रमा समेटिएका छन् । नेपाल सरकारको अधिकांश स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षक नियुक्त गर्दा परामर्श दिइएको छ । यो वर्ष २०८१।८२ को वित्तीय विवरण, आर्थिक कारोबार, बक्यौता, सम्पत्ति तथा दायित्वका साथै विभिन्न आयोजना, कार्यक्रम र विभिन्न विषयसमेत कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिएको छ ।

४. **लेखापरीक्षण पद्धति** - वार्षिक लेखापरीक्षण योजना र सोसँग सामञ्जस्य हुने गरी मन्त्रालय/निकायगत लेखापरीक्षण योजना तथा कार्यालयगत लेखापरीक्षण योजना तयार गरी लेखापरीक्षणलाई व्यवस्थित गरिएको छ ।लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान तथा लेखापरीक्षण निर्देशिका, मार्गदर्शन, कार्यविधि र योजनाबमोजिम लेखापरीक्षण कार्यान्वयन गरी विद्युतीय पद्धतिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मा अभिलेखीकरण गरिएको छ।

कार्यालयले जोखिममा आधारित लेखापरीक्षण पद्धति अवलम्बन गरेकोमा निकायहरूलाई उच्च/न्यून जोखिममा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायहरूको विस्तृत लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको लेखापरीक्षण संक्षिप्त विधिबाट वित्तीय विवरण र सोसँग सम्बन्धित आन्तरिक लेखापरीक्षण प्रतिवेदनलगायतका कागजात नाम्स प्रणालीमा अपलोड गर्न लगाई दूर लेखापरीक्षण पद्धतिबाट सम्पन्न गरिएको छ।

लेखापरीक्षणको क्रममा पर्याप्त र उचित प्रमाणको सङ्कलन गरी सोको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। कार्यमूलक लेखापरीक्षणमा आवश्यकताबमोजिम नतिजामूलक, पद्धतिमूलक र समस्यामूलक पद्धति अवलम्बन गरी परीक्षण गरिएको छ। सरोकारवाला/लाभग्राहीसँग छलफल, अन्तर्वार्ता, स्थलगत अवलोकन, प्रश्नावलीमार्फत सूचना सङ्कलन गरी सोको विश्लेषण गरिएको छ। सङ्कलित सूचनाहरुको विश्लेषण गरी लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। कार्यमूलक लेखापरीक्षणका केही विषयमा नागरिक सहभागितालाई निरन्तरता दिइएको छ। उच्च तहको सुपरिवेक्षण, प्रारम्भिक प्रतिवेदन पुनरावलोकन र गुणस्तर नियन्त्रणलगायतका विधिमार्फत लेखापरीक्षणको गुणस्तर व्यवस्थापन गरिएको छ।

५. **लेखापरीक्षणका सीमा -** लेखापरीक्षण सामान्यतः नमुनामा आधारित हुने, समय, स्रोत र जनशक्ति सीमित रहने तथा व्यवस्थापनले उपलब्ध गराएको सूचना र अभिलेखमा निर्भर रहनुपर्ने भएकाले सबै त्रुटि, कमजोरी वा जालसाजी पूर्णतः पत्ता लगाउन सम्भव हुँदैन । आन्तरिक नियन्त्रण प्रणालीका सीमितता, मिलेमतो, कानुनी अधिकार क्षेत्रको सीमा तथा प्रमाण उपलब्धता एवं विश्लेषणका जटिलता पनि लेखापरीक्षणका सीमा हुन्। साथै, लेखापरीक्षणले पूर्ण आश्वस्तता नभई उचित आश्वस्तता मात्र प्रदान गर्ने भएकाले यसले सबै आर्थिक कारोबार र कार्य सम्पादनमा अन्तरनिहित तथा नियन्त्रणमूलक जोखिमका असरलाई उजागर गर्न सक्दैन।

६. **वार्षिक प्रतिवेदन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१) बमोजिम वार्षिक प्रतिवेदनका अतिरिक्त यो सारांश प्रतिवेदन तयार गरिएको छ। यसमा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा, बेरूजु स्थिति, प्रतिवेदन कार्यान्वयनको स्थिति, सुधारका सुझाउहरू समेटिएका छन्। यसै गरी कार्यमूलक तथा विशेष लेखापरीक्षणका प्रमुख बेहोरालाई समेत यस प्रतिवेदनमा समावेश गरिएको छ।

परिच्छेद - १

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय र विषय		सङ्ख्या	(रु. करोडमा)
(क)	**वित्तीय लेखापरीक्षण**		
	१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	३०५०	२९१७९५
	२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	११२४	३२०३०
	३. स्थानीय तह	७२१	११०९५२
	४. समिति र अन्य संस्था (प्रदेशतर्फको १३३ समेत)	५७७	४४७७७
	५. सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका संस्था	५४	४६८८९६
	जम्मा	**५५२६**	**९४८४५०**
(ख)	**कार्यमूलक तथा विविध विषय**		
	१. कार्यमूलक लेखापरीक्षण	१५	-
	२. वातावरणीय लेखापरीक्षण	१	-
	३. विशेष लेखापरीक्षण	१	-
	जम्मा	**१७**	**-**

यो वर्ष ३ हजार ५० सङ्घीय मन्त्रालय तथा निकायको रु.२९ खर्ब १७ अर्ब ९५ करोड, १ हजार १२४ प्रदेश मन्त्रालय तथा निकायको रु.३ खर्ब २० अर्ब ३० करोड, ७२१ स्थानीय तहको रु.११ खर्ब ९ अर्ब ५२ करोड, ५७७ समिति र अन्य संस्थाको रु.४ खर्ब ४७ अर्ब ७७ करोड र सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका ४४ संस्थाको ५४ आर्थिक वर्षको रु.४६ खर्ब ८८ अर्ब ९६ करोडसमेत रु.९४ खर्ब ८४ अर्ब ५० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणका अतिरिक्त १५ विषयको कार्यमूलक, १ विषयको वातावरणीय र १ विषयको विशेष लेखापरीक्षण गरिएको छ।

१. **सङ्घीय मन्त्रालय तथा निकाय -** यो वर्ष ३ हजार ५० सङ्घीय सरकारी निकायको विनियोजन खर्च/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. करोडमा)

क्र. सं.	कारोबार शीर्षक	लेखापरीक्षण सम्पन्न रकम
१	विनियोजन खर्च	१०९३९४
२	राजस्व	१५०२७४
३	धरौटी	८३४९
४	अन्य कारोबार	२३७७८
	जम्मा	**२९१७९५**

गत वर्षसम्म सङ्घीय सरकारी कार्यालयतर्फ ३ हजार ४७ एकाइको रु.६ अर्ब ४९ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष सोमध्ये ६ एकाइले रु.५६ करोडको लेखापरीक्षण गराएका छन्। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश परिच्छेद ३ मा समावेश छ।

सङ्घीय मन्त्रालय तथा निकायतर्फ यो वर्ष २ कार्यालयले विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारसमेत रु.८६ करोडको लेखापरीक्षण गराएका छैनन्।

२. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष ७ प्रदेशअन्तर्गत १ हजार १२४ निकायको रु.३ खर्ब २० अर्ब ३० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। गत वर्षसम्म प्रदेश कार्यालयतर्फ २४ एकाइको रु.२ अर्ब २३ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष ४ एकाइले रु.१ अर्ब २२ करोडको लेखापरीक्षण गराएका छन्। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश परिच्छेद ३ मा समावेश छ।

यो वर्ष ३ प्रदेश कार्यालयले लेखापरीक्षण गराएका छैनन्।

३. **स्थानीय तह** - यो वर्ष ४ महानगरपालिका, १० उपमहानगरपालिका, २६१ नगरपालिका र ४४६ गाउँपालिका समेत ७२१ स्थानीय तहको रु.११ खर्ब ९ अर्ब ५२ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश परिच्छेद ३ मा समावेश छ।

यो वर्ष १ स्थानीय तहले लेखापरीक्षण गराएको छैन।

४. **समिति र अन्य संस्था -** यो वर्ष ५७७ समिति र अन्य संस्था (प्रदेशतर्फको १३३ समेत) को रु.४ खर्ब ४७ अर्ब ७७ करोडको लेखापरीक्षण गरिएको छ।

५. **सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका संस्था** - यो वर्ष ४४ सङ्गठित संस्थाको ५४ आर्थिक वर्षको रु.४६ खर्ब ८८ अर्ब ९६ करोडको लेखापरीक्षण गरिएको छ। उक्त रकममा सङ्घीय कानुनद्वारा तोकिएका ६ संस्थाको ७ आर्थिक वर्षको रु.९ खर्ब ५६ अर्ब ५४ करोड समावेश छ।

सोको अतिरिक्त ४० संस्थाको ४६ आर्थिक वर्षको रु.१८ खर्ब ३२ अर्ब ६२ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएको छ।

६. **अन्य कोष** - यो वर्ष लेखापरीक्षण गरिएका अन्य कोषहरूमा गत वर्षको जिम्मेवारी रु.३५ अर्ब १६ करोड २६ लाख र यो वर्षको आम्दानी रु.३ खर्ब ७२ अर्ब ८८ करोड ७२ लाखसमेत रु.४ खर्ब ८ अर्ब ४ करोड ९८ लाख आम्दानी भएकोमा रु.३ खर्ब ६६ अर्ब ९५ करोड ९३ लाख खर्च भई वर्षान्तमा रु.४१ अर्ब ९ करोड ५ लाख मौज्दात रहेको छ।

७. **कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण** - यो वर्ष १५ विषयको कार्यमूलक, १ विषयको वातावरणीय र १ विषयको विशेष लेखापरीक्षण गरिएको छ।

८. **आयोजना हिसाब -** नेपाल सरकार र दातृ निकायबिच भएको सम्झौताअनुसार सञ्चालित विश्व बैङ्क, एसियाली विकास बैङ्क र अन्य दातृ निकायतर्फ ४९ आयोजनाको आयोजना हिसाब प्रमाणीकरण गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ।

९. **लेखापरीक्षण** - मुलुकमा २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन र घटनाका कारण १७९ निकाय तथा कार्यालयबाट स्रेस्ता पेस नभएकोले रु.१ खर्ब ४७ अर्ब ८९ करोड ७० लाखको लेखापरीक्षण गरिएको छैन।

• सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

१०. **सरकारी बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को सङ्घीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु. लाखमा)

शीर्षक/क्षेत्र	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२ को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	५९४१४६५	५८९७१०२	७३१७८७६	६०७२२४९	८२.९८
पुँजीगत खर्च	२३४६२४७	१९२०२७४	३५२३५४०	२२३९७८५	६३.५७
वित्तीय हस्तान्तरण	३९७३६०३	३३९४१६२	४०८८७६९	३४९३६३६	८५.४४
वित्तीय व्यवस्था	१९५१९५५	२७२२४७८	३६७२८४५	३३२६७८९	९०.५८
जम्मा	**१४२१३२७०**	**१३९३४०१६**	**१८६०३०३०**	**१५१३२४५९**	**८१.३४**
सामान्य सार्वजनिक सेवा	५२५८८५१	४७१२९३०	९३२८७८२	४६९९७६५	५०.३८
रक्षा	६००१३८	५८५७७०	५८२८५४	६०८३९९	१०४.३८
सार्वजनिक शान्ति सुरक्षा	७९७६४४	७२३३६१	७५१४७०	७४७०६९	९९.४१
आर्थिक मामिला	४२११६७०	४६९२१४१	३८३२६०५	५६१६२८८	१४६.५४
वातावरण संरक्षण	४४५१७	२९०६३	८४९००	३०५१२	३५.९४
आवास तथा सामुदायिक सुविधा	४२२९४७	३१३८८५	६७०३०८	३८२३६३	५७.०४
स्वास्थ्य	५२०६७०	४९३६८८	५७३०२३	५७५४९१	१००.४३
संस्कृति तथा धर्म	५८१०५	४११७६	५८८४१	३८४१२	६५.२८
शिक्षा	५२८६९५	५२५३३२	५८०९६८	५३४३५६	९१.९८
सामाजिक सुरक्षा	१७७००३३	१८१६६७०	२१३९२७९	१८९९८०४	८८.८१
जम्मा	**१४२१३२७०**	**१३९३४०१६**	**१८६०३०३०**	**१५१३२४५९**	**८१.३४**

११. **खर्चको स्थिति** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने १० सङ्घीय मन्त्रालय तथा अन्य निकायको खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

चालु खर्च				पुँजीगत खर्च			
क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत
१	अर्थ	१८४९०३२	३०.४५	१	भौतिक पूर्वाधार तथा यातायात	९६२८२७	४२.९९
२	गृह	८६०७२६	१४.१७	२	सहरी विकास	३७३६५४	१६.६८
३	रक्षा	५९४१४८	९.७९	३	ऊर्जा, जलस्रोत तथा सिंचाइ	२६६८९२	११.९२
४	कृषि तथा पशुपन्छी विकास	३८१२४०	६.२८	४	रक्षा	१७७९०६	७.९४
५	शिक्षा, विज्ञान तथा प्रविधि	३२५४७३	५.३६	५	खानेपानी	१२२१२३	५.४५
६	स्वास्थ्य तथा जनसङ्ख्या	३०२००९	४.९७	६	गृह	८३८७९	३.७५
७	परराष्ट्र	६८९९४	१.१४	७	स्वास्थ्य तथा जनसङ्ख्या	२५४०५	१.१३
८	भौतिक पूर्वाधार तथा यातायात	६८६८१	१.१३	८	कृषि तथा पशुपन्छी विकास	२५०२५	१.१२
९	सर्वोच्च अदालत	५६५२०	०.९३	९	अर्थ	२४२६३	१.०८
१०	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	४९३०६	०.८१	१०	वन तथा वातावरण	२४०५३	१.०८
११	अन्य मन्त्रालय तथा निकायहरू	१५१६१२०	२४.९७	११	अन्य मन्त्रालय तथा निकायहरू	१५३७५८	६.८६
	जम्मा	**६०७२२४९**	**१००**		**जम्मा**	**२२३९७८५**	**१००**

चालु र पुँजीगत खर्चबाहेक वित्तीय व्यवस्था खर्च रु.३ खर्ब ३२ अर्ब ६८ करोड रहेको छ। ७ प्रदेश र ७५३ स्थानीय तहलाई गएको वित्तीय हस्तान्तरण रकम समावेश छैन।

१२. **स्रोतगत खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारको २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. लाखमा)

स्रोत	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२ को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	१२८१७५७८	१२५१०५४७	१५९०३०३०	१३५८८६९१	८.६२
वैदेशिक अनुदान	२३३८२२	२३२८८८	५२३२६५	२७१७७४	१६.७०
वैदेशिक ऋण	११६१८७०	११९०५८१	२१७६७३५	१२७१९९४	६.८३
जम्मा	**१४२१३२७०**	**१३९३४०१६**	**१८६०३०३०**	**१५१३२४५९**	**८.६०**

१२.१ यो वर्ष नेपाल सरकारको स्रोततर्फको खर्च रु.१३ खर्ब ५८ अर्ब ८७ करोडमध्ये राजस्वबाट रु.१० खर्ब ५२ अर्ब ४१ करोड (७७.४५ प्रतिशत) बेहोरिएको छ।

१२.२ यो वर्ष वैदेशिक अनुदानतर्फ १५ निकायअन्तर्गत रु.५२ अर्ब ३३ करोड प्राप्त हुने अनुमान रहेकोमा रु.२७ अर्ब १८ करोड (५१.९४ प्रतिशत) प्राप्त भएको र वैदेशिक ऋणतर्फ १२ निकाय अन्तर्गत रु.२ खर्ब १७ अर्ब ६७ करोड प्राप्त हुने अनुमान रहेकोमा रु.१ खर्ब २७ अर्ब २० करोड (५८.४४ प्रतिशत) प्राप्त भएको छ।

१३. **सार्वजनिक ऋण** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार गरेको नेपाल सरकारको सार्वजनिक ऋणको वार्षिक प्रतिवेदन २०८१।८२ अनुसार नेपाल सरकारको २०८२ आषाढ मसान्तसम्मको सार्वजनिक ऋण रु.२६ खर्ब ७४ अर्ब ४ करोड ७७ लाख रहेको छ। सोमध्ये वैदेशिक ऋण रु.१४ खर्ब ५ अर्ब ८२ करोड ३६ लाख (५२.५७ प्रतिशत) र आन्तरिक ऋण रु.१२ खर्ब ६८ अर्ब २२ करोड ४१ लाख (४७.४३ प्रतिशत) रहेको छ।

१४. **राजस्व** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारले उपयोग गरेको राजस्वको स्रोतअनुसार २०७९।८० र २०८०।८१ को यथार्थ विवरण तथा २०८१।८२ को अनुमान र यथार्थ विवरण स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०७९।८० को यथार्थ	२०८०।८१ को यथार्थ	२०८१।८२ को		
			अनुमान	यथार्थ	प्रतिशत
कुल राजस्व	**८९९१७६१**	**९६०१६३४**	**१२६०३०३०**	**१०५२४१३२**	**८३.५०**
१. कर राजस्व	७४८४२००	८२०६९७०	११२५२०९६	९१०७२५८	८०.९४
२. अन्य राजस्व, बेरूजु रकम र अन्य प्राप्ति	१३८९४२०	१३२२०५४	१३५०९३४	१३९०५३२	१०२.९३
३. साँवा फिर्ता	११८१४१	७२६१०	-	२६३४२	-

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ९.६१ प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०८१।८२ को राजस्व असुलीमा बेरूजु रकम र अन्य प्राप्ति रु.१७ अर्ब ३८ करोड ५० लाख समेत समावेश छ। बजेट अनुमान नगरेको साँवा फिर्ताबाट रु.२ अर्ब ६३ करोड ४२ लाख प्राप्त भएको छ। राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश परिच्छेद ३ मा समावेश छ।

परिच्छेद - २

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरिएको छ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्कीमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुअन्तर्गत हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजुलाई समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजु रु.८८ अर्ब ९ करोड ११ लाख रहेको छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रु. लाखमा)

वर्गीकरण	सङ्घीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	२६५०६७	५२८९	२०१३३	३५९८६	३२६४७५	३७.०६
२. नियमित गर्नुपर्ने	२५४४४७	३७५७०	१५१८९४	५८७७७	५०२६८८	५७.०६
२.१ अनियमित भएको	२५५४०	१३२५०	७८१७८	२१४२७	१३८३९५	१५.७१
२.२ प्रमाण कागज पेस नभएको	२२८९०७	२४३२०	७३२७६	३६३७९	३६२८८२	४१.१९
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	०	०	४४०	९७१	१४११	०.१६
३. पेस्की	१५३६३	९४२८	१८४५०	८५०७	५१७४८	५.८८
जम्मा बेरुजु	**५३४८७७**	**५२२८७**	**१९०४७७**	**१०३२७०**	**८८०९११**	**१००**

उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन। लगती बेरुजु बाहेक नीति तथा बजेट कार्यान्वयन, स्रोतको उपयुक्त परिचालन, कार्यक्रमको उपलब्धि, आन्तरिक नियन्त्रण व्यवस्था, प्रभावकारी सेवा प्रवाहलगायतका सैद्धान्तिक बेरुजु औंल्याइएको छ।

२. **लेखापरीक्षण र बेरुजु अङ्क -** यो वर्ष ५ हजार ५२६ सरकारी निकाय, सङ्गठित संस्था, समिति र अन्य संस्था समेतको रु.९४ खर्ब ८४ अर्ब ५० करोड ९८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र बेरुजु स्थिति निम्नानुसार छः

(रु. लाखमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	सङ्ख्या	रकम	बेरुजु	बेरुजु प्रतिशत
१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	३०५०	२९१७९५३४	५३४८७७	१.८३
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	११२४	३२०२९९४	५२२८७	१.६३
३. स्थानीय तह	७२१	११०९५२३८	१९०४७७	१.७२
४. समिति र अन्य संस्था (प्रदेशतर्फ १३३ समेत)	५७७	४४७७७२८	१०३२७०	२.३१

लेखापरीक्षण गरिएका निकाय र विषय	सङ्ख्या	रकम	बेरुजु	बेरुजु प्रतिशत
जम्मा	५४७२	४७९५५४९४	८८०९११	१.८४
५. सङ्गठित तथा सङ्घीय कानुनद्वारा तोकिएका संस्था	५४	४६८८९६०४	-	-
कुल जम्मा	५५२६	९४८४५०९८	८८०९११	

सङ्गठित तथा सङ्घीय कानुनद्वारा तोकिएका संस्था ४४ को ५४ आर्थिक वर्षको रु.४६ खर्ब ८८ अर्ब ९६ करोड ४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को अतिरिक्त ४० संस्थाको ४६ आर्थिक वर्षको लागि परामर्श दिइएकोमा परामर्श दिइएका लेखापरीक्षकले रु.१८ खर्ब ३२ अर्ब ६१ करोड ८१ लाखको लेखापरीक्षण सम्पन्न गरेका छन्। सङ्गठित संस्थाको बेरुजु सम्बन्धित सङ्गठित संस्थाको बोर्डले नै फस्यौंट गर्ने भएकोले त्यस्ता संस्थाको बेरुजुको रकमगत लगत राखिएको छैन।

३. **अद्यावधिक बेरुजु** - सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रु.७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख रहेको छ। अद्यावधिक बेरुजु गत वर्ष भन्दा २.९९ प्रतिशतले बढेको छ।

(रु. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	३७५४७२५	(२९८०३)	४७४४३५	३२५०४८७	५३४८७७	३७८५३६४
प्रदेश सरकारी कार्यालयहरू	३०४८१९	०	१७४१६	२८७४०३	५२२८७	३३९६९०
स्थानीय तह	२०९२८९१	०	७८६४२	२०१४२४९	१९०४७७	२२०४७२६
समिति र अन्य संस्था (प्रदेश समेत)	११७९४७४	०	६०८०२	१११८६७२	१०३२७०	१२२१९४२
जम्मा	७३३११०९	(२९८०३)	६३१२९५	६६७००११	८८०९११	७५५१७२२

४. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.७ खर्ब ८७ अर्ब ८६ करोड ३ लाख रहेको छ।

(रु. लाखमा)

क्र.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप/घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (सङ्घ र प्रदेश)	८७१३४	(९१५३)	७७९८१
२	राजस्व बक्यौता	४७२३४९३	२३७००९१	७०९३५८४
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	६२५११	(३७३५३)	२५१५८
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	१४३३०३	१३९६७	१५७२७०
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	४९३७३७	३०८७३	५२४६१०
	जम्मा	५५१०१७८	२३६८४२५	७८७८६०३

५. **बेरुजु विश्लेषण** - सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

५.१. यो वर्ष सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति तथा अन्य संस्थासमेतको रु.९४ खर्ब ८४ अर्ब ५० करोड ९८ लाखको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.९५ अर्ब २७ करोड ८ लाख बेरुजु देखिएको छ। सोमध्ये प्रतिवेदन अवधिसम्म रु.७ अर्ब १७ करोड ९७ लाख सम्परीक्षण गराएबाट रु.८८ अर्ब ९ करोड ११ लाख बेरुजु बाँकी रहेको छ। यो वर्षसम्म फस्यौंट गर्न बाँकी अद्यावधिक बेरुजु रु.७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख छ।

५.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ बमोजिम बेरुजु फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न

पदाधिकारीको हुने र बेरुजु फर्स्यौट हुन नसकेमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतले फर्स्यौट गर्नु गराउनुपर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ३७ मा औंल्याइएको बेरुजुका सम्बन्धमा ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा दफा ३७ (४) बमोजिम लेखा उत्तरदायी अधिकृत र दफा ३७(६) बमोजिम विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। उक्त व्यवस्थाअनुसार बेरुजुको जानकारी सम्बन्धित पदाधिकारीहरूलाई दिइएको छ।

५.३. सङ्घीय सरकारी मन्त्रालय तथा निकायतर्फ यो वर्ष रकमगत बेरुजुको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	२२४४७८०८	२०९५२४	१६६३५०	४५७	३७६३३१	७०.३६	१.६८
२	भौतिक पूर्वाधार तथा यातायात	१२३९३४३	२२०७७	४४०७५	४८८१	७१०३३	१३.२८	५.७३
३	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	४५२६१८	४८२१	१०५२५	२०	१५३६६	२.८७	३.३९
४	वन तथा वातावरण	९६४२३	७४२९	५७६१	२६७	१३४५७	२.५२	१३.९६
५	सञ्चार तथा सूचना प्रविधि	१७३५४३	११५१६	१५९	३	११६७८	२.१८	६.७३
६	सहरी विकास	४३७४०७	१९९९	४९९६	१०५६	८०५१	१.५१	१.८४
७	परराष्ट्र	२२३९३२	३८	६३१२	१०८४	७४३४	१.३९	३.३२
८	ऊर्जा, जलस्रोत तथा सिंचाइ	४१६७२०	२२४६	४२५२	२८	६५२६	१.२२	१.५७
९	गृह	१२६९८९०	५४	१६३०	४०८८	५७७२	१.०८	०.४५
१०	स्वास्थ्य तथा जनसङ्ख्या	११९८२८	१८४	२९१४	२१४५	५२४३	०.९८	४.३८
११	अन्य	२३०२०२२	५१७९	७४७३	१३३४	१३९८६	२.६१	०.६१
	जम्मा	**२९१७९५३४**	**२६५०६७**	**२५४४४७**	**१५३६३**	**५३४८७७**	**१००**	**१.८३**

उल्लिखित १० मन्त्रालयमा कुल बेरुजुको ९७.३९ प्रतिशत र अन्यमा २.६१ प्रतिशत बेरुजु रहेको छ।

५.४. प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा १.६३ प्रतिशत बेरुजु र स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा १.७२ प्रतिशत बेरुजु कायम भएको छ। यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजु हुने स्थानीय तह ६८१, ५ देखि १५ प्रतिशतसम्म बेरुजु हुने ३९ र १५ प्रतिशतभन्दा बढी बेरुजु हुने स्थानीय तह एक रहेका छन्।

५.५. यो वर्ष ३ हजार ५० सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा ८९४ (२९.३१ प्रतिशत) कार्यालयमा उल्लेख्य बेरुजु देखिएन। प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १२४ निकायको लेखापरीक्षण गरिएकोमा ३२८ कार्यालय (२९.१८ प्रतिशत) मा उल्लेख्य बेरुजु देखिएन।

५.६. यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश, स्थानीय तह र समिति र अन्य संस्थासमेतको १ लाख ८७ हजार ९१४ दफा बेरुजु देखिएकोमा ९४ हजार ४३८ दफा सैद्धान्तिक र ९३ हजार ४७६ दफा लगती बेरुजु कायम भएको छ।

५.७. यो वर्ष लेखापरीक्षणको क्रममा रु.५७ करोड ६८ लाख ८८ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.९० करोड ४७ लाख ८१ हजार तथा विगतको बेरुजु सम्परीक्षणबाट रु.१३ अर्ब १५ करोड १० लाख ३० हजारसमेत रु.१४ अर्ब ६३ करोड २६ लाख ९९ हजार असुल भएको छ।

५.८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (४) ले म्याद ननाघेको पेस्की रकमलाई बेरुजु नमानिने उल्लेख छ। सरकारी निकायहरुले गत विगत वर्षदेखिको म्याद नाघेको र म्याद ननाघेको पेस्की रकम खुलाई अद्यावधिक अभिलेख नराखेको कारण पेस्कीको अवस्था विश्लेषण गर्न सकिएन।

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक उत्तरदायित्व

शासकीय प्रबन्ध

- सबै कानुन संविधान अनुकूल हुने गरी परिमार्जन वा तर्जुमा गर्नुपर्ने,
- सूचना प्रविधि, जग्गा प्राप्ति र पुरातात्विक वस्तु खरिद तथा पुनर्निर्माण सम्बन्धी खरिदमा समयानुकूल सुधार गर्नुपर्ने,
- सबै सरकारी कोषलाई संवैधानिक एवं कानुनी प्रावधानबमोजिम सञ्चालन गर्नुपर्ने,
- संघ, प्रदेश र स्थानीय तहको अधिकार बाँडफाँट र कार्यविभाजनलाई व्यवहारमा स्पष्ट पार्नुपर्ने,
- नियामक निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने,
- तालुक वा नियमनकारी निकायले प्रदान गर्ने राय/सहमतिमा एकरुपताका लागि मापदण्ड तयार गर्नुपर्ने,
- संघीयता कार्यान्वयनका लागि गठित परिषद्हरूको भूमिका प्रभावकारी बनाउनुपर्ने।

अर्थतन्त्र

- आन्तरिक उत्पादन वृद्धि गर्न स्पष्ट नीति तय गर्नुपर्ने,
- डिजिटल भुक्तानी प्रणालीको विस्तार गरी सबै आर्थिक क्रियाकलाप औपचारिक दायरामा ल्याउनुपर्ने,
- गुणस्तरीय पर्यटकीय पूर्वाधार निर्माण गरी वैदेशिक मुद्रा आर्जनमा जोड दिनुपर्ने,
- निजी र वैदेशिक लगानी आकर्षित गर्न लगानीमैत्री वातावरण बनाउनुपर्ने,
- प्रविधिमैत्री उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्ने,
- कर प्रणालीलाई पूर्वानुमानयोग्य बनाउनुपर्ने,
- जटिल र बहुदरयुक्त कर संरचनामा पुनरावलोकन गर्नुपर्ने,
- आयोजनाहरूमा दिइएको कर छुटको प्रभाव विश्लेषण गर्नुपर्ने,
- निर्यातमुखी क्षेत्रको उत्पादन र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नुपर्ने।

सार्वजनिक प्रशासन

- बहुसिपयुक्त जनशक्ति तयार गर्न पेसागत शिक्षा र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने
- सेवा आकर्षण गर्न तथा जनशक्ति व्यवस्थापन गर्न दरबन्दीमा पुनरावलोकन गर्नुपर्ने
- निकायगत जनशक्ति बढी भएमा अन्य निकायमा समायोजन गर्ने व्यवस्था मिलाउनुपर्ने
- विद्यालय शिक्षामा गुणस्तरीयता ल्याउन उत्प्रेरक कार्यसम्पादन प्रणाली लागु गर्नुपर्ने
- थप अध्ययन र परीक्षण गरी कर्मचारीमा उत्प्रेरक विधि लागु गर्नुपर्ने
- कर्मचारीको व्यावसायिक दक्षता अभिवृद्धि गर्न निश्चित सेवा अवधिपश्चात् अनिवार्य तालिम लिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्ने
- कार्यसमयमा लचकता तथा बहु कार्यालयको जिम्मेवारी दिने सम्बन्धी व्यवस्था गर्नुपर्ने
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक सचेतना अभिवृद्धि गर्नुपर्ने,
- विषय विज्ञताका आधारमा संस्थानका सञ्चालक चयन गर्नुपर्ने।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापन भरपर्दो र पारदर्शी बनाउनुपर्ने,
- मौजुदा जिन्सी सामान तथा उपकरण मर्मत गरेर उपयोग हुन नसक्ने यकिनपश्चात् मात्र नयाँ खरिद गर्नुपर्ने,
- सम्पन्न/विघटित आयोजनाका यन्त्र-उपकरण र सम्पत्तिको अभिलेख राखी अन्यत्र हस्तान्तरण गर्नुपर्ने,
- राष्ट्रिय महत्त्वका अभिलेख/दस्तावेजको डिजिटाइजेसनलगायतका विधि प्रयोग गरी सुरक्षित राख्नुपर्ने,
- सार्वजनिक र गुठी जग्गाको संरक्षण र अत्युत्तम उपयोग हुने व्यवस्था मिलाउनुपर्ने,
- मुआब्जा वितरण भइसकेका जग्गा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्नुपर्ने,
- प्राकृतिक स्रोतको नक्साङ्कन, पहिचान, अभिलेख र उपयोगको कानुनी/नीतिगत प्रबन्ध मिलाउनुपर्ने,
- निकायको कानुनी मान्यता समाप्त भएमा सोको जिन्सी र स्रेस्ता व्यवस्थापन गर्नुपर्ने।

सार्वजनिक वित्त व्यवस्थापन

- प्रतिफल दिने आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्ने,
- सामाजिक सुरक्षा कार्यक्रमको दीर्घकालीन दायित्वलाई अनुमानयोग्य बनाउनुपर्ने,
- अनुत्पादक र वितरणमुखी खर्च नियोजन गर्नुपर्ने,
- राष्ट्रिय आवश्यकता र बजेट प्रणालीभित्र समेटेर मात्र वैदेशिक सहायता स्वीकार गर्नुपर्ने,
- आन्तरिक ऋण कम लागतमा उपयोग गर्न विश्लेषण गर्नुपर्ने,
- अनुदान वितरणलाई उत्पादन र रोजगारीसँग प्रत्यक्ष जोड्नुपर्ने,
- आन्तरिक र अन्तिम लेखापरीक्षणलाई अन्तर्राष्ट्रिय मापनयोग्य बनाउनुपर्ने,
- गैरबजेटरी निकायको कारोबारसमेत समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने।

विकास व्यवस्थापन

- आवधिक योजना र दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नुपर्ने,
- आयोजना बैङ्कमा रहेका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्ने,
- आयोजना प्रमुखको सरुवा व्यवस्थित गर्नुपर्ने,
- खरिद व्यवस्थापन पारदर्शी र मितव्ययी बनाउनुपर्ने,
- उपभोक्ता समितिबाट हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्नुपर्ने,
- प्राकृतिक विपद्को प्रभाव न्यूनीकरण गर्ने प्रणाली विकास गर्नुपर्ने,
- बाह्य परामर्श लिँदा लागत-लाभ विश्लेषणका आधारमा नवीन प्रविधि, सीप र ज्ञान हस्तान्तरण हुने गरी मापदण्ड निर्धारण गर्नुपर्ने।

सूचना प्रविधि

- सूचनाको सुरक्षा गर्न र साइबर सुरक्षाको लागि सूचना प्रविधि लेखापरीक्षण गर्नुपर्ने,
- विद्युतीय प्रणाली र उपकरणको आवश्यकता पहिचान, विकास र खरिदका लागि मापदण्ड/नर्म्स तयार गर्नुपर्ने,
- सरकारी डिजिटल सेवाको सेवास्तर सम्झौता र गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्ने,
- एकीकृत डाटासेन्टर सञ्चालन गर्नुपर्ने,
- नागरिक सेवासँग प्रत्यक्ष नजोडिने निकायमा डिजिटल कार्यस्थल गर्न सक्ने व्यवस्था गर्नुपर्ने।

सुशासन

- मितव्ययिताको उदाहरण प्रस्तुत गर्ने कार्यालयलाई पुरस्कृत गर्नुपर्ने,
- कानुनबमोजिम मात्र सेवा सुविधा उपलब्ध गराउनुपर्ने,
- बेरुजुलाई जिम्मेवार व्यक्तिको कार्यसम्पादन र वृत्ति विकाससँग आबद्ध गर्नुपर्ने,
- नागरिक निगरानी, सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने,
- पदाधिकारी/कर्मचारीहरूलाई सेवाग्राहीका गुनासो र आवश्यकताप्रति जवाफदेही बनाउनुपर्ने,
- सार्वजनिक सेवा नागरिकमैत्री बनाई पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने,
- सार्वजनिक संस्थानहरूको लेखापरीक्षण नियमित रुपमा गराउनुपर्ने।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

सङ्घीय मन्त्रालय तथा निकाय

१. **सङ्घीय सञ्चित कोष -** सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार २०८१।८२ मा समग्र राजस्व, अनुदान, ऋण (आन्तरिक र बाह्य) तथा गत वर्षको नगद दाखिला र अन्य समायोजनसमेत रु.१५ खर्ब ४१ अर्ब २४ करोड १९ लाख प्राप्तिमध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थासमेतमा रु.१५ खर्ब १३ अर्ब २४ करोड ५९ लाख खर्च भई रु.२७ अर्ब ९९ करोड ६० लाख मौज्दात रहेको देखिन्छ। यो वर्षको उक्त मौज्दातमा गत वर्षसम्मको ऋणात्मक मौज्दात रु.२ खर्ब २८ अर्ब ३५ करोड ७६ लाख समायोजन गर्दा रु.२ खर्ब ३६ करोड १६ लाख ऋणात्मक मौज्दात रहेको छ। नेपाल सरकारको अन्य सरकारी कोष तथा खाताहरूमा यस वर्षको अन्त्यमा रु.१ खर्ब ७२ अर्ब ५ करोड ३३ लाख मौज्दात रहेकोमा सो समायोजन गर्दासमेत वर्षान्तमा सरकारको बैङ्क तथा नगद मौज्दात रु.२८ अर्ब ३० करोड ८३ लाख ऋणात्मक रहेको छ।

त्यस्तै नेपाल राष्ट्र बैङ्कको वित्तीय विवरणअनुसार सञ्चित कोषको मौज्दात रु.६९ अर्ब ८६ करोड ३१ लाख ऋणात्मक रहेकोमा वित्तीय विवरणमा भन्दा बैङ्क मौज्दात रु.४१ अर्ब ५५ करोड ४८ लाखले बढी रहेको देखिन्छ।

२. **समष्टिगत आर्थिक परिसूचक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १६ तथा नियमावली, २०७७ को नियम २३ बमोजिम अर्थ मन्त्रालयले समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण गर्नुपर्ने व्यवस्था बमोजिम यस वर्षका समष्टिगत आर्थिक परिसूचकको अवस्था देहायबमोजिम छन्ः

(प्रतिशतमा)

परिसूचक	२०८०।८१ को यथार्थ प्रगति	२०८१।८२ को	
		लक्ष्य (सोह्रौं योजना)	प्रगति
आर्थिक वृद्धिदर	३.६७	७.५०	४.६१
उपभोक्ता मुद्रास्फीति दर	५.४४	६	४.०६
कुल राजस्व/गार्हस्थ उत्पादन	१८.५५	२०.६२	१९.३०
कुल सरकारी खर्च/गार्हस्थ उत्पादन	२४.४१	२८.२०	२४.७८
चालु खर्च/गार्हस्थ उत्पादन	१६.२७	१७.१०	१५.६७
पुँजीगत खर्च/गार्हस्थ उत्पादन	३.३६	६.२०	३.६७
वैदेशिक अनुदान/गार्हस्थ उत्पादन	०.४२	०.३०	०.४९
वैदेशिक ऋण/गार्हस्थ उत्पादन	२.१०	३.४१	२.१०
आन्तरिक ऋण/गार्हस्थ उत्पादन	४.१०	५.१८	५.४०
व्यापार घाटा/गार्हस्थ उत्पादन	२५.२३	-	२५.००
निर्यात/गार्हस्थ उत्पादन	२.६७	-	४.५४
आयात/गार्हस्थ उत्पादन	२७.९०	-	२९.५४
बजेट घाटा/गार्हस्थ उत्पादन	७.१७	-	७.०४

स्रोतः अर्थ मन्त्रालय २०८१।८२

सोह्रौं योजनाको अन्तिम वर्ष कुल गार्हस्थ उत्पादन रु.८० खर्ब १९ अर्ब पुऱ्याउने लक्ष्य प्राप्तिको लागि वार्षिक ७.१ प्रतिशतको आर्थिक वृद्धि आवश्यक रहेको भए तापनि गत वर्ष ३.६७

प्रतिशत रहेकोमा यो वर्षको वृद्धि दर ४.६१ प्रतिशत मात्र रहेको, २०७५।७६ मा पुँजीगत खर्च कुल गार्हस्थ उत्पादनको ६.२६ रहेकोमा चालु वर्ष सोबाट घटेर ३.६७ प्रतिशत र वित्तीय व्यवस्था खर्च ३.९५ प्रतिशतबाट बढेर ४.७७ प्रतिशत पुगेको छ। गतवर्षको तुलनामा आयातमा भएको १३.२५ प्रतिशत वृद्धिले व्यापार घाटा २५ प्रतिशत वृद्धि भई रु.१५ खर्ब २७ अर्ब पुगेको र राजस्व असुली लक्ष्यको ८४.२८ प्रतिशत मात्र भएको छ। वैदेशिक सहायता प्राप्ति लक्ष्यको ७१.२० प्रतिशत तथा राजस्व छुटको दायरा बढ्दै गएको हुँदा सरकारी कोषमा चाप परेको देखिन्छ। व्यापार घाटा न्यूनीकरणका लागि कृषि र पर्यटन जस्ता तुलनात्मक लाभका क्षेत्रमा लगानी केन्द्रित गर्ने, खर्च गर्ने क्षमतामा सुधार गर्ने र राजस्व चुहावट नियन्त्रण गरी अर्थतन्त्रमा दिगोपना र आयोजना व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ।

३. **राजस्व अनुमान र असुली -** अर्थ मन्त्रालयबाट प्राप्त विवरण अनुसार विगत ३ वर्षको राजस्व लक्ष्य र असुलीको अवस्था देहायअनुसार छः

(रु. करोडमा)

विवरण	२०७९।८०			२०८०।८१			२०८१।८२		
	लक्ष्य	असुली	असुली प्रतिशत	लक्ष्य	असुली	असुली प्रतिशत	लक्ष्य	असुली	असुली प्रतिशत
आयकर	३४९०६	२५३८१	७२.७१	३६२१२	२८३४६	७८.२८	३९५३७	३०१८७	७६.३५
मूल्य अभिवृद्धि कर	३९८४७	२८६६३	७१.९३	४२५८९	३१०४६	७२.८९	३८६५२	३४१९३	८८.४६
अन्तः शुल्क	२१७२८	१४३०७	६५.८४	२०७२२	१४६३५	७०.६३	१९४९६	१७५१७	८९.८५
भन्सार महसुल	३३०५७	१८२१२	५५.०९	३०७४४	२०१०२	६५.३९	३०७३६	२३०९१	७५.१२
अन्य कर	१०७७७	१४५०२	१३४.५७	११९८७	१४१४६	११८	१३५०९	१४६३१	१०८.३१
जम्मा	१४०३१५	१०१०६५	७२.०३	१४२२५४	१०८२७५	७६.११	१४१९३०	११९६१९	८४.२८

स्रोतः अर्थ मन्त्रालय

उल्लिखित विवरणअनुसार २०८१।८२ मा रु.१४ खर्ब १९ अर्ब ३० करोड राजस्व सङ्कलनको लक्ष्य रहेकोमा रु.११ खर्ब ९६ अर्ब १९ करोड (८४.२८ प्रतिशत) असुली भएको छ। राजस्वको संरचना र लक्ष्य निर्धारणलाई वस्तुनिष्ठ बनाई लक्ष्यअनुरूप राजस्व असुली गर्नुपर्दछ।

४. **राजस्व छुट -** आर्थिक ऐन, २०८१ को दफा १८ मा नेपाल सरकारले प्रचलित कानुनबमोजिम लगाइएको दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा आंशिक वा पूर्ण रूपमा राजस्व छुट दिन सक्ने व्यवस्था छ। भन्सार महसुल ऐन २०८१, को अनुसूची ४, ५ र ६ मा पैठारी महसुल पूर्ण वा आंशिक रूपमा छुट हुने व्यवस्था रहेकोमा भन्सार विभागको तथ्याङ्क प्रणाली (आसिकुडा) को तथ्याङ्कअनुसार भन्सार राजस्वतर्फ रु.८५ अर्ब २३ करोड १६ लाख छुट भएको छ। यस्तो छुट गत वर्ष रु.७९ अर्ब ८७ करोड ३९ लाख रहेको थियो। आर्थिक ऐनबाट आन्तरिक राजस्वतर्फ समेत छुट दिएकोमा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन्।

अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार साफ्टा सुविधाअन्तर्गत मालवस्तु पैठारीमा भन्सार महसुल रु.५ अर्ब ७१ करोड ३ लाख छुट भएको छ। आर्थिक ऐन, २०८१ को दफा १८(१) अनुसार नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयबाट भन्सार महसुल ऐन, २०८१ तथा अन्तःशुल्क ऐनमा संशोधन गरी छुट दिएकोमा उक्त निर्णयबाट यो वर्ष रु.४९ करोड ६३ लाख छुट भएको छ। यसरी आर्थिक ऐनको प्रावधान प्रयोग गरी कर छुटको निर्णय भएकोमा सोको विवरण एकमुष्ट रूपमा संसदमा पेस नगरी मन्त्रालयगत प्रगतिको माध्यमबाट मात्र पेस गरेको छ। साथै सोही ऐनको दफा १८ (२) मा सरकारी निकाय, समिति तथा बोर्ड एवं १८ (३) मा वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको सम्झौताको सर्तबमोजिम यो वर्ष विभिन्न आयोजना एवं निर्माण व्यवसायी तथा सरकारी निकायलाई रु.६ अर्ब १२ करोड ७६ लाख महसुल छुट दिएको छ।

सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा कर छुट सम्बन्धमा उल्लेख नगरे तापनि खरिद सम्झौता भइसकेपछि मास्टर लिस्टमार्फत छुट लिँदा यसको प्रत्यक्ष आर्थिक लाभ आयोजनाले भन्दा निर्माण व्यवसायीले लिइरहेको र त्यस्तो रकम लागतमा समायोजन गर्ने परिपाटीसमेत न्यून रहेको देखिन्छ।

भन्सार महसुल ऐन, २०८१ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा नेपाल सरकारका विभिन्न निकायको सिफारिसमा महसुल तथा कर छुट दिने व्यवस्था रहेकोमा सिफारिस गर्ने निकायहरूले पैठारीकर्ताको योग्यता र मालवस्तुको यकिन नगरी निवेदनकै आधारमा सिफारिस गर्ने र भन्सार प्रशासनले समेत आर्थिक ऐनका प्रावधानहरूको विश्लेषण नगरी सो सिफारिसपत्रको आधारमा ऐनको प्रावधान प्रतिकूल हुने गरी महसुल छुट दिँदा राजस्व परिचालनमा असर परेको छ।

५. **राजस्व तथा साँवा ब्याज बक्यौता -** नेपाल सरकारको कुल ऋण लगानी रु.५ खर्ब २६ अर्ब ६ करोड ६३ लाख रहेकोमा उठाउन बाँकी भाखा नाघेको ऋणको साँवा गत वर्षको तुलनामा २६२.८२ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ५९ अर्ब १९ करोड ९७ लाख पुगेको छ, जुन कुल ऋण लगानीको ४९.२७ प्रतिशत हो। त्यस्तै आन्तरिक राजस्व विभागको वार्षिक प्रगति प्रतिवेदनअनुसार २०८०।८१ मा रु.२ खर्ब ५४ अर्ब ४ करोड रहेको कर बक्यौता २०८१।८२ मा ८.२७ प्रतिशतले वृद्धि भई ब्याजसमेत रु.२ खर्ब ७५ अर्ब ५ करोड रहेकोमा रु.१ खर्ब ८० अर्ब १० करोड (६५.४८ प्रतिशत)को सम्बन्धमा करदाताहरू न्यायिक पुनरावलोकनमा गएको देखिँदा बक्यौताको ठुलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको देखिन्छ। नेपाल सरकारले सार्वजनिक संस्थान, समिति, बोर्ड, कोष र स्थानीय तहमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा ब्याज रु.४ खर्ब ८ अर्ब २१ करोड रहेको छ।

भाखा नाघेको साँवा र ब्याज चुक्ता नगर्ने ८० निकायमध्ये नेपाल विद्युत प्राधिकरण, काठमाडौं उपत्यका खानेपानी बोर्ड र साना किसान विकास लघुवित्तलगायतका शीर्ष १० निकायसँग मात्रै कुल बक्यौताको ९५ प्रतिशत हिस्सा रहेको छ। आर्थिक सर्वेक्षण २०८१।८२ अनुसार मुनाफा आर्जन गरिरहेका उल्लिखित संस्थाहरूले समेत बक्यौता राखेका छन्। त्यस्ता निकायबाट समयमै साँवा ब्याज असुल उपर गर्नुपर्दछ।

६. **बजेट विनियोजन र खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमतासमेतको आधारमा गर्नुपर्ने उल्लेख छ। आर्थिक वर्ष २०८१।८२ मा सुरु बजेट रु.१८ खर्ब ६० अर्ब ३० करोड विनियोजन भएकोमा रु.१५ खर्ब १३ अर्ब २५ करोड (८१.३४ प्रतिशत) खर्च भएको छ।यस वर्ष भएको पुँजीगत खर्च मध्ये प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा क्रमशः १३, १२, २१ र ५४ प्रतिशत खर्च भएको देखिन्छ। नेपाल सरकारको कुल बजेटमध्ये २०७९।८० मा ७९.२३ प्रतिशत र २०८०।८१ मा ८१.५६ प्रतिशत खर्च भएको थियो। पुँजीगतबजेट विनियोजनको ६३.५७ प्रतिशत मात्र खर्च भएको हुँदा स्रोतको उपलब्धता र खर्च गर्न सक्ने क्षमतालाई दृष्टिगत गरी बजेट तर्जुमा यथार्थपरक बनाउनुपर्दछ।

७. **स्रोतगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१) र १०(३) मा बजेट तथा कार्यक्रमको मूल्याङ्कन, स्रोतको उपलब्धता र खर्च गर्न सक्ने क्षमताको आधारमा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था रहेकोमा अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०८१।८२ को कुल खर्च रु.१५ खर्ब १३ अर्ब २५ करोडमध्ये आन्तरिक राजस्वबाट रु.११ खर्ब ४ अर्ब ९५ करोड (७३.०२ प्रतिशत), आन्तरिक तथा वैदेशिक ऋणबाट क्रमशः रु.२ खर्ब ५३ अर्ब ९२ करोड (१६.७८ प्रतिशत) तथा रु.१ अर्ब २७ करोड २० लाख (८.४१ प्रतिशत) र अनुदानबाट रु.२७ अर्ब १८ करोड (१.७९ प्रतिशत) बेहोरिएको स्थिति छ।

स्रोतगत खर्चको विवरणबमोजिम आन्तरिक राजस्वबाट रु.७ खर्ब ८७ अर्ब १७ करोड ६७ लाख चालु र रु.१८ अर्ब २९ करोड १७ लाख पुँजीगत खर्च, आन्तरिक ऋणबाट रु.१ खर्ब ३१ अर्ब ३९ करोड ४० लाख चालु खर्च र बाह्य ऋणबाट रु.७७ अर्ब २१ करोड ४१ लाख पुँजीगत खर्च बेहोरेको देखिन्छ। चालु खर्चमा बाह्य ऋणको अंश २.४३ प्रतिशत र पुँजीगत खर्चमा ३४.४७ प्रतिशत रहेकोमा सार्वजनिक ऋणको रकम पुँजी निर्माणमा खर्च गर्नुपर्नेमा कर्मचारी सम्बन्धी खर्च, सेवा तथा परामर्श र कार्यालय सञ्चालन जस्ता चालु शीर्षकमा समेत खर्च भएको देखिन्छ।

८. **मध्यमकालीन खर्च र बजेट विनियोजन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ तथा नियमावली, २०७७ को नियम १४ बमोजिम योजना आयोग र स्रोत अनुमान समितिले निर्धारण गरेको सीमाभित्र रही अर्थ मन्त्रालयले बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। विगत ४ वर्षको बजेट सीमा र यथार्थ विनियोजनको स्थिति देहायबमोजिम छः

(रु. करोडमा)

आर्थिक वर्ष	स्रोत अनुमान समितिको सीमा	बजेट विनियोजन	मध्यावधि समीक्षाबमोजिम संशोधित	पछिल्लो बजेटबाट संशोधित	वास्तविक खर्च
२०८१।८२	१८९७७२	१८६०३०	१६९२७३	१६६२३७	१५१३२५
२०८०।८१	१६८८४०	१७५१३१	१५३०२७	१५३०३६	१३९३४०
२०७९।८०	१७४५००	१७९३८३	१५४९५०	१५०५००	१४२१३३

उल्लिखित विवरणअनुसार २०८१।८२ का लागि स्रोत अनुमान समितिले रु.१८ खर्ब ९७ अर्ब ७२ करोडको सीमा सिफारिस गरे तापनि रु.१८ खर्ब ६० अर्ब ३० करोडको बजेट विनियोजन भएको देखिन्छ। बजेट कार्यान्वयनका क्रममा अर्धवार्षिक समीक्षामार्फत लक्ष्य घटाएर रु.१६ खर्ब ९२ अर्ब ७३ करोड कायम गरे तापनि वास्तविक खर्च रु.१५ खर्ब १३ अर्ब २५ करोड अर्थात संशोधित अनुमानको ९१.०३ प्रतिशत र सुरु विनियोजनको ८१.३४ प्रतिशत रहेको छ। विगतका वर्षहरूमा पनि सुरु विनियोजनको तुलनामा वास्तविक खर्चको स्थिति न्यून रहने र पटक-पटक लक्ष्य संशोधन गर्दा बजेट तर्जुमाको आधार र कार्यान्वयन क्षमताबिच भिन्नता रहेको देखिन्छ।

९. **रकमान्तर -** यो वर्ष कुल बजेट रु.१८ खर्ब ६० अर्ब ३० करोड ३० लाखमध्ये कार्यक्रम संशोधन समेत रु.४६ अर्ब ६७ करोड ७७ लाख (२.५१ प्रतिशत) रकमान्तर भएको छ। सोमध्ये २०८२ को आषाढ महिनामा रु.१८ अर्ब २१ करोड ८९ लाख र आषाढ अन्तिम हप्तामा रु.७९ करोड १३ लाख ४६ हजार विभिन्न उपशीर्षकमा रकमान्तर गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म रकमान्तर गर्न नपाइने व्यवस्था रहेकोमा यो वर्ष पहिलो त्रैमासिक अवधिमा रु.२१ करोड २६ लाख ८७ हजार तथा अर्थ विविधबाट रु.८३ करोड ९६ लाख ५० हजार रकमान्तर तथा निकासा समेत रु.१ अर्ब ५ करोड २३ लाख ३७ हजार अर्थात् कुल रकमान्तरको २.२५ प्रतिशत रकमान्तर तथा निकासा भएको छ।

१०. **नगद योजना -** आर्थिक कार्यवधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २९ मा अर्थ मन्त्रालयले नेपाल सरकारको नगद आवश्यकतालाई विश्लेषण गरी विभिन्न निकायको समन्वयमा नगद योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयले नियमावलीको उक्त व्यवस्थाबमोजिम नगद योजना तर्जुमा गरेको पाइएन। यो वर्ष नेपाल सरकारले वैदेशिक ऋण रु.१ खर्ब २६ अर्ब ९४ करोड ७६ लाख र आन्तरिक ऋण रु.३ खर्ब २९ अर्ब ७ करोड ६३ लाख लिएको छ। सो रकमबाटसमेत प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण गरेकोमा तत् तहमा खर्च हुन नसकी सञ्चितकोषमा रु.१ खर्ब

३२ अर्ब ४४ करोड ६७ लाख मौज्दात रहेको छ। सङ्घीय सरकारले स्रोत अभाव पूर्ति गर्न ऋण लिई वित्तीय हस्तान्तरण गरेको रकम परिचालन नहुँदा आन्तरिक ऋणको औसत ३.८७ प्रतिशत ब्याजदरले वार्षिक रु.५ अर्ब ७ करोड २७ लाख अतिरिक्त ब्याज भुक्तानी गर्नुपरेको छ।

११. **ऋण लगानी -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त ऋण लगानीको विवरणअनुसार गत वर्षसम्म ९७ संस्थामा रु.४ खर्ब ८८ अर्ब ११ करोड ऋण लगानी भएको देखिन्छ। यो वर्ष रु.४० अर्ब ५८ करोड थप लगानी भएकोमा अन्य समायोजनबाट रु.२ अर्ब ६२ करोड मिलान गर्दा वर्षान्तको ऋण लगानी हिसाब रु.५ खर्ब २६ अर्ब ७ करोड रहेको देखिन्छ।

नेपाल सरकारले वैदेशिक स्रोतबाट लगानी गरेको ऋणमध्ये रु.३ खर्ब ६७ अर्ब ८८ करोड ४१ लाख फिर्ता बाँकी रहेकोमा ३६ संस्थानको रु.१ खर्ब ६३ अर्ब ८२ करोड ६ लाख साँवा र ३४ संस्थानको रु.१ खर्ब १८ अर्ब ५२ करोड ४९ लाख ब्याजसमेत कुल रु.२ खर्ब ८२ अर्ब ३४ करोड ५६ लाखको भाखा नाघिसकेको छ। संस्थानमा वैदेशिक ऋणबाट पुर्नलगानी गरेका संस्थाहरूले समयमै फिर्ता नगर्दा भाखा नाघेको साँवा र प्राप्त हुनुपर्ने ब्याज असुल हुन सकेको छैन। सरकारले विकास साझेदारलाई अन्य स्रोतबाट साँवा एवं ब्याज भुक्तानी गर्नुपरेको हुँदा सङ्घीय सञ्चित कोषमा अतिरिक्त व्ययभार परेको छ।

१२. **मूल्य अभिवृद्धि कर बाँडफाँट समायोजन -** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनको अन्तःशुल्क विभाज्य कोषमा जम्मा गरी सङ्घलाई ७० प्रतिशत र प्रदेश तथा स्थानीय तहलाई १५/१५ प्रतिशतका दरले बाँडफाँट गरिने व्यवस्थाबमोजिम यो वर्ष रु.३ अर्ब ४१ करोड ९१ लाख ११ हजार मूल्य अभिवृद्धि कर विभाज्य कोषमा दाखिला गरी तीन तहका सरकारहरूबिच बाँडफाँट गरेको छ।

सोही ऐनको दफा ६(६) बमोजिम यसरी बाँडफाँट हुने रकम वर्षको अन्तिम महिनामा हिसाब मिलान गर्नुपर्ने व्यवस्था रहे तापनि महालेखा नियन्त्रक कार्यालयले मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु बिक्री गर्दा सङ्कलन गरेको करबाट खरिदमा तिरेको कर कट्टी गर्न पाउने वा लगातार ४ महिनासम्म मिलान नभएमा फिर्ता लिन पाउने प्रावधान रहेकोमा आन्तरिक राजस्व विभागको तथ्याङ्कबमोजिम रु.५ अर्ब ५ करोड फिर्ता भएको छ। उक्त बाँडफाँट भएको रकममा फिर्ता भएको रकम समायोजन नगर्दा नेपाल सरकारलाई रु.१ अर्ब ५१ करोड ५० लाख थप दायित्व परेको छ।

१३. **वैदेशिक सहायता -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणअनुसार २०८१।८२ मा वैदेशिक अनुदान रु.५२ अर्ब ३२ करोड ६५ लाख र वैदेशिक ऋण रु.२ खर्ब १७ अर्ब ६७ करोड ३५ लाखसमेत रु.२ खर्ब ७० अर्ब प्राप्त हुने अनुमान रहेकोमा प्राविधिक सहायताबाहेक अनुदान रु.२९ अर्ब ६५ करोड २५ लाख र वैदेशिक ऋण रु.१ खर्ब २६ अर्ब ९४ करोड ७६ लाखसमेत रु.१ खर्ब ५६ अर्ब ६० करोड १ लाख प्राप्त भएको छ। बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदान ५६.६७ प्रतिशत र वैदेशिक ऋण ५८.३२ प्रतिशत प्राप्त भएको देखिन्छ।

१४. **सार्वजनिक ऋण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालय तथा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त ऋणको वार्षिक प्रतिवेदन २०८१।८२ अनुसार नेपाल सरकारको विगत ५ वर्षको कुल ऋण दायित्वको स्थिति देहायअनुसार छः

(रकम रु.करोडमा)

शीर्षक	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
वैदेशिक ऋण	९३४७०	१०२,५८५	११७२४९	१२५३२०	१४०५८३
आन्तरिक ऋण	८०२९४	९८७४५	११२९१०	११८०९०	१२६८२२
कुल ऋण	१७३७६४	२०१३३०	२३०१५९	२४३४१०	२६७४०५
कुलगार्हस्थ उत्पादन हिस्सा (प्रतिशतमा)	३९.९२	४०.४६	४३.०३	४२.६७	४३.७९

उल्लिखित विवरणअनुसार २०८१।८२ को अन्त्यसम्म नेपालको कुल सार्वजनिक ऋण रु.२६ खर्ब ७४ अर्ब ५ करोड पुगेको छ, जसमा बाह्य ऋणको हिस्सा ५२.५७ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४७.४३ प्रतिशत रहेको छ। गत वर्ष सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४२.६७ प्रतिशत रहेकोमा यो वर्ष बढेर ४३.७९ प्रतिशत पुगेको देखिन्छ। साथै, विनिमय दरको उतारचढावका कारण मात्र यो वर्ष रु.६५ अर्ब ५४ करोड थप दायित्व सिर्जना हुनुले बाह्य मौद्रिक प्रभावप्रति ऋण संरचना संवेदनशील रहेको देखिन्छ। नेपाली मुद्रा कमजोर हुँदा सार्वजनिक ऋणमा विनिमय दरको कारण २०८१।८२ को वर्षान्तसम्म रु.६५ अर्ब ५४ करोड ७९ लाख अतिरिक्त भार थपिएको छ। विदेशी मुद्रामा हुने विनिमय जोखिम व्यवस्थापन गर्न सकिने वित्तीय उपकरणको परिचालन गर्न सकिनेतर्फ पनि दृष्टिगत गरी उत्पादकत्व प्राप्त हुने क्षेत्रमा ऋण परिचालन गर्नुपर्दछ।

१५. **प्राविधिक तथा अन्य सहायता** - बजेट वक्तव्यसाथ संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा १७ सङ्घीय मन्त्रालय/निकाय अन्तर्गतका १२० आयोजना तथा कार्यक्रमको लागि यो वर्ष रु.१९ अर्ब २४ करोड ६२ लाख तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत १५४ कार्यक्रम/आयोजनाको लागि रु.२२ अर्ब २२ करोड ५० लाखसमेत रु.४१ अर्ब ४७ करोड १२ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। सरकारी निकायहरूले उक्त रकमबाट भएको खर्च आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराएको छैन। सबै सहायता बजेटमा समावेश गरी त्यस्ता सहायताबाट भएको खर्चको लेखापरीक्षण गराउनुपर्दछ।

१६. **शोधभर्ना हिसाब** - महालेखा नियन्त्रक कार्यालयले मन्त्रालयगत वैदेशिक ऋण र अनुदानको शोधभर्ना हुन बाँकी ऋण रु.१५ अर्ब ७२ करोड ७० लाख र अनुदान रु.२ अर्ब ५१ करोड ५८ लाख समेत रु.१८ अर्ब २४ करोड २८ लाख देखाएको छ। मन्त्रालयगत आयोजनामा बढी शोधभर्ना भएको अनुदान र ऋण क्रमशः रु.१४ अर्ब ४३ करोड ५ लाख र रु.२८ अर्ब ६८ करोड २४ लाख समायोजन गरी शोधभर्ना हिसाब प्रस्तुत गरेकोले उक्त रकमले शोधभर्ना हुनुपर्ने अनुदान तथा ऋण फरक परेको छ।

१७. **आवधिक योजना कार्यान्वयन** - आयोगबाट स्वीकृत सोह्रौं योजनाले राखेका अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	आधार वर्ष (२०८०।८१)	२०८१।८२ सम्मको लक्ष्य	२०८१।८२ को यथार्थ उपलब्धि
१	वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)	३.३६	६	३.९९
२	प्राथमिक क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	३.३५	३.३	३.२५
३.	द्वितीय क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	-०.०३	४.७	४.६५
४.	तृतीय क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.३५	४.२	४.२१
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	५.४४	५.७५	५.३०
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१४६७	१५१७	१५१७
७.	निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत)	२०.३	१६	२०.२७
८.	मानव विकास सूचकाङ्क	०.६०५	०.६१८	०.६२२

क.सं.	सूचक	आधार वर्ष (२०८०।८१)	२०८१।८२ सम्मको लक्ष्य	२०८१।८२ को यथार्थ उपलब्धि
९.	अपेक्षित आयु (जन्म हुँदाको समयमा,वर्ष)	७१.०	७१.९	७१.०
१०.	साक्षरता दर (५ वर्ष माथि, प्रतिशत)	७६.२	८०	७७.५
११.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	३२४३	४५००	३९६०
१२.	विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत)	९७	१००	९७.१
१३.	इन्टरनेट सेवामा पँहुच प्राप्त जनसङ्ख्या (प्रतिशत)	६९.२	७८	७४.०

स्रोतः सोह्रौं योजना, मध्यमकालीन खर्च संरचना २०८१।८२

उल्लिखित विवरणअनुसार सोह्रौं योजनाको पहिलो वर्षमा समग्र आर्थिक वृद्धिदरको लक्ष्य ६ प्रतिशत रहेकोमा प्रगति ३.९९ प्रतिशत रहेको छ। क्षेत्रगत रूपमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धि दरको लक्ष्य क्रमशः ३.३, ४.७ र ४.२ प्रतिशत रहेकोमा प्रगति ३.२५ प्रतिशत, ४.६५ प्रतिशत र ४.२१ प्रतिशत रहेको छ। अपेक्षित आयु ७१.९ वर्ष, साक्षरता दर ८० प्रतिशत, विद्युत उत्पादन (जडित क्षमता) ४ हजार ५०० मेगावाट, विद्युतमा पहुँच प्राप्त परिवार शतप्रतिशत, इन्टरनेट सेवामा पहुँच प्राप्त जनसङ्ख्या ७८ प्रतिशत पुग्ने लक्ष्य रहेकोमा क्रमशः ७१ वर्ष, ७७.५ प्रतिशत, ३ हजार ९६० मेगावाट, ९७.१ प्रतिशत र ७४ प्रतिशत उपलब्धि हासिल भएको छ।

१८. **दिगो विकास लक्ष्य प्रगति** - दिगो विकास लक्ष्यहरूको २०२२ सम्मको उपलब्धि, २०३० को लक्ष्यको तुलनामा उपलब्धि तथा २०३० सम्म हासिल गर्न सकिने सम्भावित उपलब्धिको अवस्था देहायबमोजिम छः

क.सं.	विवरण	२०२२ सम्मको प्रगति अवस्था (प्रतिशत)		२०३० सम्म हासिल गर्न सकिने अनुमानित प्रगति (प्रतिशत)
		२०२२ को लक्ष्यको तुलनामा	२०३० को लक्ष्यको तुलनामा	
१.	गरिबी अन्त्य	७८.१	५४.१	७८.६
२.	शून्य भोकमरी	६८.३	४४.९	७१.५
३.	राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर	४८.७	४१.५	५६.८
४.	गुणस्तरीय शिक्षा	६६.१	४३.९	७१.१
५.	लैङ्गिक समानता	५७.९	३८.०	५८.१
६.	स्वच्छ पानी र सरसफाइ	६३.५	३६.३	५७.८
७.	खर्चले धान्न सकिने स्वच्छ ऊर्जा	६३.५	३९.५	७०.१
८.	मर्यादित काम र आर्थिक वृद्धि	३१.५	१९.७	३४.७
९.	उद्योग प्रवर्धन र पूर्वाधार	४१.०	३०.४	४२.०
१०.	असमानता घटाउने	७२.५	४४.८	७२.३
११.	सहरहरू र समुदायको दिगोपना	९७.२	७६.१	८९.०
१२.	उपभोग र उत्पादनमा जिम्मेवारीपन	३८.६	२९.५	४३.१
१३.	जलवायुसम्बन्धी कार्य	५५.३	४३.४	५३.९
१४.	पानीमुनिको जीवन	-	-	-
१५.	भूसतहको जीवन	६९.३	५९.९	६७.५
१६.	शान्ति, न्याय र सुदृढ संस्थाहरू	५७.४	३५.८	५५.१
१७.	लक्ष्यहरूको निमित्त साझेदारी	३४.९	२२.३	३७.७
	जम्मा	**५८.६**	**४१.७**	**६०.५**

स्रोतः दिगो विकास लक्ष्यको स्वेच्छिक राष्ट्रिय मूल्याङ्कन, २०२४

उल्लिखित विवरणबमोजिम सन् २०२२ सम्मको लक्ष्यको आधारमा प्रगति ५८.६ प्रतिशत रहेको छ।

१९. **राष्ट्रिय गौरवका आयोजना** - नेपाल सरकारले २०६८।६९ मा समृद्ध नेपालको लागि सडक पूर्वाधार विकासको आधारशीला निर्माण गर्ने, सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, जलविद्युत, विमानस्थल निर्माण, खानेपानी व्यवस्था, सांस्कृतिक सम्पदाको संरक्षण लगायतका क्षेत्रमा

महत्त्वपूर्ण देखिएका १७ आयोजनालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न राष्ट्रिय गौरवका आयोजना घोषणा गरेको छ। यो वर्षसम्म यस्ता आयोजनाको संख्या २७ पुगेको देखिन्छ। राष्ट्रिय गौरवका आयोजनाहरूको २०८१।८२ सम्मको खर्च र प्रगति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

क्र. सं.	आयोजनाको नाम	सुरु वर्ष	सम्पन्न हुने वर्ष	शंसोधित लागत अनुमान	गत बर्ष सम्मको खर्च	यो वर्षको खर्च	हालसम्मको खर्च	भौतिक प्रगति प्रतिशत
१	माथिल्लो तामाकोशी जलविद्युत आयोजना	२०६७।६८	सम्पन्न	४९२९	५२९८	०	५२९८	सम्पन्न
२	गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	२०८०।८१	सम्पन्न	२०७८.७९	३०९१	२९९३	--	सम्पन्न
३	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२०७४।७५	सम्पन्न	२४८६	२४५८	-	२४५८	सम्पन्न
४	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना	२०६४।६५	२०८४।८५	८४३३	६९१७	३१७	७२३४	८१.७३
५	रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना	२०६५।६६	नखुलेको	१४२५००	३३४५	७७	३४२२	नखुलेको
६	कर्णाली कोरिडोर (खुलालु-हिल्सा-सिमिकोट-सलिसल्ला)	२०६९।७०	२०८४।८५	१८६६	२५२	७७	३२९	२०.७५
७	कोशी कोरिडोर (खाँदबारीदेखि किमाथांका)	२०६५।६६	२०८५।८६	१६२०	५५८	११०	६६८	४५.०
८	कालीगण्डकी कोरिडोर (गैंडाकोट कोरला सडक खण्ड)	२०६६।६७	२०८३।८४	३५७९	१९०४	३०५	२२०९	८२.४३
९	हुलाकी लोकमार्ग आयोजना	२०६६।६७	२०८३।८४	१०१६३	६४८७	६९७	७१८४	७२.७५
१०	रानी जमरा कुलरिया सिँचाइ आयोजना	२०६७।६८	२०८२।८३	२७७०.२४	२००३.६८	१५५	२१५८.६८	७४.७६
११	सिक्टा सिँचाइ आयोजना	२०६१।६२	२०८९।९०	५२८९	२१४८.४७	१४३	२२९१.४७	४४.२३
१२	बबई सिँचाइ आयोजना	२०४५।४६	२०८२।८३	१८९६.३०	१३४३.९२	२३७	१५८०.९२	८२.२७
१३	महाकाली सिँचाइ आयोजना	२०६३।६४	२०८७।८८	३५००	८०२.०५	१५६	९५८.०५	२६.६५
१४	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना (भेरी करिडोर सिँचाइ बाहेक)	२०६८।६९	२०८४।८५	३३१९.६६	१६५०	१९६	१८४६	६९
१५	बुढीगण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८५।८६	३९८०२	४२६५	२४६	४५११	१६.५५
१६	सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०७३।७४	२०८५।८६	४९४२.३१	१५३६.४९	१२१	१६५७.४९	३६.८३
१७	पश्चिम सेती जलविद्युत आयोजना	प्रस्तावित सन २०२५	प्रस्तावित सन् २०३०	२७३८५				सुरु नभएको
१८	पशुपति क्षेत्र विकास कोष	२०७०।७१	निरन्तर	२२७	३६९	नखुलेको	-	७८
१९	लुम्बिनी विकास कोष	२०६९।७०	२०८३।८४	१३२६	८३१	४४	८७५	८९
२०	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	२०७१।७२	२०८५।८६	१६५००	१०६	२	१०८	सुरु नभएको
२१	मेलम्ची खानेपानी आयोजना (दोस्रो चरणसमेत)	२०५५।५६	२०८७।८८	२८७९	३१९१	४४	३२३५	पहिलो चरणको ९९ प्रतिशत दोस्रो चरण १२.४७ प्रतिशत
२२	काठमाडौं तराई मधेश द्रुतमार्ग	२०६४।६५	२०८३।८४	२११९३	६७११	१३४५	८०५६	४२.१३
२३	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति	२०७१।७२	२०९३।९४	२४९७२	१४९६	९१.२४	१५८७.२४	६.३९
२४	विद्युत प्रसारण आयोजना (डलर मिलियन)	२०७४।७५	२०८५।८६	६९७	६१.३७	३६.७८	९८.१५	११.२७
२५	मूलपानी क्रिकेट एकेडमी तथा रंगशाला	२०८०।८१	नखुलेको						
२६	गिरिजा प्रसाद कोइराला क्रिकेट रंगशाला	२०८०।८१	२०८५।८६	नखुलेको				
२७	गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला	२०८०।८१	नखुलेको					

पुनश्चः *पश्चिम सेती जलविद्युत आयोजना र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको कार्य हालसम्म सुरुवात हुन सकेको छैन।*

राष्ट्रिय योजना आयोगको विवरणअनुसार यो वर्ष सम्म २७ राष्ट्रिय गौरवका आयोजनाको संशोधित लागत अनुमान रु.२४ खर्ब १५ अर्ब ६ करोड ९७ लाख र ६९.७ करोड डलर रहेकोमा २०८१।८२ सम्म सम्पन्न भएका गौतमबुद्ध विमानस्थल, माथिल्लो तामाकोशी जलविद्युत आयोजना र पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल बाहेकमा हालसम्म रु.५ खर्ब ४ अर्ब ५५ करोड खर्च भएको देखिन्छ। राष्ट्रिय गौरवका २७ आयोजनामध्ये सम्पन्न भएका ३ आयोजना, समष्टिगत भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा माथि हासिल गर्ने ५ आयोजना, ५० देखि ८० प्रतिशत हासिल गर्ने ४ आयोजना रहेका छन् भने ५० प्रतिशतभन्दा न्यून प्रगति हासिल गर्ने आयोजना ९ तथा भौतिक प्रगति नखुलेका ४ आयोजना तथा सुरु नभएका २ आयोजना रहेका छन्। आर्थिक वर्ष २०७८।७९ सम्म सम्पन्न गर्नपर्ने अवधि रहेको पशुपति क्षेत्र विकास कोषको हालसम्मको प्रगति खुलासा गरेको छैन भने सम्पन्न हुने अवधि समेत तोकिएको छैन। अधिकांश आयोजनाहरू कार्यक्षेत्र थप गर्दै जाने तथा सुरु निर्माण सम्पन्न गर्नुपर्ने अवधिमा सम्पन्न नभई म्याद थप गर्दै लगेको देखिन्छ। तोकिएको अवधिमा सम्पन्न हुने गरी आयोजना व्यवस्थापन हुनुपर्दछ।

२०. **रूपान्तरणकारी आयोजना** - सरकारले आर्थिक क्षेत्रका ५, सामाजिक क्षेत्रका ४, पूर्वाधार क्षेत्रका ७ र लोकतन्त्र र सुशासन क्षेत्र १ समेत १७ आयोजनालाई रूपान्तरणकारी आयोजना तथा कार्यक्रमको रूपमा सञ्चालन गरेको छ। सोमध्ये शिक्षा क्षेत्रको सार्वजनिक विद्यालय सबलीकरण आयोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रमको समष्टिगत भौतिक प्रगति क्रमशः ८१ र ८८ प्रतिशत एवं गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुबेसी-रसुवागढी सडक आयोजनाको भौतिक प्रगति ६४ प्रतिशत रहेकोछ। राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन कार्यक्रमअन्तर्गतको भेरी कोरिडोर ४०० के.भी. र तमोर करिडोर ४०० के.भी. प्रसारण लाइन आयोजनाको समष्टिगत भौतिक प्रगति क्रमशः १२.३ प्रतिशत र २७.७ प्रतिशत रहेको छ। पटक-पटक म्याद थप भई २०८१।८२ मा निर्माण सम्पन्न हुनुपर्नेमा समृद्धिका लागि वन, जग्गा प्रशासन सुदृढीकरण, स्वास्थ्य संस्था तथा सेवा विस्तार, सार्वजनिक विद्यालय सबलीकरण आयोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रम र राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रमसहित ६ आयोजना यो वर्षसम्म पनि सम्पन्न भएको छैन। यस्ता आयोजनाहरूको मध्यावधि समीक्षा गरेको पाइएन। अनुगमनलाई प्रभावकारी बनाई देखिएका समस्या समाधान गर्न आयोगले भूमिका खेल्नुपर्ने देखिन्छ।

२१. **समपूरक र विशेष अनुदान** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई समपूरक तथा विशेष अनुदान प्रदान गर्ने व्यवस्था छ। सङ्घीय विशेष अनुदानमार्फत प्रदेश सरकारबाट सञ्चालन हुने क्रमागततर्फ कुल ३८ आयोजना/कार्यक्रमका लागि रु.३ अर्ब १८ करोड १२ लाख विनियोजन सिफारिस गरिएको छ भने नयाँतर्फ कुल १४ आयोजना/कार्यक्रमका लागि रू.१ अर्ब २१ करोड ८८ लाख र स्थानीय तहतर्फ कुल ५३८ आयोजना/कार्यक्रमका लागि रु.८ अर्ब ५० करोडसमेत रु.१२ अर्ब ९० करोड विनियोजन सिफारिस गरिएको छ।

त्यसै गरी सङ्घीय समपूरक अनुदानमार्फत प्रदेश सरकारबाट सञ्चालन हुने क्रमागततर्फ कुल ४० आयोजना/कार्यक्रमका लागि रू.३ अर्ब ९३ करोड ५० लाख, नयाँतर्फ कुल १९ आयोजना/कार्यक्रमका लागि रू.२ अर्ब २६ करोड ५० लाख विनियोजन सिफारिस गरिएको छ। स्थानीय तहतर्फ कुल ५८७ आयोजना/कार्यक्रमका लागि रू.७ अर्बसमेत रु.१३ अर्ब २० करोड विनियोजन सिफारिस गरेको देखिन्छ। पुराना कार्यक्रम समयमा सम्पन्न नभई क्रमागत योजनाको रूपमा रहिरहने र हरेक वर्ष नयाँ योजना थपिँदा सरकारको आर्थिक दायित्व बढ्दो क्रममा रहेको देखिन्छ।

२२. **आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत -** सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम प्रवाह गरिने कर्जाको ब्याज अनुदानका लागि अर्थ मन्त्रालयले २०८१।८२ मा नेपाल राष्ट्र बैङ्कलाई रु.५ अर्ब ५० करोड निकासा गरेकोमा वर्षान्तमा रु.२ अर्ब २ करोड ३६ लाख उपयोग नभई निष्क्रिय रहेको देखिन्छ। विगत वर्षको बाँकी मौज्दात रु.८ अर्ब ८१ करोड १७ लाखको पूर्ण उपयोग वा थप वितरणको यथार्थ विश्लेषण नगरी राष्ट्र बैङ्कबाट माग भएको आधारमा थप निकासा दिएको देखिन्छ। यसरी अनुदान रकम फिर्ता नगरी बैङ्कमा निष्क्रिय राख्दा आन्तरिक ऋणको औसत ३.८७ प्रतिशत ब्याजदरले सरकारलाई रु.७ करोड ८३ लाख १३ हजार थप वित्तीय भार परेको छ।

साथै, उक्त कार्यविधिको दफा १० र १३ ले भाखा नाघेका कर्जामा अनुदान दिन नपाइने व्यवस्था गरे तापनि नेपाल राष्ट्र बैङ्कबाट म्याद नाघेका कर्जाको अद्यावधिक विवरण प्राप्त नहुँदा त्यस्ता कर्जामा समेत अनुदान प्रवाह हुन सक्ने जोखिम कायम रहेको छ। वाणिज्य बैङ्क, विकास बैङ्क र वित्त कम्पनीहरूको औसत आधार दरमा उल्लेख्य अन्तर रहे तापनि प्रतिस्पर्धा र प्राथमिकताका आधारमा अनुदान छनोट गर्ने संयन्त्रको अभाव रहेको, कार्यविधिको दफा १३(५) बमोजिमको अनुगमन प्रतिवेदनको अभावमा कर्जाको वास्तविक सदुपयोगिता यकिन हुन नसकेको र बजेट वक्तव्य २०८१।८२ मा उल्लेख भए बमोजिम कार्यक्रमको पुनर्संरचनासमेत भएको पाइएन।

२३. **करको दायरा -** आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२ र अन्तःशुल्क ऐन २०५८ मा पेशा, व्यवसाय वा कारोबार गर्दा तोकिएबमोजिम दर्ता हुनुपर्ने तथा इजाजत लिनुपर्ने व्यवस्था छ। करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या निम्नानुसार छः

विवरण	२०७८।७९ सम्म	२०७९।८० सम्म	२०८०।८१ सम्म	२०८१।८२ मा थप	२०८१।८२ सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१७६२४१३	१८७६३०५	२०२७६८२	११८१३८	२१४५८२०
व्यक्तिगत स्थायी लेखा नम्बर	३०५०३०४	३६४९६१४	४२६७१४६	६५३२४३	४९२०३८९
अग्रिम कर स्थायी लेखा नम्बर	१८०९४	२८१०७	३३३३०	२५५२	३५८८२
जम्मा	**४८३०८११**	**५५५४०२६**	**६३२८१५८**	**७७३९३३**	**७१०२०९१**
मूल्य अभिवृद्धि करमा दर्ता	२९१३६१	३०८४७७	३३५०१७	२४६४३	३५९६६०
अन्तः शुल्क इजाजतपत्र	१३११२७	११६६७५	१३७२५९	२४४६५	१६१७२४

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार २०८०।८१ को तुलनामा यो वर्ष व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा १२.२३ प्रतिशत र मूल्य अभिवृद्धि करतर्फ ७.३६ प्रतिशत वृद्धि भएको तथा अन्तःशुल्क इजाजतपत्र नवीकरण गर्ने करदाता गत वर्षको तुलनामा १७.८२ प्रतिशत रहेको देखिन्छ। व्यक्तिगत स्थायी लेखा नम्बर लिनेको सङ्ख्या २०८१।८२ को अन्त्यसम्म ४९ लाख २० हजार र अग्रिम कर स्थायी लेखा नम्बर लिएका ३६ हजार रहेका छन्। पेसागत व्यक्तिहरू आंशिक रूपमा मात्र करको दायरामा आएकोले पेसाविद्हरूलाई करको दायरामा ल्याई अनिवार्य आय विवरण पेस गर्ने स्वचालित प्रणालीको विकास भएको छैन।

२४. **कर परीक्षण -** आयकर ऐन, २०५८ को दफा १०१ मा विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागबाट प्राप्त तथ्याङ्कअनुसार २०८१।८२ मा करपरीक्षणतर्फ गत वर्षको जिम्मेवारी सरेका ४ हजार ९४३ र यो वर्ष छनोट भएका २ हजार २७१ समेत ७ हजार २१४ फाइलको कर परीक्षण गर्नुपर्नेमा ३ हजार ९५७ फाइलको कर परीक्षण सम्पन्न गरेको देखियो। कर परीक्षणको विगत ४ वर्षको विवरण निम्नानुसार छः

आर्थिक वर्ष	जिम्मेवारी सरी आएको सङ्ख्या	यो वर्ष छनोट सङ्ख्या	कर परीक्षण गर्नुपर्ने सङ्ख्या	यो वर्ष सम्पन्न सङ्ख्या	अर्को वर्ष जिम्मेवारी सारेको सङ्ख्या
२०७८।७९	२२९०	१७००	३९९०	६०९७	-
२०७९।८०	२३३९	४२००	६५३९	५२७६	१२६३
२०८०।८१	४३८०	४२००	८५८०	४४५०	४१३०
२०८१।८२	४९४३	२२७१	७२१४	३९५७	३२५७

यो वर्ष परीक्षण गर्नुपर्ने फाइलमध्ये ३ हजार ९५७ (५४.८५ प्रतिशत) फाइलको कर परीक्षण भई बाँकी ३ हजार २५७ फाइल (४५.१५ प्रतिशत) आगामी वर्षको लागि जिम्मेवारी सरेको छ। व्यावसायिक स्थायी लेखा नम्बर लिएका कुल करदाता २१ लाख ४५ हजार ८२० मध्ये यो वर्ष ०.१८ प्रतिशत करदाताको कर परीक्षण भएको छ। आयकर ऐन, २०५८ को दफा १०१ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० मा जालसाजीको कारण बाहेक अन्य अवस्थामा ४ वर्षभित्र कर परीक्षण सम्पन्न गर्नुपर्ने उल्लेख छ। यस वर्ष ठुला करदाता कार्यालयले ४०३ फाइल परीक्षण गरेकोमा उक्त परीक्षणबाट रु.१० अर्ब १९ करोड ३६ लाख ४ हजार कर निर्धारण भएको देखिन्छ। जसमध्ये २०७७।७८ सम्मका म्याद जाने फाइलहरू १७९ रहेको र सो बाट रु.९ अर्ब १९ करोड ६४ लाख ४८ हजार कर निर्धारण भई कुल कर निर्धारणको ९०.२२ प्रतिशत म्याद जाने करदाताको फाइलबाट कर निर्धारण भएको छ। समयमा संशोधित कर निर्धारण नहुँदा करदातालाई ब्याज, शुल्क तथा जरिबानाको भार कुल करको तुलनामा ५७.०३ प्रतिशत रहेको देखिन्छ।

कर परीक्षणका लागि फाइल छनोट गर्ने एवं कर परीक्षण प्रणालीको प्रचलित व्यवस्थामा पुनरावलोकन गरी क्षेत्रगत रूपमा अधिक जोखिम भएका करदाताको निश्चित अवधिभित्र कर परीक्षण हुने प्रबन्ध गरिनुपर्दछ।

२५. **मूल्य अभिवृद्धि कर विवरण** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर विवरण पेस गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको विगत ५ वर्षको मूल्य अभिवृद्धि कर कार्यान्वयनको स्थिति निम्नानुसार छः

विवरण	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
डेबिट विवरण (प्रतिशत)	१०.९३	११.३१	१६.२१	१७.०२
क्रेडिट विवरण (प्रतिशत)	५८.५३	५८.७७	५९.५९	६२.४१
शून्य विवरण (प्रतिशत)	३०.५४	२९.९२	२४.२०	२०.५७
आषाढमा डेबिट (रु.अर्बमा)	१५.६५	१४.१८	१७.३०	३२.८३
आषाढमा क्रेडिट (रु.अर्बमा)	७०.०१	६९.८५	८८.८६	८९.५५
क्रेडिट/ डेबिट अनुपात	४.४७:१	४.९२:१	५.१४:१	२.७३:१

आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार यो वर्षको वर्षान्तमा मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ रु.३२ अर्ब ८३ करोड डेबिट विवरण तथा रु.८९ अर्ब ५५ करोड क्रेडिट विवरण पेस गरेको छ। करदाताले फिर्ता पाउने उल्लेख गरेको रकम प्रत्येक वर्ष बढ्दै गएकोमा आन्तरिक राजस्व विभागले यस्तो सम्भावित दायित्वको अभिलेख अद्यावधिक गरेको छैन। गत वर्षको तुलनामा यो वर्ष डेबिट विवरण र क्रेडिट विवरण बुझाउनेको सङ्ख्या वृद्धि भएको, २०८०।८१ मा कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको योगदान २४.४१ प्रतिशत रहेकोमा २०८१।८२ मा २५.१६ प्रतिशत रहेको देखियो।

२६. **दूरसञ्चार राजस्व -** दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा दूरसञ्चार सेवा प्रदान गर्न अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त विवरणअनुसार विभिन्न ४५ दूरसञ्चार सेवा प्रदायकले पेस गरेको २०८०।८१ को वित्तीय विवरणअनुसार कुल आय रु.८ अर्ब ८४ करोड २१ लाखको ४ प्रतिशतले बुझाउनुपर्ने रोयल्टी रु.३५ करोड ३६ लाख ८४ हजार र जरिवाना दाखिला नगरेको हुँदा सो रकम असुल गर्नुपर्दछ। त्यस्तै दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्नेमा यो वर्ष १ सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुरबापत रु.७३ करोड ४४ लाख दाखिला गर्न बाँकी देखिएकोले थप दस्तुरसमेत यकिन गरी असुल गर्नुपर्दछ।

२७. **इजाजतपत्र र प्रसारण शुल्क -** राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ मा कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुने रकम प्रसारण शुल्कबापत नेपाल सरकारलाई बुझाउनुपर्ने तथा नियम १६ मा प्रसारण इजाजतपत्रको म्याद भुक्तान भएपछि इजाजतपत्र नवीकरण गर्न आएमा दशदेखि शतप्रतिशतसम्म जरिबाना लिई नवीकरण गर्न सक्ने, सो समयभित्र पनि नवीकरण नगराएमा इजाजतपत्र स्वतः रद्द हुने व्यवस्था छ। सूचना तथा प्रसारण विभागबाट प्राप्त प्रगति विवरणअनुसार यो वर्षसम्म २४९ टेलिभिजन संस्थामध्ये १५३ टेलिभिजन संस्थाले इजाजतपत्र नवीकरण गराएका छैनन्। इजाजतपत्र नवीकरण नगराएका मध्ये सम्बन्धित संस्थाको वित्तीय विवरणमा उल्लेख भएअनुसार ७ संस्थाले प्रसारण कार्य नियमित रूपमा जारी राखेको पाइएकोले कानुनको दायरामा ल्याई प्रसारण, नवीकरण शुल्क र जरिबानासमेत रु.४ करोड ३० लाख असुल गर्नुपर्दछ।

२८. **ग्रामीण दूरसञ्चार दस्तुर तथा ब्याण्डविथ शुल्क -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा अनुमति प्राप्त व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने र दस्तुर जम्मा नगरेमा प्रत्येक महिना २ प्रतिशतका दरले जरिबाना असुल गर्नुपर्ने व्यवस्था छ। नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमति प्राप्त २६१ सेवा प्रदायकमध्ये १३ सेवा प्रदायकले २०८०।८१ को दस्तुरयोग्य वार्षिक आय रु.८ अर्ब १० करोड ९५ लाखको २ प्रतिशतले हुने शुल्क रु.१६ करोड २१ लाख र सोको जरिबाना यकिन गरी कोषमा दाखिला गरेका छैनन्।

त्यस्तै दूरसञ्चार ऐन, २०५३ को १३ (झ) मा अनुमति प्राप्त व्यक्तिले दूरसञ्चार सेवा उपलब्ध गराए बापत लिने शुल्क तथा ऐनको दफा ४२ मा त्यस्तो सेवा शुल्कको दर प्राधिकरणबाट स्वीकृत भएको हुनुपर्ने उल्लेख छ। प्राधिकरणले विभिन्न मितिमा सेवा प्रदायकलाई सेवा शुल्क स्वीकृत गरेकोमा ब्याण्डविथ प्याकेज मर्मत शुल्क र इन्टरनेट शुल्क छुट्याई महसुल दर तोकेको देखिएन। प्राधिकरणले ब्याण्डविथ प्याकेजमा मर्मत शुल्क र इन्टरनेट शुल्क स्पष्ट गर्ने कानुनी व्यवस्था गरी स्वीकृत प्याकेजभन्दा फरक ब्याण्डविथ प्याकेज बनाई सेवाप्रदायकले उपभोक्तालाई बिक्री गरे नगरेको सम्बन्धमा प्राधिकरणले अनुगमन गर्नुपर्दछ।

२९. **पर्वतारोहण रोयल्टी -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा पर्वतारोहणबाट प्राप्त रोयल्टी सङ्घीय विभाज्य कोषमा जम्मा गरी नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई बाँडफाँट गरिने उल्लेख छ। मन्त्रीपरिषद्को २०७५।४।१० को निर्णयबाट २०८०।४।९ सम्मको लागि देशभरका ६ हजार मिटर उचाइसम्मका २७ हिमचुलीको रोयल्टी दस्तुर सङ्कलन गर्न नेपाल पर्वतारोहण सङ्घलाई जिम्मेवारी दिएकोमा २०८०।७।२३ मा उक्त अवधि पुनः ५ वर्षको लागि थप गरिएको छ।

नेपाल पर्वतारोहण सङ्घबाट रोयल्टीबापत यो वर्ष रु.१२ करोड २० लाख २६ हजार प्राप्त भएको छ। सङ्घले समयमै रोयल्टी विभाज्य कोषमा दाखिला नगरी ढिला गरी दाखिला गर्ने र विवरण समेत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा ढिला पठाउने गरेको देखिन्छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त विवरणअनुसार गत विगत वर्षको रु.९ करोड ६३ लाख २६ हजार रोयल्टीसमेत उक्त सङ्घले बुझाउन बाँकी रहेकोले सो रोयल्टी असुल गर्नुका साथै रोयल्टी रकम समयमै दाखिला गराउनु पर्दछ।

३०. **लगानी तथा दायित्व -** काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १२ अनुसार प्राधिकरणले जग्गा विकास आयोजनको लागि नेपाल सरकार, अर्थमन्त्रालयबाट ४ प्रतिशतका दरले ब्याज तिर्ने गरी ऋण लिएकोमा २०८२ आषाढ मसान्तसम्म लिएको ऋण रु.१ अर्ब ६० करोड ६४ लाखसमेत रु.१ अर्ब ६० करोड ६४ लाख ८८ हजार साँवा र हालसम्मको ब्याज रु.६२ करोड ३३ लाख ५९ हजारमा २०७५।७६ मा रु.१४ करोड र २०८१।८२ मा ५ करोड गरी रु.१९ करोड भुक्तानी गरेकोले हालसम्म तिर्न बाँकी साँवा र ब्याज रु.२ अर्ब ३ करोड ९८ लाख रहेको छ।

त्यस्तै उक्त ऋणबाट २०८१।८२ को आषाढ मसान्तसम्म विभिन्न १२ आयोजनामा लगानी गरेकोमा ती आयोजनाबाट साँवा रु.९६ करोड ११ लाख ७७ हजार र ब्याज रु.५३ करोड ५५ लाख ९८ हजारसमेत रु.१ अर्ब ४९ करोड ६७ लाख ७५ हजार प्राप्त गर्न बाँकी रहेको हुँदा लगानी रकम समयमै प्राप्त गर्ने तथा सरकारलाई फिर्ता गर्नुपर्दछ।

३१. **रोयल्टी बक्यौता -** विद्युत ऐन, २०४९ को दफा ११ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको १५ वर्षसम्म प्रति जडित किलोवाट वार्षिक रु.१०० र प्रति युनिट किलोवाट घण्टा सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले र उक्त अवधिपछि प्रति जडित किलोवाट वार्षिक रु.१ हजार र प्रति युनिट किलोवाट घण्टा सरदर बिक्री मूल्यको १० प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। विद्युत विकास विभागको विवरणअनुसार २०८२ चैत्र ६ सम्म १४९ आयोजनाबाट रु.१८ करोड ४६ लाख ४७ हजार बक्यौता असुल गर्न बाँकी रहेको देखिन्छ। नियमानुसार आयोजनाले तिर्नुपर्ने रोयल्टी यकिन गरी असुल गर्नुपर्दछ।

३२. **ट्र्याकिङ्ग प्रणाली -** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३(ग) मा कानुनबमोजिम एक स्थानबाट अर्को स्थानमा मालसामान ओसार-पसार गर्नुपूर्व ढुवानी गरिने मालसामानको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरेर मात्र ओसार-पसार गर्नुपर्ने व्यवस्था छ। यस प्रणालीमा २ लाख ९९ हजार प्रयोगकर्ता दर्ता भएकोमा यो वर्ष राजस्व अनुसन्धान विभागले ट्र्याकिङ्ग प्रणालीको प्रयोग नगर्ने १ हजार २ फर्मबाट रु.४ करोड ४४ लाख जरिबाना असुल गरेको छ। आसिकुडा र मालवस्तु ढुवानी साधनको अनुगमन प्रणालीबिच स्वचालित रूपमा अन्तर आबद्धता कायम गरी प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्दछ।

३३. **प्रतिवेदन कार्यान्वयन -** सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा एसिया प्रशान्त समूहले २०८२ जेठ ३० (१३ जून, २०२५) मा जारी गरेको फलो अप प्रतिवेदन अनुसार प्राविधिक अनुपालनातर्फ ४० सिफारिसमध्ये ५ पूर्ण पालना, १३ अधिकांश पालना, १६ आंशिक पालना र ३ सुझाव पालना नभएको उल्लेख छ। उक्त समूहले १३ फेब्रुवरी, २०२५ (२०८१ फाल्गुन १) मा सार्वजनिक गरेको पारस्परिक मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरेका कमजोरीमध्ये यस अवधिमा ७ सिफारिसमा मात्र प्रगति देखिएको छ। उक्त सिफारिसको आंशिक मात्र पालना भएबाट विद्यमान अवस्थामा उच्च जोखिमका क्षेत्रहरू भ्रष्टाचार, कर (राजस्व) छली, वित्तीय अपराध (बैङ्किङ कसुर र

हुण्डी), मध्यम जोखिमका क्षेत्रहरू लागुऔषध ओसारपसार, आपराधिक लाभ लगायत १३ तथा न्यून जोखिमका क्षेत्रहरू अपहरण तथा शरीर बन्धक, अन्तर्राष्ट्रिय आतङ्कवाद लगायत ४ विषयमा आवश्यक कानुनी तथा संरचनात्मक सुधार गर्नुपर्दछ।

३४. **रिभल्भिङ बायो ग्यास क्रेडिट फण्ड -** वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ को दफा ४क मा वैकल्पिक ऊर्जा प्रविधिको विकास र विस्तारका लागि ऋण प्रवाह गर्नसक्ने व्यवस्था छ। बायो ग्यास ऋण कमिटीको २०७०।१०।६ को बैठकको निर्णयअनुसार नियमित कर्जा भुक्तानी नगर्ने वित्तीय संस्थालाई पुनः अन्तिम पटक ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरी कर्जा सम्झौता तथा सामूहिक जमानतका आधारमा कर्जा असुली प्रक्रियामा जाने एवं सम्बन्धित संस्था र सो संस्थासँग सम्बन्धित सबै सञ्चालकलाई कालोसूचीमा समाविष्ट गर्ने, कुनै पनि निकायबाट कर्जा लिन अयोग्य घोषित गरी सम्पूर्ण वित्तीय संस्थामा आवश्यक प्रक्रियाका लागि पत्राचार गर्ने र नेपाल सरकारको प्रचलित कानुनबमोजिम विगो असुली प्रक्रियाअन्तर्गतको कानुनी कारबाही अगाडि बढाउने निर्णय गरेको छ। वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रबाट प्राप्त विवरण अनुसार ४३ संस्थाबाट हालसम्म लगानीमा रहेको साँवा, भाखा नाघेको साँवा, उठ्न बाँकी ब्याज, भाखा नाघेको ब्याज, उठ्न बाँकी हर्जाना र भाखा नाघेको हर्जानासमेत रु.१२ करोड ६ लाख २२ हजार असुल गर्न बाँकी रहेको देखिन्छ। समितिले गरेको निर्णयबमोजिम समयमै आवश्यक कारबाही हुनुपर्दछ।

३५. **कार्बन व्यापार -** वातावरण संरक्षण ऐन, २०७६ को दफा २८ मा नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितीकरणको लागि अन्तर्राष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था छ। वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रबाट प्राप्त विवरणअनुसार हालसम्म घरायसी बायोग्यास, सुधारिएको पानी मिल र लघु तथा साना जलविद्युततर्फका ८ आयोजना कार्बन बिक्रीको लागि दर्ता भएकोमा सन् २००७ देखि २०२५ सम्म ६६ लाख ८८ हजार टन कार्बन न्यूनीकरण बापत रु.४ अर्ब १६ करोड १० लाख आय प्राप्त गरेको देखिन्छ। यो वर्षको त्यस्तो आय रू.९ करोड ४९ लाख ६० हजार रहेको छ।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रले क्योटो प्रोटोकल अन्तर्गतको स्वच्छ विकास संयन्त्रमा आयोजना दर्ता गरी कार्बन आय गर्ने गरेकोमा सन् २०२३ मा उक्त संयन्त्र बन्द भएपछि अन्तर्राष्ट्रिय बजारमा कार्बन बिक्रीको लागि आयोजना गोल्ड स्ट्याण्डर्डमा दर्ता गर्ने गरेकोमा सो प्रविधि समयमै प्रमाणीकरण तथा दर्ता गरी कार्बन आय आर्जन हुन सकेको छैन।

३६. **विद्युतीय खरिद प्रणाली -** एसियाली विकास बैङ्कको सहायतामा सञ्चालित आयोजनाको खरिद प्रक्रिया सम्बन्धमा विद्युतीय खरिद प्रणालीको सुरक्षा र सोको कमजोरीबारे सुरक्षा तथा जोखिम परीक्षणबाट विभिन्न विषय औंल्याई उक्त प्रणालीको प्रयोग गर्दा हुन सक्ने सम्भावित दुरूपयोग र अनियमितता रोक्न एसियाली विकास बैङ्कले सम्बन्धित कार्यालयबाट प्रणालीमा सुधार नभएसम्म उक्त बैङ्कको सहायतामा सञ्चालित आयोजनाको खरिद प्रक्रियामा सो प्रणालीको प्रयोगको स्थगन गरेको छ। सार्वजनिक खरिद अनुगमन कार्यालय तथा अन्य जिम्मेवार निकायबाट यस सम्बन्धमा छानबिन हुनुपर्दछ।

३७. **सिँचाइ आयोजनाको मापदण्ड -** आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० मा रहेको सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने आयोजनाको मापदण्डअनुसार तराईमा ५०० हेक्टर र पहाड तथा हिमालमा क्रमशः १०० र ५० हेक्टरभन्दा माथिका ठुला सिँचाइ आयोजना सङ्घले कार्यान्वयन गर्ने व्यवस्था छ। नदी नियन्त्रणतर्फ तराईमा १० किलोमिटरभन्दा बढी तटबन्ध गर्नुपर्ने नदीहरू र पहाड वा हिमालमा ५ किलोमिटरभन्दा बढी तटबन्ध गर्नुपर्ने नदीहरू, पहिरो नियन्त्रणतर्फ २० हजार वर्गमिटर

भन्दा बढीका कार्यहरू सङ्घको कार्यक्षेत्र हुने उल्लेख छ। मापदण्डमा सङ्घको एकल अधिकारको विषयका पूर्वाधार आयोजनामा रु.३ करोडभन्दा बढी लागतका आयोजना र साझा अधिकारका विषयका पूर्वाधार आयोजनामा रु.५० करोडभन्दा माथि लागत भएका आयोजना मात्रै सङ्घको कार्यक्षेत्रमा पर्ने उल्लेख छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अन्तर्गतका निकायले यो वर्ष ६ कार्यक्रमअन्तर्गत उक्त मापदण्डमा निर्धारित लागत अर्थात् रु.३ करोडभन्दा कमका १ हजार ८३९ योजनामा रु.६ अर्ब २४ करोड १६ लाख बजेट विनियोजन गरेका छन्। स्वीकृत मापदण्डको परिपालना गरिनुपर्दछ।

३८. **राष्ट्रिय राजमार्ग** - नेपाल सरकारको २०७०।२।१३ को निर्णयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारीमा २१ राजमार्ग तथा २०९ सहायक मार्ग रहने उल्लेख छ। नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७६।२।६ को निर्णयअनुसार ९ किलोमिटरदेखि १ हजार ७८७ किलोमिटरसम्मका १४ हजार ९१३ किलोमिटरका ८० सडकलाई राष्ट्रिय राजमार्गको रूपमा सूचीकृत गरेको छ। सडक विभाग तथा मातहतका निकायहरूबाट स्वीकृत राष्ट्रिय राजमार्ग तथा लोकमार्गमा समावेश नभएका स्थानीय सडक पुल, निर्वाचन क्षेत्र रणनैतिक सडक, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमलगायतका ६ कार्यक्रममा रु.२८ अर्ब ७५ करोड ७० लाख विनियोजन भई रु.२५ अर्ब ७ करोड ८४ लाख खर्च भएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले कुल पुँजीगत खर्चको तुलनामा २२.७५ प्रतिशत रकम मन्त्रालयको कार्यक्षेत्र (राष्ट्रिय राजमार्ग) बाहेकको सडकमा खर्च गरेको छ। कार्यक्षेत्रमा उल्लेख भएअनुसार राष्ट्रिय राजमार्गभन्दा बाहिरका योजना कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३९. **डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्याक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। विगतदेखि डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण कार्य गर्दा मूल्य समायोजनको सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियममा विस्तृत उल्लेख नभएको, सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्रसम्बन्धी कागजात तयार नगरेको, सार्वजनिक लेखा समितिले समेत भेरिएशन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानुनी व्यवस्था गर्न निर्देशन दिएकोले २०८२।०१।१५ मा सार्वजनिक खरिद नियमावली, २०६४ को चौधौं संशोधन हुँदा डिजाइन एण्ड बिल्डका आधारमा सम्झौता गर्दा लागत अनुमानमा मूल्य समायोजन रकमसमेत समावेश गर्ने गरी लागत अनुमान ढाँचा अनुसूची १(ख) तोकिएको छ।

उक्त व्यवस्था संशोधन हुनुभन्दा अगाडि सम्झौता भई कार्यान्वयनमा रहेका ठेक्काहरूमा सडक विभाग तथा कार्यालयहरूले डिजाइन एण्ड बिल्ड सम्झौता गर्दा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखेका कारण भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतका २२ कार्यालयले ७५ खरिद सम्झौतामा रु.४४ करोड ८५ लाख ६३ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्। डिजाइन एण्ड बिल्ड लमसम प्रकृतिको ठेक्का भएकोले ऐनको व्यवस्थाअनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन।

४०. **डिजाइन स्वीकृति-** विभागबाट डिजाइन एण्ड बिल्ट विधिमा सम्झौता भएका पुलहरूको सम्झौताको अतिरिक्त सर्तको बुँदा ४.२ मा सम्झौता भएको ९ देखि ११ महिनाभित्र पुलको डिजाइन स्वीकृत भई निर्माण कार्य सुरु हुनुपर्ने उल्लेख छ। पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना पर्वत अन्तर्गतको, दुई पुलको डिजाइन पेस भएको एक वर्षपछि, १ पुलको २ वर्षपछि स्वीकृत र १ पुलको डिजाइन हालसम्म स्वीकृत नभएको, सूर्यविनायक-धुलिखेल सडकअन्तर्गतका १२ वटा पुल २०८०।९।६ भित्र स्वीकृति गरिसक्नुपर्नेमा निर्माण व्यवसायीले पेस गरेको पुलको सुरु डिजाइन सडक विभागबाट ८ वटा पुलको २०८१।६।१ मा र ४ पुलको २०८२।८।१५ मा डिजाइन स्वीकृत भएको छ।

सम्झौताको सर्तअनुसार तोकिएको समयमा डिजाइन स्वीकृत नहुँदा निर्माण कार्यमा ढिलाइ भई लागतमा वृद्धि हुने साथै पेस्की रकमको उपयोगसमेत नहुने अवस्था छ। सम्झौताको सर्तअनुसार समयमा डिजाइन स्वीकृत गर्नुपर्दछ।

४१. **विद्युत पोल स्थानान्तरण** - सडक विभाग र विद्युत प्राधिकरणबिच २०७९।१।१६ मा भएको सम्झौतामा राजमार्ग विस्तार गर्दा साविकका बिजुलीका पोल स्थानान्तरण, विद्युत वितरण प्रणालीको सुदृढीकरण गर्न नयाँ लाइन निर्माण गर्नुपर्ने भएमा सोको खर्च नेपाल विद्युत प्राधिकरणले बेहोर्ने निर्णय भएकोमा पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति कार्य अर्न्तगत काँक्कडभिट्टा-लौकही खण्डको ११० किलोमिटर सडकको पुराना संरचना हटाई अपग्रेड गर्न सामग्री र ज्यालासमेतको लागत रु.८८ करोड ६२ लाख रहेको छ। उक्त लागतमध्ये नयाँ पोल राख्ने र पुरानो संरचना हटाउन लाग्ने ज्याला खर्चबापत रु.११ करोड ९८ लाख आयोजनाले बेर्होने र बाँकी विद्युत प्राधिकरणले बेर्होने व्यवस्था रहेकोमा उक्त सडक खण्डका ३ ठेक्का प्याकेजबाट रु.७६ करोड ९० लाख अर्थात् ८६.७८ प्रतिशत सडक आयोजनाले बेर्होने गरी सम्झौता भएको छ। जसबाट नयाँ संरचना बनाउँदाको सम्पूर्ण खर्च आयोजनाको लागतमा समावेश भई आयोजनाको लागत बढ्न गएको तथा विद्युत प्राधिकरणसँगको सम्झौता कार्यान्वयन भएको देखिएन।

त्यस्तै हुलाकी राजमार्गअन्तर्गत बर्दियाको मैनापोखरदेखि गुलरिया सडक खण्डमा पर्ने विद्युत लाइन स्थानान्तरण कार्यको लागि पुराना पोल स्थानान्तरण, नयाँ पोल खरिद, केबल, टान्सफर्मरलगायतका सामग्री र ज्याला तथा ढुवानी खर्चसमेत बाँके र बर्दिया दुवै खण्डको लागि रु.९२ लाख ११ हजार भुक्तानी भएको छ। सडक विस्तारको क्रममा २६४ पोल स्थानान्तरण गर्दा १९५ पोल थप खरिद गरी ३२६ पोल जडान गरिएको छ। उक्त ११ मिटरका १३२ र ९ मिटरका ६३ समेत १९५ नयाँ पोल खरिद गर्न रु.२६ लाख २३ हजार यसै आयोजनाबाट भुक्तानी गरेको पाइयो। सम्झौता विपरीत विद्युत लाइन सुदृढीकरणको लागत आयोजनाबाट भुक्तानी गरेको उचित देखिएन।

४२. **ठेक्का अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य र सोको उपचारसम्बन्धी व्यवस्था छ। निर्माण व्यवसायीहरूसँग भएको खरिद सम्झौतामा उल्लेख भएका कामहरू सम्पन्न नहुँदै खरिद सम्झौताको अन्त्य गरिएका नयाँ खरिद सम्झौताको लागि नपुग हुने रकम ठेक्का अन्त्य गर्ने निर्माण व्यवसायीबाट असुल हुने व्यवस्था छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालय अन्तर्गत यो वर्ष ११८ ठेक्का अन्त्य गरेकोमा ६२ ठेक्काको बाँकी कार्य गर्न लाग्ने खर्च यकिन नगरेको, १७ ठेक्काको रु.५ करोड ४१ लाख ६१ हजार कार्यसम्पादन जमानत जफत नगरेको अवस्था छ। त्यसै गरी ठेक्का अन्त्य गरिएका ३९ ठेक्काको बाँकी कामको लागि लाग्ने रु.५ अर्ब ७९ करोड १६ लाख ८१ हजार असुल गर्ने निर्णय भएकोमा हालसम्म असुल भएको देखिएन।

४३. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने तर खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय र खानेपानी मन्त्रालयअन्तर्गतका निकायले फरक मूल्य सूचकाङ्क, फ्याक्टर तथा सुत्रका आधारमा मूल्य समायोजन गणना गरी १४४ ठेक्कामा रु.३७ करोड ६ लाख ७४ हजार बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

४४. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ एवं खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा सम्झौता मूल्यको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, खानेपानी मन्त्रालय, शहरी विकास मन्त्रालय र रक्षा मन्त्रालयअन्तर्गतका निकायले १९ ठेक्कामा रु.१९ करोड ९७ लाख ९७ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

४५. **अधुरा ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेमा वा कामको प्रगति नगरेमा पेस्की जमानी प्राप्त गर्ने, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालोसूचीमा राख्नेलगायतको व्यवस्था छ। सम्झौतामा तोकिएको अवधिभित्र ठेक्काको कार्यसम्पन्न गर्नुपर्नेमा पटक पटक गरी ३०० प्रतिशतसम्म म्याद थप हुँदा पनि कार्यसम्पन्न नभई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, शहरी विकास मन्त्रालयअन्तर्गतका ७८२ योजनाको सम्झौता रकम रु.४७ अर्ब ७२ करोड ५५ लाख ८१ हजारमध्ये आंशिक भुक्तानी भई निर्माण कार्य अधुरो रहेको देखिन्छ। प्रचलित कानुन र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

४६. **सुरक्षित नागरिक आवास कार्यक्रम** – फुस वा परालको छानालाई जस्तापाताले विस्थापन गरी गरिबीको रेखामुनि रहेका विपन्न नागरिकको आवास निर्माण गर्ने उद्देश्य रहेको सुरक्षित नागरिक आवास कार्यक्रमबमोजिम स्थानीय तहसँग सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ताको ६० प्रतिशत रकम र निर्माण कार्य सम्पन्न भएको प्राविधिक प्रतिवेदनको आधारमा बाँकी ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र अनुदान रकम अन्य प्रयोजनमा खर्च गरे असुलउपर गर्ने उल्लेख छ। शहरी विकास तथा भवन निर्माण विभागबाट प्राप्त विवरणअनुसार कार्यक्रम २०७५।७६ मा सुरु भएकोमा २०८१।८२ सम्म १ लाख ५५ हजार १३५ लाभग्राही छनोट भएका र सोमध्ये १ लाख ५० हजार ६६४ (९७.११ प्रतिशत) लाभग्राहीसँग अनुदान सम्झौता भएको देखिन्छ। सम्झौता भएको सङ्ख्यामध्ये १ लाख २८ हजार ६६६ (८५ प्रतिशत) लाभग्राहीलाई पहिलो किस्ता भुक्तानी भएकोमा ९४ हजार ६३१(७३.५४ प्रतिशत) लाभग्राहीलाई कार्यसम्पन्न गरी दोस्रो किस्ता भुक्तानी गरेको देखिन्छ। छनोट गरिएका लाभग्राहीमध्ये ४ हजार ४७१ सँग सम्झौता नभएको, २१ हजार ९९८ लाभग्राहीले सम्झौता गरे पनि पहिलो किस्ता नलगेको तथा पहिलो किस्ता लगेका लाभग्राहीमध्ये (२६.४६ प्रतिशत) ३४ हजार ३५ ले रु.३० हजारका दरले रु.१ अर्ब २ करोड १० लाख दोस्रो किस्ता लगेको देखिएन। कार्यक्रमको कार्यान्वयन पक्ष प्रभावकारी बनाई सुरक्षित नागरिक आवास सम्पन्न गर्ने तथा उपलब्ध गराएको अनुदान सम्बन्धमा अनुगमन गरी खर्च रकमको सदुपयोगको सुनिश्चित हुनुपर्दछ।

४७. **संयुक्त र बहुतले आवास** – संयुक्त आवासको व्यावसायिक कारोबार गर्ने कम्पनी तथा जग्गा विकास गरी सामूहिक भवन निर्माणको अनुमति, निर्माण स्वीकृति, अनुगमन र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने जिम्मेवारी शहरी विकास तथा भवन निर्माण विभागको रहेको छ। कुल ८२ संयुक्त आवासहरूमा प्रारम्भिक चरणमा ७ हजार २६८ आवास एकाइहरूको निर्माणका लागि आवेदन प्राप्त भएकोमा सोमध्ये ७१२ आवास एकाइ घट्न गई आवास एकाइ सङ्ख्या ६ हजार ९०५ रहेको छ। आवास एकाइ धनीले निर्माण सम्पन्न प्रमाणपत्र नलिएका कारणले खरिद बिक्री गर्न नपाएको, कतिपय निर्माण सम्पन्न प्रमाणपत्र जारी हुनु अगावै जग्गाधनी पुर्जा जारी भई खरिद बिक्री कार्य गरेको, निर्माण कार्य सम्झौताबमोजिम नगरेको, दिनुपर्ने सुविधा उपलब्ध नगराएको, नाम परिवर्तन गरी होटेल र बैङ्क सञ्चालन

गरेको लगायतका उजुरी तथा गुनासाहरू विभागमा परेको देखिन्छ। उल्लिखित गुनासा सम्बोधन गरी विद्यमान कानुनको कार्यान्वयनमार्फत सुरक्षित र सुव्यवस्थित आवासको प्रत्याभूति गर्नुपर्दछ।

४८. **ल्याण्डफिल साइट सञ्चालन** – नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७५।८।१७ को निर्णयअनुसार शहरी विकास मन्त्रालयलाई काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहोरको दिगो व्यवस्थापनका लागि नुवाकोटको ककनी २ र धादिङको धुनिबेंसी-१ स्थित बन्चरेडाँडा फेदीमा कोल्पुखोला डाइभर्सन गरी ल्याण्डफिल साइट निर्माण गर्ने कार्य हुँदै आएको छ। उक्त कार्यको लागि यो वर्ष चालुतर्फ रु.१ करोड ३१ लाख ९३ हजार तथा पुँजीगततर्फ रु.७ करोड ३ लाख ९ हजारसमेत रु.८ करोड ३५ लाख २ हजार खर्च भएको छ। काठमाडौं उपत्यकासहित आसपासका २३ स्थानीय तहले २०७९।२।१२ देखि फोहोर विसर्जनको कार्य गरेकोमा शहरी विकास तथा भवन निर्माण विभागबाट ल्याण्डफिल साइट सञ्चालनसम्बन्धी कार्यविधि २०७९।३।२४ मा स्वीकृत भई काठमाडौं महानगरपालिकाबाट सञ्चालन भएको छ।

दैनिक रूपमा उत्पन्न हुने जैविक तथा अजैविक फोहोरलाई सङ्कलन, वर्गीकरण, पुनः प्रयोग लगायतको प्रक्रियाबाट बाँकी रहेको फोहोरलाई मात्र व्यवस्थापन गर्ने उद्देश्यले ल्याण्डफिल साइटको निर्माण गरिएकोमा फोहोरको स्रोतमै पृथकीकरण गरी प्रकृतिअनुसार व्यवस्थापन गर्नुपर्नेमा त्यसो नगरी सम्पूर्ण फोहोर ल्याण्डफिल साइटमा व्यवस्थापनका लागि लैजाने, दैनिक रूपमा कम्प्याक्सन गर्ने कार्य, ल्याण्ड फिल ग्यास भ्यान्टिलेसनको लागि भेन्ट पाइप जडानको कार्य, दैनिक रूपमा माटोले पुर्ने कार्य नियमित रूपमा नगरिएको हुँदा ल्याण्डफिल साइटको मौजुदा सेल भरिइसकेका कारण थप उचाइ बढाउनको लागि नयाँ ठेक्का व्यवस्था भएको छ। त्यस्तै लिचेड पोखरी ओभरफ्लो भएको, रिसर्कुलेसनको लागि मोटरहरू नियमित रूपमा चलाउनुपर्नेमा नचलाएको, मोटरहरू बिग्रेकोले लिचेड ओभरफ्लो भई खोलामा मिसिन गई पर्यावरणमा नकारात्मक असर परेको हुँदा जैविक विविधता र वातावरणमा नकारात्मक असर नपर्ने गरी ल्याण्डफिल साइटको व्यवस्थापन हुनुपर्दछ।

४९. **बागमती नदीको पानीको गुणस्तर** - अधिकार सम्पन्न बागमती सभ्यता विकास समितिको कार्य क्षेत्रमा बागमती नदीको पानीको गुणस्तर सुधार ल्याउनु समेत रहेको छ। बागमती नदीको सुन्दरीजल, गुह्येश्वरी, बागमती मनोहरा दोभान तथा चोभारको पानीको गुणस्तर अवस्था परीक्षण गरेकोमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार बायोकेमिकल अक्सिजन डिमाण्ड, केमिकल अक्सिजन डिमाण्ड, डिसल्भ अक्सिजन डिमाण्ड र टोटल सस्पेन्डेड सोलिड डिमाण्ड क्रमशः ३ एमजी प्रति लिटर, १०, ६ र २५ एमजी प्रतिलिटरभन्दा कम हनुपर्नेमा सुन्दरीजल बाहेक सबै स्थानको प्यारामिटर भन्दा धेरै बढी देखिन्छ। यस नतिजाले सुधारको लागि गरिएका प्रयास पर्याप्त देखिँदैनन्। बागमती नदीको पानीको गुणस्तर सुधारमा समितिले आवश्यक ध्यान दिनुपर्दछ।

५०. **बालबालिका उद्धार** - राष्ट्रिय बाल अधिकार परिषद्ले यो वर्ष हराएका वा अपहरणमा परेका ८ हजार १७९, बेवारिसे फेला परेका ४०९ तथा सडक बालबालिका २०४ समेत ८ हजार ७९२ बालबालिकाको उद्धार गरेको छ। उद्धार गरिएकामध्ये २ हजार २८५ बालक र ५ हजार ६९० बालिका समेत ७ हजार ९७५ जनालाई परिवारसँग पुनर्मिलन गराएको, २१६ जना अस्थायी पुनर्स्थापना केन्द्रमा रहेको र ६०१ जना बालबालिकाको स्पष्ट विवरण खुल्ने गरी प्रतिवेदन तयार गरेको छैन। हराएका बालबालिकामध्ये ५७५ जनाको खोजतलास जारी रहेको देखिन्छ।

५१. **भाखा नाघेको कर्जा** - युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम १६ मा कर्जा लगानी गर्ने व्यवस्थाअनुसार युवा तथा साना व्यवसायी स्वरोजगार कोष र ऋणीहरूबिच ऋण सम्झौता गर्दा अवधि ५ वर्ष तथा ऋण अवधि ४२ महिना रहने र सम्झौताअनुसार किस्ता नबुझाएमा

बुझाउनुपर्ने रकमको थप २ प्रतिशत ब्याज लाग्ने उल्लेख छ। युवा तथा साना व्यवसायी स्वरोजगार कोष ले उपलब्ध गराएको विवरण अनुसार कोषले २०८२ आषाढ मसान्तसम्म रु.२ अर्ब ३३ करोड ९४ लाख ५६ हजार कर्जा सापटी दिएकोमा कोषको अभिलेखअनुसार ४३२ सहकारी संस्थाबाट रु.५७ करोड ९७ लाख १८ हजार साँवा तथा सोको ब्याज रु.८ करोड ९८ लाख ६४ हजार र हर्जाना रु.२३ लाख ८२ हजारसमेत रु.६७ करोड १९ लाख ६४ हजार कर्जा असुल गर्नुपर्ने देखिन्छ। सम्झौताअनुसार हिसाब यकिन गरी साँवा, ब्याज तथा हर्जाना रकम असुल गर्नुपर्दछ।

५२. **स्वास्थ्य उपकरणको उपयोग -** राष्ट्रिय ट्रमा सेन्टरमा रु.५ करोड ३७ लाख ८२ हजार मूल्यको क्याथल्याब मेसिन दक्ष जनशक्तिको अभावमा २०७२ देखि उपयोगविहीन रहनुका साथै रु.२४ करोड ७७ लाख ९ हजार मूल्यका सीटी स्क्यान सिस्टम, १४ थान भेन्टिलेटर, ५ थान सी आर्म मेसिन, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको रु.७२ लाख ६० हजार मूल्यका ५ थान लिड ई.सी.जी.केबुल ३०० सेट, गजेन्द्र नारायण सिंह अस्पतालमा रु.४ करोड ९० लाख ९५ हजार मूल्यका एक्स रे मेसिन, इण्डो युरोलोजी सेट, ल्याप्रोस्कोपी सिस्टम, एनेस्थेसिया मेसिन तथा इलेक्ट्रोकार्डियोलोजीलगायत उपकरण, सिंहदरबार वैद्यखाना विकास समितिमा रहेका सिङ्गल रोटरी ट्याब्लेटिङ्ग मेसिन, एयर कम्प्रेसर, इन्कजेट कोडर, डबल कोन ब्लेन्डर, अटोमेटिक हाइस्पिड लेबलिङ मेसिन, ब्वायलर, क्लोड मिल, इलेक्ट्रिक ट्रे ड्रायर, रोटरी रनर खल, अटोमेटिक क्याप्सुल फिल मेसिन तथा पाउडर फिलिङ्ग मेसिनलगायतका ६० प्रकारका मेसिन तथा नेपाल प्रहरी अस्पतालमा १६ स्लाइस सी.टी. स्क्यान मेसिन,१.५ टेसलाको एमआरआई मेसिन उपकरण प्रयोगविहीन अवस्थामा रहेका छन्।

स्वास्थ्य सेवा विभागले यो वर्ष ९६५ हाइट बोर्ड र ९६५ थान इलेक्ट्रोनिक वेट स्केल खरिदमा रु.६ करोड ७३ लाख २१ हजार खर्च गरेकोमा गत विगतमै खरिद गरेको रु.६ करोड ५३ लाख ९९ हजारको १ हजार ३३६ इलेक्ट्रोनिक वेट स्केल (मदर/चाइल्ड) तथा रु.२ करोड ४२ लाख ५४ हजारका ७ प्रकारका १३३ थान मेसिन, उपकरण प्रयोगविहीन रहेका छन। त्यसै गरी बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पतालको स्थापनाकालदेखि क्यान्सर उपचारमा प्रयोग हुँदै आएको टेलिथेरापी मेसिन ४ वर्षदेखि पूर्णरूपमा उपयोगविहीन भई अस्पतालको बङ्करमा राखिएकोमा मेसिनभित्र रहेको रेडियोधर्मी स्रोतको आयु सकिँदै गएको भए तापनि यसको विकिरणको जोखिम कायमै रहने जोखिम रहेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न स्वास्थ्य संस्थामा रहेका उपकरणको सञ्चालन सम्बन्धमा अनुगमन गरी लगत तयार गर्नुका साथै प्रभावकारी उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

५३. **औषधीको म्याद -** स्वास्थ्य संस्थाले आपूर्तिकर्ताबाट खरिद गरेको औषधीको म्याद समाप्त भएमा, टुटेफुटेमा वा बिक्री नगरी अधिक मौज्दात रहेमा सम्झौताको सर्तअनुसार उक्त औषधी आपूर्तिकर्ताबाट प्रतिस्थापन गर्नुपर्दछ। स्वास्थ्य सेवा विभागमा गत विगतमा खरिद गरिएको २८ प्रकारका रु.४ करोड ७२ लाख २० हजार, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको ६ प्रकारका रु. ४७ लाख ७० हजार, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)मा ६०१ प्रकारका रु. १ करोड ४३ लाख ७५ हजार, बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको रु.१ करोड १९ लाख ९६ हजार तथा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको रु.१ करोड २३ लाख ५६ हजारसमेत रु.९ करोड ७ लाख १७ हजार मूल्यका औषधीजन्य मालसामान तथा कीट को म्याद समाप्त भई प्रयोगमा आउन नसक्ने अवस्था रहेको छ।

५४. **विपन्न नागरिक औषधी उपचार -** विपन्न नागरिक औषधी उपचार निर्देशिका, २०८० मा ८ प्रकारका रोगको उपचारमा आर्थिक सहयोग दिने व्यवस्था छ। यो वर्ष स्वास्थ्य सेवा विभागले मुटु रोगी ८ हजार ४१०, मृगौला रोगी १२ हजार ७३, क्यान्सर रोग २८ हजार ६७८, पार्किन्सन रोग १०८, अल्जाइमर्स रोग ४४, स्पाइनल इन्जुरी भएका १ हजार २५३, हेड इन्जुरी भएका ९८० तथा सिकलसेल एनिमिया

रोगी २ हजार ३१ समेत ५३ हजार ५७७ बिरामीको उपचार गरेको आधारमा १३६ स्वास्थ्य संस्थालाई रु.४ अर्ब ५९ करोड ८५ लाख ३२ हजार शोधभर्ना गरेको छ। यस्ता कार्यक्रम स्वास्थ्य बिमा कार्यक्रमसँग आबद्ध गरी स्वास्थ्य सेवा एकद्वार प्रणालीबाट उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

५५. **खानेपानी आपूर्ति -** काठमाडौं उपत्यका खानेपानी लिमिटेडको कार्यक्षेत्रभित्र ३ लाख ५४ हजार धारा जडान गर्ने उल्लेख भए तापनि २ लाख ७९ हजार धारा मात्र जडान भएको छ। मेलम्ची खानेपानी आयोजना अन्तर्गत सिन्धुपाल्चोकका मेलम्ची, याङ्ग्री र लार्के नदीबाट दैनिक करिब ५१ करोड लिटर पानी आपूर्ति गर्ने लक्ष्य भए तापनि हाल मेलम्ची नदीबाट करिब १७ करोड लिटर मात्र प्रशोधन केन्द्रमा पथान्तरण भई वितरण भइरहेको छ। प्राप्त विवरणअनुसार काठमाडौं उपत्यकामा दैनिक करिब ५१ करोड ४० लाख लिटर माग रहेकोमा वर्षायाममा दैनिक १६ करोड २७ लाख लिटर र हिउँदमा २८ करोड ३७ लाख लिटर आपूर्ति हुँदा मागअनुसार खानेपानी आपूर्ति हुन सकेको छैन।

५६. **व्यावसायिक योजना -** सङ्घ, प्रदेश र स्थानीय तहबाट प्राप्त छपाइसम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापना भएको मुद्रण विभागको यो वर्षको छपाइसम्बन्धी प्रत्यक्ष खर्च रु.२ करोड ३० लाखसमेत रु.९ करोड ६८ लाख रहेकोमा रु.२ करोड २१ लाख आम्दानी रहेको छ। मुद्रण विभागले व्यावसायिक योजना तर्जुमा गरेको छैन भने विभागको आयले प्रत्यक्ष खर्चसमेत धान्न नसकेको अवस्थामा छ। छपाइ तथा बाइन्डिङ दस्तुर २०८१।५।१ मा पुनरावलोकन भएकोमा निर्णय कार्यान्वयन गरेको देखिएन।

मुद्रणसम्बन्धी ऐन, २०८१ ले सुरक्षण मुद्रण सामग्री नागरिकताको प्रमाणपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र, बैङ्क नोट, अन्तःशुल्क टिकट, सवारी चालक अनुमतिपत्र, हुलाक टिकट, जग्गाधनी दर्ता प्रमाणपुर्जा र भिसा स्टिकर छपाइ गर्न सुरक्षण मुद्रण केन्द्रलाई तोकेकोमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २०८२।५।४ को निर्णयानुसार केन्द्रको लागि विभिन्न पदमा ६३ अस्थायी दरबन्दी स्वीकृत गरेकोमा सोही कार्यका लागि मुद्रण विभागमा ७१ जना कार्यरत रहेका छन्। नेपाल सरकारले एकै प्रकृतिको कार्य गर्न दुई निकाय गठन गरेकोले कार्य विश्लेषण गरी दुई निकायलाई एकीकरण तथा स्रोतको अधिकतम परिचालन गर्न मुद्रणसम्बन्धी कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

५७. **बिगो र क्षतिपूर्ति -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३६ बमोजिम रोजगारदाता संस्थाले सम्झौतामा तोकिएको सर्तअनुसार रोजगार उपलब्ध नगराएमा वैदेशिक रोजगार विभाग समक्ष क्षतिपूर्ति पाउनका लागि उजुरी दिन सक्ने र उक्त उजुरी मनासिब देखिएमा वैदेशिक रोजगारमा लागेको सम्पूर्ण खर्च क्षतिपूर्ति भराउने आदेश दिन सक्ने व्यवस्था छ। वैदेशिक रोजगार विभागको अभिलेखअनुसार यो वर्ष ४ हजार ९७४ उजुरी परेकोमा ७४३ उजुरी फर्स्यौट भई रु.३२ करोड ८७ लाख ३७ हजार क्षतिपूर्ति रकम निर्धारण भएको छ। निर्णयबमोजिमको क्षतिपूर्ति रकम पीडित कामदारहरूले प्राप्त गरेको अभिलेख पेस नभएकोले क्षतिपूर्ति प्राप्तिको वास्तविक अवस्था यकिन गर्न सकिँदैन। विभागको निर्णयबमोजिमको क्षतिपूर्ति रकम पीडित पक्षलाई उपलब्ध गराउन बिगो दाबी रकम खुलाई उजुरीहरूको अद्यावधिक अभिलेख सहित निर्णय कार्यान्वयन गर्नुपर्दछ।

५८. **शैक्षिक गुणस्तर, उपलब्धि र नतिजा -** शिक्षा ऐन, २०२८ को दफा ७(ख) मा विद्यालयको गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हाल कायम ३५ हजार ४४७ विद्यालयमध्ये विगत १४ वर्षको अवधिमा ३,५,८ र १० कक्षाका विद्यार्थीहरूको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण गरेको देखिन्छ। शैक्षिक गुणस्तर केन्द्रले कक्षा १० का विद्यार्थीहरूको सिकाइ उपलब्धि सम्बन्धमा पछिल्लो पटक २०८१ मा परीक्षण सम्पन्न गरेकोमा र गणित, विज्ञान तथा प्रविधि, नेपाली र अंग्रेजी विषयमा क्रमशः २०.४, २९.४, २५.९, १२.२ प्रतिशत विद्यार्थीहरू कक्षा तहभन्दा तल

रहेका छन्। गुणस्तर परीक्षण न्यून सङ्ख्यामा गरेको र सिकाइ उपलब्धि स्तर कमजोर रहेको हुँदा सिकाइ उपलब्धि स्तरमा गुणात्मक सुधार ल्याउन विशेष कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५९. **अन्तर्राष्ट्रिय व्यापार -** भन्सार विभागबाट प्रकाशित वार्षिक प्रतिवेदन २०८१।८२ मा उल्लिखित तथ्याङ्कअनुसार नेपालको विगत ५ वर्षको आयात निर्यातको स्थिति निम्नानुसार छः

(रु. अर्बमा)

आर्थिक वर्ष	निर्यात	आयात	व्यापार घाटा
२०८१।८२	२७७.०३	१८०४.१२	१५२७.०९
२०८०।८१	१५२.३८	१५९२.९८	१४४०.६०
२०७९।८०	१५७.१४	१६११.७३	१४५४.५९
२०७८।७९	२००	१९२०	१७२०
२०७७।७८	१४१	१५३९	१३९८

उल्लिखित विवरणअनुसार २०८१।८२ मा रु.२ खर्ब ७७ अर्ब निर्यात भएकोमा भटमासको तेल र सूर्यमुखी तेल रु.१ खर्ब १९ अर्ब, आइरन एण्ड स्टिल प्रोडक्ट रु.१६ अर्ब ३६ करोड, यार्न्स रु. १४ अर्ब ४० करोड, उलन कार्पेट रु. १० अर्ब ७७ करोडलगायत रहेका छन। कुल निर्यातमा भटमास र सूर्यमुखी तेलको हिस्सा ४२.९ प्रतिशत रहेको छ। गत वर्षको तुलनामा भटमास तेल र सूर्यमुखी तेलको निर्यातमा उल्लेखनीय रूपमा वृद्धि भएकोमा सिमेन्ट क्लिङ्करमा ६३, अदुवामा ५०, हेन्डिक्राफ्टमा ४९, भूसमा ३८, कच्चा सिसामा २३ र सुती मोजा तथा ब्यागमा २० प्रतिशतले निर्यातमा गिरावट आएको देखिन्छ।

६०. **वैदेशिक लगानी र प्रविधि हस्तान्तरण -** उद्योग विभागमा रहेको एकल विन्दु सेवा केन्द्रको अभिलेखअनुसार विगत ३ वर्षको लगानी प्रतिबद्धता र प्राप्ति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

आर्थिक वर्ष	लगानी प्रतिबद्धता/स्वीकृति		नेपाल राष्ट्र बैङ्कमा लेखाङ्कन		प्राप्ति प्रतिशत
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	
२०७९।८०	१७४	३२४८.२	८७	९२०.६	२८
२०८०।८१	३१९	८१६९.१	१०५	१०२९.२०	१३
२०८१।८२	१००९	७९६९.२	९७	११३०.९	१४

उल्लिखित विवरणअनुसार २०८१।८२ मा १ हजार ९ विदेशी लगानीकर्ताबाट पेस भएको रु.७९ अर्ब ६९ करोड २० लाख वैदेशिक लगानीको प्रस्ताव स्वीकृत भएकोमा ९७ लगानीकर्ताबाट रु.११ अर्ब ३० करोड ९० लाख (१४ प्रतिशत) लगानी प्राप्त भएको छ। प्रतिबद्धताको तुलनामा वैदेशिक लगानीको प्राप्ति रकम क्रमशः घट्दै गएको देखिएकोले वैदेशिक लगानी प्रतिबद्धताबमोजिम प्राप्त हुने व्यवस्था मिलाउनुपर्दछ।

६१. **अनुदानको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (५) मा कुनै संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे नगरेको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट यो वर्ष विभिन्न १२ अनुदान कार्यक्रममा रु.३२ अर्ब १३ करोड ७९ लाख खर्च भएको छ। मन्त्रालयबाट प्रदान गरिएको अनुदानमध्ये रासायनिक मल खरिदको हिस्सा ८३.५१ प्रतिशत रहेको छ।

सङ्घीयता कार्यान्वयनसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी सरकारका तीनवटै तहबाट कृषि क्षेत्रमा विभिन्न अनुदान कार्यक्रम सञ्चालनमा रहे तापनि अनुदान वितरणको एकीकृत अभिलेख अद्यावधिक नहुँदा

अनुदान वितरणमा दोहोरोपना हुने, किसान सूचीकरण र परिचयपत्र वितरणको कार्य पूरा नहुँदा प्रस्ताव माग गरी वितरण हुने अधिकांश अनुदानमा सीमान्तकृत किसानको पहुँच नहुने, तीनै तहका सरकारबिच समन्वयको अभावमा अनुदान उपयोग स्थितिको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसक्दा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा अपेक्षाकृत अभिवृद्धि हुन सकेको छैन।

६२. **रासायनिक मल खरिद -** कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो वर्ष ५ लाख ५० हजार मेट्रिकटन रासायनिक मल खरिद गर्ने लक्ष्य लिएकोमा ४ लाख ८७ हजार मेट्रिकटन मल खरिदका लागि रु.२६ अर्ब ८१ करोड ९८ लाख ८६ हजार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडलाई अनुदान प्रदान गरेको छ।

मल खरिद कारबाही समयमा नहुँदा मल आपूर्ति, बिक्री वितरण एवं व्यवस्थापन कार्यमा समस्या रहेको देखिन्छ। तसर्थ समयमै वार्षिक क्यालेण्डर स्वीकृत गरी खरिद प्रक्रिया अवलम्बन गर्ने, अन्तर्राष्ट्रिय बजारमा मलको मूल्यमा घटबढ भएको अवस्थामा मूल्य समायोजन गरी भुक्तानी दिने एवं मल बिक्री वितरणको प्रभावकारी अनुगमन गरी रासायनिक मल खरिद तथा बिक्री वितरणको कार्य व्यवस्थित गर्नुपर्दछ।

६३. **बाली तथा पशुधन बिमा प्रिमियम अनुदान -** बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०८१ बमोजिम एक बिमा कम्पनीले ७ हजार ७०८ बिमालेखबाट रु.४ अर्ब ७२ करोड ४३ लाख ५६ हजारको बिमा दाबी गरेकोमा कृषि विभागले रुजु गर्दा रु.१ अर्ब ८७ करोड ७८ लाख १ हजार बिमाङ्क कायम गरेको छ। कायम भएको बिमाङ्कका आधारमा रु. १२ करोड ४८ लाख ७५ हजारको ८० प्रतिशतले हुने रु.९ करोड ९९ लाख अनुदान दिनुपर्नेमा रु.८७ लाख ९० हजार मात्र दाबी भुक्तानी गरेको छ। बिमा प्रिमियम रकम सम्बन्धी कागजात समयमै रुजु गरी दाबी भुक्तानी दिनुपर्दछ।

त्यस्तै पशु सेवा विभागले बिमा प्रिमियम अनुदानबापत यो वर्ष नेपाल बिमा प्राधिकरणलाई रु.१ अर्ब ४३ करोड १० लाख भुक्तानी दिएको छ। यस वर्ष पशुधन, माछा र पन्छीतर्फको बिमाङ्क र वार्षिक बिमा शुल्क क्रमशः रु.३४ अर्ब ९१ करोड ६३ लाख ७३ हजार र रु.१ अर्ब ५८ करोड ८३ लाख ९८ हजार रहेको छ। बिमा शुल्कको अनुपात बिमाङ्क रकमको ४.५५ प्रतिशत देखिन्छ। पशुपन्छी बिमाको क्षेत्र र बिमा शुल्क बढ्दै जाँदा नेपाल सरकारको आर्थिक दायित्व बढ्दै जाने देखिएकाले बिमा शुल्क निर्धारणलाई वैज्ञानिक र अनुमानयोग्य बनाउनुपर्दछ।

६४. **सामाजिक सुरक्षा अभिलेख व्यवस्थापन तथा अनुगमन -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २६ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमनसम्बन्धी व्यवस्था छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले उपलब्ध गराएको विवरणअनुसार सामाजिक सुरक्षा भत्तामा २०७९।८० मा रु.१ खर्ब ८ अर्ब ३७ करोड २ लाख र २०८०।८१ मा १.६८ प्रतिशतले वृद्धि भई रु.१ खर्ब १० अर्ब १९ करोड ७० लाख ३१ हजार खर्च भएको छ। यो वर्ष नेपाल सरकारले ३८ लाख ६ हजार ६३४ जना लाभग्राहीलाई रु.१ खर्ब १४ अर्ब ४१ करोड २ लाख ६८ हजार सामाजिक सुरक्षा भत्ता निकासा गरेको छ। निष्क्रिय लाभग्राही खाताको ट्रयाक गर्ने प्रणाली विकास नभएको तथा विभागले भत्ता वितरणको अनुगमन नगरेकोले मृत्यु भएका व्यक्तिका खातामा सामाजिक सुरक्षा भत्ता गइरहने जोखिम विद्यमान रहेको छ। विभागले कानुनबमोजिम सामाजिक सुरक्षा भत्ता वितरणको बैकिङ्ग अभिलेख ट्रयाकिङ पद्धतिको विकास गरी प्रभावकारी ढङ्गबाट अनुगमन गर्नुपर्दछ।

६५. **वन विकास कोष -** वन ऐन, २०७६ को दफा ४५ मा वन क्षेत्र अन्य प्रयोजनको लागि दिएमा सो बापत प्राप्त रकम वन विकास कोषमा जम्मा गरी नियमानुसार खर्च गर्ने व्यवस्था रहेकोमा यो वर्षसम्म उक्त कोषमा रु.३ अर्ब ३७ करोड ३२ लाख प्राप्त भएको छ। यो वर्ष वन तथा भू-संरक्षण विभागले भोगाधिकार दिएका ४३ संस्थासमेत हालसम्म ६७१ संस्थालाई वन क्षेत्रको भोगाधिकार उपलब्ध गराएकोमा काठमाडौं-तराई (मधेश) द्रुतमार्गलगायत ३ सडक आयोजना, लुम्बिनी प्रदेश सरकार मातहत आधुनिक सरुवा रोग अस्पताल लगायत ३८ संस्थाबाट रु.४ अर्ब ९२ करोड ८१ लाख कोषमा प्राप्त हुन बाँकी रहेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

वन नियमावली, २०७९ को नियम ४ मा भोगाधिकार प्राप्त गर्ने निकायले ५ वर्षसम्म संरक्षण गर्न लाग्ने खर्च वन विभागले तोकेबमोजिम उक्त कोषमा जम्मा गर्नुपर्ने र नियम ९५ मा यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानुनबमोजिम सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउने र जग्गा उपलब्ध गराउन नसक्ने भएमा सोबापत रकम बुझाउन निवेदन दिन सक्ने व्यवस्था छ। ४९७ आयोजनालाई १८ हजार ८७९ हेक्टर तथा तत्पश्चात् १७४ आयोजनालाई २ हजार ९८९ हेक्टरसमेत ६७१ आयोजनालाई २१ हजार ८६८ हेक्टर जग्गा ७ देखि ४० वर्षसम्मको लागि उपयोग गर्न लिजमा दिएको देखिन्छ। सोको अनुगमन गर्नुपर्दछ।

६६. **विद्युत खरिद सम्झौता -** यो वर्षसम्म नेपाल विद्युत्त प्राधिकरणले २५३ स्वतन्त्र उर्जा उत्पादकसँग १६ हजार २७ मेगावाट खरिद सम्झौताको प्रक्रियामा रहेको छ। यस वर्षका लागि गरिएको योजना र वास्तविक विद्युत उत्पादनको तुलना गर्दा अधिकांश महिनामा योजना भन्दा उत्पादन कम भएको कारण प्राधिकरणलाई करिब रु.२६ करोड ८८ लाख किलोवाट-घण्टा विद्युत उत्पादन घाटा भएको देखिन्छ। उत्पादनमा कमी भएको कारण एक मित्रराष्ट्रबाट थप विद्युत आयात गर्दा प्राधिकरणलाई सोका लागि अनुमानित रु.१ अर्ब २२ करोड ७९ लाख व्ययभार परेको छ। विशेष गरी सुक्खा महिनाहरूमा आयातित विद्युतमा निर्भरता रहेको र रन अफ रिभर प्रकृतिका परियोजनाबाट उत्पादित विद्युत वर्षायाममा खेर गई प्राधिकरणलाई घाटा भइरहेकोले उक्त विषयलाई समेत ध्यान दिई व्यावसायिक विद्युत योजना सहित विद्युत खरिद सम्झौता गर्नुपर्दछ।

६७. **सहायक कम्पनीमा लगानी तथा सञ्चालक नियुक्ति -** नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ५ (क) अनुसार सेयर लगानी गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्दछ। नेपाल विद्युत प्राधिकरणले नेपाल सरकारको स्वीकृति बेगर ३५ निकाय (सब्सिडिएरी, एसोसिएट तथा अन्य) मा रु.५६ अर्ब ८ करोड ६० लाख बराबरको सेयर लगानी गरेको छ। त्यस्तै, गण्डकी प्रदेशका २ मन्त्रालयबाट नेपाल सरकारको स्वीकृति नलिई रु.३८ करोड १३ लाख बराबरको रकम प्राप्त गरेको छ। साथै प्राधिकरणका कार्यकारी निर्देशकलगायतका कर्मचारीलाई सञ्चालकको रूपमा एक भन्दा बढी सहायक कम्पनीमा प्रतिनिधित्व गराएको देखिन्छ। यसरी सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृति लिएको देखिएन।

६८. **विमान खरिद कर्जा** - नेपाल वायुसेवा निगमले ए-३२० तथा ए-३३० जहाज खरिदका लागि नेपाल सरकारको जमानीमा २०७०।३।४ र २०७४।२।२८ मा कर्मचारी सञ्चय कोषबाट रु.२२ अर्ब तथा नागरिक लगानी कोषबाट रु.१२ अर्बसमेत रु.३६ अर्ब कर्जा लिएकोमा भुक्तानी तालिकबमोजिम साँवा ब्याज भुक्तानी नगरेका कारण कुल तिर्न बाँकी साँवा तथा ब्याज कर्मचारी सञ्चय कोषलाई रु.३१ अर्ब ३३ करोड ९२ लाख ६१ हजार र नागरिक लगानी कोषलाई रु.२१ अर्ब १२ करोड १७ लाखसमेत रु.५५ अर्ब ४ करोड ७८ लाख पुगेको छ। भुक्तानी तालिकाबमोजिम उक्त रकम भुक्तानी गर्नुपर्दछ।

६९. **विश्वविद्यालयको जग्गा अतिक्रमण -** त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकायहरूको पूर्ण स्वामित्वमा १ करोड ३१ लाख ३२ हजार वर्गमिटर, भोगाधिकार ९ लाख ९९ हजार वर्गमिटर र अन्य ६ लाख ५३ हजार वर्ग मिटर समेत १ करोड ४७ लाख ८४ हजार वर्गमिटर जग्गा रहेकोमा विश्वविद्यालयको ६ लाख ५३ हजार वर्गमिटर जग्गा, सुदूरपश्चिम विश्वविद्यालय र मातहतका निकायको पूर्ण स्वामित्वमा रहेको टीकापुर बहुमुखी क्याम्पसको ३८० बिघा जग्गामध्ये ३०० बिघा तथा पोखरा विश्वविद्यालयको स्वामित्वमा रहेको पोखरा महानगरपालिका विभिन्न वडामा नेपाल सरकारबाट भोगाधिकार प्राप्त १ हजार ३७२ रोपनी १३ आना ३ पैसा जग्गामध्ये ६२५ रोपनी भन्दा बढी अतिक्रमण भएको छ। विश्वविद्यालयहरूले सम्पत्तिको केन्द्रीय लगत राखी सम्बन्धित निकायसँग समन्वय गरी अतिक्रमित जग्गा फिर्ता गरी उचित संरक्षण गर्नुका साथै आयमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

७०. **जग्गाको सीमाङ्कन तथा संरक्षण -** नेपाल संस्कृत विश्वविद्यालयको नाममा करिब १ हजार ६६२ बिघा ३ कट्ठा ९.५ धुर जग्गा रहेकोमा सोका अतिरिक्त १२ बिघा १९ कट्ठा ४.५ धुर जग्गा दर्ता हुन बाँकी रहेको, पूर्वाञ्चल विश्वविद्यालयले नेपाल सरकारबाट भोगचलनको लागि स्वीकृति प्राप्त मोरङ जिल्लामा रहेको ८०५ बिघा जग्गा सीमानामा कंक्रिट पिलर निर्माण गरी घेराबार गर्ने र सीमा छुट्याउनेका साथै जग्गाको नापी तथा सीमाङ्कनको कार्य सम्पन्न नभएका कारण जग्गाको उचित संरक्षण हुन नसकेको, लुम्बिनी बौद्ध विश्वविद्यालय विश्वविद्यालय र मातहतमा रहेको करिब ६७.४५ बिघा भोगाधिकार र ३९.५५ बिघा लिजमा प्राप्त भएकोमा भोगाधिकार र लिजबाट प्राप्त जग्गाको अभिलेख नराखेको देखिन्छ। विश्वविद्यालयको नाममा रहेको सम्पत्तिको एकीकृत लगतका साथै दर्ता गरी सम्पत्तिको संरक्षण तथा परिचालन गर्नुपर्दछ।

७१. **सम्पत्ति जफत -** कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण तथा जफत) ऐन, २०७० को दफा १७ मा अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन अदालतको फैसला वा आदेश अन्तिम भएपछि लिलाम बिक्री गर्नुपर्ने वा नेपाल सरकारले प्रयोग गर्न सक्ने उल्लेख छ। कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागबाट प्राप्त विवरणअनुसार विभिन्न जिल्लाका ४० प्रतिवादीका १ रोपनी ६ आनादेखि न्यूनतम ३ आना ३ पैसासम्मको मूल्य नखुलेको जग्गा, रु.६६ लाख अंकित मूल्यको सेयर र सोमा बढे बढाएको रकमसमेत, १५ बैङ्कमा रहेको रु.६१ लाख १० हजार नगद मौज्दात र ब्याजसमेतको सम्पत्ति अदालतले जफत गर्न आदेश दिए तापनि हालसम्म प्रतिवादीहरूले नै प्रयोग गरी आएको देखिएकोले, ऐनको व्यवस्थाबमोजिम जफत गरी लिलाम बिक्री वा सरकारले प्रयोग गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।

७२. **जग्गाको अभिलेख -** प्रत्येक कार्यालयले सरकारी घर, जग्गाको लगत राख्नुपर्दछ। श्रीलंकाको कोलम्बोस्थित राजगिरियामा नेपाली राजदूतावास स्थापना गर्न सन् १९८९ मे १८ मा अमेरिकी डलर ३ लाख ६० हजारमा १.५ एकड जग्गा खरिद भएकोमा हाल उक्त जग्गा उपयोगविहीन अवस्थामा रहेको छ। यो वर्ष जग्गामा कम्पाउण्ड वाल निर्माण गर्न रु.३० लाख बजेट विनियोजन भएकोमा उक्त जग्गाको स्वामित्व सम्बन्धमा स्पष्ट हुन नसकेको जनाई नियोगले उक्त रकम खर्च गरेको छैन। श्रीलंकाको सरकारी मूल्याङ्कनअनुसार हालको अवस्थामा उक्त जग्गाको मूल्य करिब अमेरिकी डलर ६५ लाख रहेकोमा उक्त जग्गाको आधिकारिक जग्गाधनी पुर्जा हालसम्म प्राप्त भएको छैन। यो वर्ष श्रीलंकाको घरजग्गा व्यवस्थापन गर्ने सरकारी निकायमा खोजी गर्दा नेपाल सरकारको नाममा रहेको उक्त जग्गामध्ये एक एकड जग्गा सन् १९९४ मे ९ सम्म दुई पटक निजी व्यक्तिलाई बिक्री भइसकेको विवरण प्राप्त भएको छ। उक्त जग्गा नेपाल सरकारको स्वामित्वमा ल्याई संरक्षण तथा उपयोग गर्नुपर्दछ।

७३. **वन तथा संरक्षित क्षेत्र अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९ एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा राष्ट्रिय वनक्षेत्र तथा निकुञ्जको अतिक्रमण गर्ने कार्य दण्डनीय

अपराध मानिने उल्लेख छ। वन तथा भू-संरक्षण विभागबाट प्राप्त विवरणअनुसार ६५ जिल्लामा १ लाख ४ हजार हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागअन्तर्गतको संरक्षित क्षेत्रको ४ हजार २२१.६७ हेक्टर जग्गा अतिक्रमण भएकोमा गत वर्षसम्म शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बाँकें राष्ट्रिय निकुञ्जलगायतबाट १८२.५५ हेक्टर जग्गा अतिक्रमण मुक्त गराई यो वर्ष अतिक्रमित भू-भाग फिर्ता भएको छैन। सम्बन्धित मन्त्रालयले अतिक्रमित वन तथा संरक्षित क्षेत्रको क्षेत्रको स्थिति अद्यावधिक गरी कानुनअनुसार कारबाही गरी अतिक्रमण मुक्त गराउनुपर्दछ।

७४. **सम्पत्ति व्यवस्थापन -** गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को विनियम १७(१) बमोजिम आफ्नो अधिकार क्षेत्रभित्र संस्थानले जग्गा सम्बन्धी छुट्टै लगत तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। गुठी संस्थानले विभिन्न ६८ जिल्ला अन्तर्गत पहाडमा ५ लाख ६१ हजार ९९० रोपनी र तराईमा ६६ हजार ३३० बिघा जग्गा गुठीको नाममा रहेको देखाएको छ। संस्थानसँग जिल्लागत जग्गाको अभिलेख तथा जग्गाको अद्यावधिक विवरण नरहेकाले कुल जग्गाको क्षेत्रफल यकिन हुने अवस्था छैन। संस्थानको नाममा रहेको जग्गा तथा सम्पत्तिको एकीकृत र कार्यालयगत अभिलेख तयार गरी जग्गाको संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ।

गुठी संस्थानबाट प्राप्त विवरण अनुसार संस्थानको नाममा रहेका जग्गामध्ये धनुषा जिल्लामा ४३.५ बिघा, महोत्तरीमा १२२ बिघा, बारामा २७ बिघा, पर्सामा ७ बिघा तथा काठमाडौं, ललितपुर र भक्तपुरमा क्रमशः १४, १२ र २ रोपनी जग्गा अतिक्रमण भएको देखिन्छ। यद्यपि संस्थानले यसको पूर्ण लगत तयार नगरेकोले सो लगत तयार गर्नुपर्ने र अन्य जिल्लामा अतिक्रमण भएका जग्गाको एकीकृत तथा अद्यावधिक लगत तयार गरी अतिक्रमित जग्गाहरूको संरक्षण गर्नुपर्दछ।

७५. **अधिग्रहित जग्गामा नियन्त्रण -** सरकारी प्रयोजनका लागि अधिग्रहण गरिएको उद्देश्यानुसारको कार्यमा प्रयोग गर्नुपर्दछ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, रक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत १ हजार ८५ रोपनी तथा २७५ बिघा १६ कट्ठा १४ धुर जग्गा अधिग्रहण गरेकोमा केही जग्गा सरकारको नाममा पुर्जा प्राप्त नभएको तथा केही जग्गामा अतिक्रमण भएकोले जग्गा सरकारी कार्यालयहरूको नियन्त्रणमा आएको छैन। नेपाल सरकारले मुआब्जा वितरण गरी अधिग्रहण गरेको जग्गालाई सरकारको नियन्त्रणमा ल्याई उपयोग गर्नुपर्दछ।

७६. **जग्गा लिज कार्यनीति कार्यान्वयन -** सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा २१ मा लिजमा परिणत गर्ने म्यादभित्र निवेदन नदिए सो म्याद समाप्त भएपछि निकायलाई त्यस्तो भोगाधिकार अन्त्य भएको बेहोरा जग्गाधनी दर्ता स्रेस्तामा कैफियत जनाई प्रमाणित गर्नुपर्ने व्यवस्था छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त विवरणअनुसार गत वर्षसम्म २३० संस्थालाई ३४ लाख १७ हजार वर्गमिटर र २०८१।८२ मा ४६ संस्थालाई ६ लाख ६१ हजार ७५१ वर्गमिटरसमेत ४० लाख ७८ हजार ७५१ वर्गमिटर जग्गा उपयोग गर्ने गरी २७६ संस्थालाई जग्गा उपलब्ध गराएको तथा ३ संस्थालाई ४०/४० वर्षको लागि जग्गा लिजमा दिएको छ। विगतमा भोगाधिकार दिएका जग्गा लिजमा परिणत गरेको तथा हालसम्मको लिजमा दिएको जग्गाको विस्तृत विवरण तथा लिजमा उपलब्ध गराएको जग्गामा ती निकायले जग्गाको उपयोग एवं संरचना निर्माण र सोबाट प्राप्त हुनुपर्ने राजस्वको लगत राखेको देखिँदैन। लिजमा उपलब्ध गराएको जग्गाको उद्देश्य अनुरूप प्रयोग भएको सम्बन्धमा मन्त्रालयबाट अनुगमन गरी सःशुल्क लिजको रकम दाखिला भएको सुनिश्चित गर्नुका साथै कार्यनीतिअनुसार लिजमा परिणत नभएका जग्गा सम्बन्धित व्यक्ति तथा निकायको भोगाधिकार कट्टा गरी नेपाल सरकारको नाममा लगत कायम गर्नुपर्दछ।

७७. **व्यवस्थापन परीक्षण -** निजामती सेवा ऐन, २०४९ को दफा ७२ (क) र नियमावली, २०५० को नियम ३ (क) अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरकारी निकायहरूमा कानुन र कार्यविधिको पालना सम्बन्धमा व्यवस्थापन परीक्षण गर्नुपर्ने व्यवस्था छ। व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ बमोजिम यो वर्ष मन्त्रलयले ३० निकायको लक्ष्यमा २६ निकायको व्यवस्थापन परीक्षण गरेको छ। सङ्गठनात्मक नीति, संरचना, कार्यपद्धति, भौतिक पूर्वाधार र कर्मचारी व्यवस्थापन लगायतका १२ क्षेत्रका १०० सूचकमा आधारित परीक्षणबाट न्यूनतम ३५.९२ प्रतिशत र अधिकतम ६१.५२ प्रतिशतसम्म नतिजा प्राप्त भएको छ। व्यवस्थापन परीक्षणबाट औंल्याइएको बेहोरा सुधार हुनुपर्दछ।

प्रदेश मन्त्रालय तथा निकाय

७८. **प्रदेश सञ्चित कोष -** संविधानको धारा २०४ अनुसार गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गरिने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चित कोषको विवरणअनुसार २०८१।८२ मा गत वर्षको जिम्मेवारी रु.५१ अर्ब २४ करोड ६४ लाख ३५ हजार सहित कुल आम्दानी रु.२ खर्ब ४० अर्ब २ करोड ६० लाख ३१ हजार रहेकोमा रु.१ खर्ब ९९ अर्ब ९४ करोड ३८ लाख २५ हजार (८३.३० प्रतिशत) खर्च भई रु.४० अर्ब ८ करोड २२ लाख बाँकी रहेको देखिन्छ। प्रदेशले गत वर्षको अन्तिम मौज्दात रु.५५ अर्ब ६९ करोड ३ लाख रहेको आधारमा यो वर्षको सुरु मौज्दात कायम गर्नुपर्नेमा रु.४ अर्ब ४४ करोड ३९ लाख घटी जिम्मेवारी सारेको पाइयो।

७९. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारीसाधन करबापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेशहरूको विभाज्य कोषमा रहेको रकममध्ये मधेश प्रदेशको रु.१३ करोड ४५ लाख ५ हजार, गण्डकी प्रदेशको रु.५ करोड १७ लाख ५५ हजार र सुदूरपश्चिम प्रदेशको रु.२ करोड ६८ लाख २३ हजार समेत रु.२१ करोड ३० लाख ८३ हजार ऐनको प्रावधानबमोजिम बाँडफाँट भएको छैन। ऐनको व्यवस्थाबमोजिम उक्त रकम बाँडफाँट हुनुपर्दछ।

८०. **प्रदेश सरकारी कार्यालयको लेखापरीक्षण -** संविधानको धारा २४१ अनुसार प्रदेश सभा, प्रदेश सरकार एवं सबै प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्थाबमोजिम यो वर्ष सातै प्रदेश मातहतका १ हजार १२२ कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेतको रु.३ खर्ब १९ अर्ब ७ करोड ५८ लाख ५९ हजार र २ कार्यालयको बक्यौता रु.१ अर्ब २२ करोड ३५ लाख २६ हजारसमेत रु.३ खर्ब २० अर्ब २९ करोड ९३ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

८१. **वित्त हस्तान्तरण -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारले प्रदेश सरकारलाई प्रदान गरेको वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटको अवस्था निम्नानुसार छः

(रु. हजारमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
वित्तीय समानीकरण	८२०६३००	७१५६५४८	७५६४१४४	७००९३६३	७६०३६०१	९५१२११७	८००३९४९	५५०५६०२२
सशर्त	३८७९७००	२०२६४२१	२८२१६४५	२३८४००७	३४४३१२२	१९२२३२२	१६७०२६१	१८१४७४७८

समपूरक	६५५०००	०	६४१२५०	११३०५००	७९५०००	४७७६६०	८३९२३९	४५३८६४९
विशेष	६६७४००	०	९४१७३५	५८९९५०	७४४६००	४०९८२१	१९६८४८	३५५०३५४
जम्मा	**१३४०८४००**	**९१८२९६९**	**११९६८७७४**	**११११३८२०**	**१२५८६३२३**	**१२३२१९२०**	**१०७१०२९८**	**८१२९२५०४**
राजस्व बाँडफाँट	१११३५३१८	१०८२२३६१	११५५८६६१	८९३०५७१	१०९२१९६५	८४०१९२७	१००६२१२१	७१८३२९२४
कुल जम्मा	**२४५४३७१८**	**२०००५३३०**	**२३५२७४३५**	**२००४४३९१**	**२३५०८२८८**	**२०७२३८४७**	**२०७७२४१९**	**१५३१२५४२८**

महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारबाट ७ प्रदेशलाई वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदानसमेतमा रु.७६ अर्ब ७५ करोड ६१ लाख ९२ हजार निकासा भएको देखिन्छ। तथापि ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार त्यस्तो निकासा रु.८१ अर्ब २९ करोड २५ लाख ४ हजार रहेको देखिएकोले रु.४ अर्ब ५३ करोड ६३ लाख १२ हजारको फरक देखिएको छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

८२. **राजस्व अनुमान र प्राप्ति -** सात प्रदेश सरकारले बजेट वक्तव्यमार्फत २०८१।८२ मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजुसमेत रु.१ खर्ब ३४ अर्ब ७९ करोड ७१ लाख ८० हजार प्राप्त हुने अनुमान रहेकोमा रु.१ खर्ब ८ अर्ब ५५ करोड ३४ लाख २८ हजार (८०.५९ प्रतिशत) प्राप्त भएको देखिन्छ। प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली अनुमानको तुलनामा न्यून रहेको छ। प्रदेशगत राजस्व प्रक्षेपण र असुली स्थिति देहायबमोजिम रहेको देखिन्छः

(रु. हजारमा)

प्रदेश	राजस्व अनुमान	राजस्व प्राप्ति (अनुदान बाहेक)	प्राप्ति प्रतिशत
कोशी	१७३८०८००	१६०२६९९७	९२.२१
मधेश	२२६७२७००	१५२७८९५२	६७.३९
बागमती	३४५८१५९९	२८४९०१७३	८२.३९
गण्डकी	१५२६२२००	१२४४२३५७	८१.५२
लुम्बिनी	२२९५०७००	१६५८०३७८	७२.२४
कर्णाली	१०२१९७६५	९०३३८७१	८८.४०
सुदूरपश्चिम	११६२९४१६	१०७००७००	९२.०१
जम्मा	१३४६९७१८०	१०८५५३४२८	८०.५९

८३. **बजेट तथा खर्च -** प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनहरूमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०८१।८२ को बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	बजेट	चालु खर्च	पुँजीगत खर्च	कुल खर्च	खर्च प्रतिशत
कोशी	३५२७९३००	१४३५९५५२	१३८२३३५५	२८१८२९०७	७९.८९
मधेश	४३८९२१७०	९७५८५९७	२१४७५००७	३१२३३६०४	७१.१६
बागमती	६४५४०४३१	१७०१०१७५	२९३९३१३५	४६४०३३१०	७१.९०
गण्डकी	३२९७८५७५	७९०१३२२*	१४९९०९२४	२२८९२२४६	६९.४२
लुम्बिनी	३८९७००००	९९८५८६२	१७९०५१५२	२७८९१०१४	७१.५७
कर्णाली	३१४१००४१	९०७०९६०	१०९२६५०४	१९९९७४६४	६३.६७
सुदूरपश्चिम	३१६६८८२८	९७२७८२७	१२४७४७२८	२२२०२५५५	७०.११
जम्मा	**२७८७३९३४५**	**७७८१४२९५**	**१२०९८८८०५**	**१९८८०३१००**	**७१.३२**

द्रष्टव्यः *उल्लिखित चालु खर्चमा गण्डकी प्रदेशको प्रदेश सञ्चित कोषमा सङ्घीय अनुदान फिर्ता भएको रु.१ अर्ब १४ करोड ७ लाख २६ हजार समावेश गरिएको छैन।*

उल्लिखित विवरणअनुसार प्रदेशहरूको औसत खर्च ७१.३२ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबैभन्दा बढी खर्च कोशी प्रदेशको ७९.८९ र सबैभन्दा कम खर्च कर्णाली प्रदेशको ६३.६७ प्रतिशत रहेको छ।

८४. **प्रदेश आन्तरिक स्रोत परिचालन -** प्रदेश सरकारहरूको २०८१।८२ को कुल खर्च रु.१ खर्ब ९८ अर्ब ८० करोड ३१ लाख रहेकोमा आन्तरिक स्रोतबाट रु.१ खर्ब २९ अर्ब ३ करोड ८४ लाख ८६ हजार खर्च गरेको छ। प्रदेशहरूको आन्तरिक स्रोतबाट खर्च बेहोरिएको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	कुल खर्च	प्रदेश स्रोतबाट खर्च	खर्च प्रतिशत
कोशी	२८१८२९०७	१६८७१६९३	५९.८६
मधेश	३१२३३६०४	२२०९७७०१	७०.७५
बागमती	४६४०३३११	३५७५८७१८	७७.०६
गण्डकी	२२८९२२४६	१३३९९४७०	५८.५३
लुम्बिनी	२७८९१०१४	१७५९२११५	६३.०७
कर्णाली	१९९९७४६४	१००३०२००	५०.१६
सुदूरपश्चिम	२२२०२५५५	१३२८८५९०	५९.८५
जम्मा	**१९८८०३१०१**	**१२९०३८४८७**	**६४.९१**

प्रदेश सरकारहरूले यो वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ६४.९१ प्रतिशत र बाँकी सङ्घीय सरकारको स्रोतबाट खर्च गरेको देखियो। आन्तरिक स्रोतबाट बेहोरिएको खर्च सबैभन्दा कम कर्णाली प्रदेशको ५०.१६ प्रतिशत र सबैभन्दा बढी बागमती प्रदेशको ७७.०६ प्रतिशत रहेको छ। प्रदेशहरूको आन्तरिक स्रोत परिचालन क्षमतामा अभिवृद्धि गर्नुपर्ने देखिएको छ।

८५. **यो वर्षको बेरुजु -** प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०८१।८२ को लेखापरीक्षण रकम र बेरुजु अङ्क निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	लेखापरीक्षण गरिएका कार्यालय सङ्ख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत
कोशी	२०८	५२३८४९७९	५८६६८३	५५५५४६	१.१२
मधेश	१५०	४९६९३९४३	१८७३३६१	१४२३३७६	३.७७
बागमती	२०९	८३१५६३७८	६९३७९४	४९४१६७	०.८३
गण्डकी	१८०	४१४५८१३२	५९५०१९	५४०३८०	१.४४
लुम्बिनी	२१४	५७२०१४२४	७२६९०५	६३३२०६	१.२७
कर्णाली	१३७	३७१९८०७६	७७३५६२	७००८२३	२.०८
सुदूरपश्चिम	१५९	३९४९९१५५	६०४८८९	५५५९००	१.५३
जम्मा	**१२५७**	**३६०५९२०८७**	**५८५४२१३**	**४९०३३९८**	**१.६२**

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजु मधेश प्रदेशको ३.७७ प्रतिशत र सबैभन्दा कम बेरुजु बागमती प्रदेशको ०.८३ प्रतिशत रहेको छ।

८६. **अद्यावधिक बेरुजु -** प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजु रु.३४ अर्ब १३ करोड ७९ लाख ५१ हजार रहेकोमा सम्परीक्षणबाट रु.१ अर्ब ८८ करोड ८३ लाख ९४ हजार फर्स्यौट तथा रु.६ करोड २७ लाख ६५ हजार थप भई रु.३२ अर्ब ३१ करोड २३ लाख २२ हजार बाँकी रहेको छ। यो वर्ष रु.५ अर्ब ८५ करोड ४२ लाख १३ हजार थप भई अद्यावधिक बेरुजु रु.३८ अर्ब १६ करोड ६५ लाख ३५ हजार कायम भएको छ। सो रकममा रु.१२ अर्ब ८४ करोड १० लाख २६ हजार पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रु. हजारमा)

प्रदेश	गत वर्ष सम्मको बाँकी	सम्परीक्षण	सम्परीक्षणबाट थप	बाँकी	यो वर्षको थप	हालसम्मको बाँकी	बेरुजु बाँकी मध्ये पेस्की

कोशी	५४००५८३	३७३७९०	१७०६३	५०४३८५६	५८६६८३	५६३०५३९	३७७२७७२
मधेश	९२०३५५९	९६६५६	५०५	९१०७४०८	१८७३३६१	१०९८०७६९	३५२३६१०
बागमती	४८६८९६६	२८२२४८	१८२	४५८६९००	६९३७९४	५२८०६९४	१२०५६०६
गण्डकी	२९८५१०२	७७१०६४	२४८३८	२२३८८७६	५९५०१९	२८३३८९५	२३०१३३६
लुम्बिनी	४५७५१३७	१४७३३८	१७५९	४४२९५५८	७२६९०५	५१५६४६३	९८४४५१
कर्णाली	४१२०५८४	१७६४५८	१७९१९	३९६२०४५	७७३५६२	४७३५६०७	६९७६६६
सुदूरपश्चिम	२९८४०२०	४०८४०	४९९	२९४३६७९	६०४८८९	३५४८५६८	३५५५८५
जम्मा	**३४१३७९५१**	**१८८८३९४**	**६२७६५**	**३२३१२३२२**	**५८५४२१३**	**३८१६६५३५**	**१२८४१०२६**

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण, कार्यसम्पादन अवस्था र बेरुजु स्थिति सहितको प्रतिवेदन प्रदेशगतरूपमा सार्वजनिक गरिएको छ।

स्थानीय तह

८७. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ७२१ स्थानीय तहको कुल आय रु.६ खर्ब ३३ अर्ब ४० करोड १ लाखमध्ये रु.५ खर्ब ५९ अर्ब ६२ करोड ४१ लाख (८८.३५ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये चालुतर्फ रु.२ खर्ब ७० अर्ब ४ करोड ५८ लाख (४८.२५ प्रतिशत), पुँजीगततर्फ रु.१ खर्ब ४२ अर्ब ४९ करोड २६ लाख (२५.४६ प्रतिशत) र अन्य खर्चतर्फ रु.१ खर्ब ४७ अर्ब ८ करोड ५७ लाख (२६.२८ प्रतिशत) खर्च भएको छ। लेखापरीक्षण भएका ७२१ स्थानीय तहको २०८१।८२ को कुल आन्तरिक आय रु.३४ अर्ब ३० करोड ३२ लाख, सङ्घ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रु.८५ अर्ब ५६ करोड, गत वर्षको मौज्दात रु.७७ अर्ब ३८ करोड ७८ लाखसमेत आन्तरिक स्रोततर्फ रु.१ खर्ब ९७ अर्ब २५ करोड १० लाख प्राप्त भएको छ।

८८. **घटी जिम्मेवारी** - स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्दछ। जिम्मेवारी सार्ने क्रममा फरक परेमा सोको पुष्ट्याइँ उल्लेख गर्नुपर्नेमा यो वर्ष ८३ स्थानीय तहले रु.८८ करोड १० लाख २९ हजार घटी जिम्मेवारी सारेकोमा सोको आधार तथा कारण खुलाएका छैनन्।

८९. **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आफ्नो आय-व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। गत वर्ष ३२७ स्थानीय तहले आन्तरिक लेखापरीक्षण नगराएकोमा यो वर्ष २६८ ले आन्तरिक लेखापरीक्षण गराएका छैनन्। कानुनबमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ।

९०. **बैङ्क हिसाब मिलान** - स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी म.ले.प.फा.नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस्तो विवरण तयार गरेका छैनन्। यो वर्ष ९० स्थानीय तहको स्रेस्ताले देखाएकोभन्दा बैङ्क खातामा रु.५४ करोड ४९ लाख ३५ हजारले घटी मौज्दात रहेकोमा हिसाब मिलान गरी बैङ्क मौज्दात यकिन गरेको देखिएन।

९१. **सम्पत्ति व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष २२१ स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन्। त्यसैगरी महालेखानियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) अनिवार्य रूपमा लागु गर्नुपर्ने उल्लेख छ। यस वर्षसम्म २९३ स्थानीय तहले उक्त प्रणालीको प्रयोग गरेका छैनन्।

९२. **दाखिला बाँकी** - स्थानीय तहले भुक्तानीमा कट्टी गरेको रकम सोही आर्थिक वर्षमा तोकिएको खातामा दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ। यो वर्ष १७७ स्थानीय तहले वित्तीय विवरणमा देखाएको कर कट्टी तथा अन्य दाखिला बाँकी रु.१३ करोड ३० लाख १० हजार सम्बन्धित खातामा दाखिला गरी हिसाब मिलान गरेका छैनन्।

९३. **बजेट अबण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २१९ स्थानीय तहले रु.७ अर्ब ५६ करोड ७४ लाख ८१ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था विद्यमान रहने हुँदा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

९४. **अनुदान** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ५ वर्षको अवस्था देहायअनुसार छः

(रु. लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	ससर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
सङ्घीय सरकारबाट प्राप्त					
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
२०७८।७९	९४५२७१	१८४१९२६	५८४०९	४४०२७	२८८९६३३
२०७९।८०	९२६९८४	१९२८८०३	६८३००	५२८७५	२९७६९६२
२०८०।८१	८१२२५९	१७१३००७	६०१५८	४८५४०	२६३३९६४
२०८१।८२	८०७४१३	१८१३९२७	५९९१०	४४८२६	२७२६०७६
प्रदेश सरकारबाट प्राप्त					
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०
२०७८।७९	७१०५७	८७२११	२१४५१	५७३११	२३७०३०
२०७९।८०	७३०९५	१०८८७८	२४८२३	५७१४७	२६३९४३
२०८०।८१	७०४८०	७९५०३	१५१९०	४६९२४	२१२०९७
२०८१।८२	७६०४४	१०८३१६	३४४४०	४५८७२	२६४६७२

उल्लिखित तथ्याङ्कअनुसार स्थानीय तहहरूमा सङ्घ तथा प्रदेशको समानीकरणको अनुदानको तुलनामा ससर्त अनुदानको अंश बढ्दै गएको छ।

सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको मार्गदर्शनबमोजिम स्रोतको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा प्राप्त हुनेगरी स्रोतगत वर्गीकरणका आधारमा बजेट स्वीकृत गरी आर्थिक कारोबार गर्ने व्यवस्था मिलाउनुपर्दछ।

९५. **सफ्टवेयर खरिद तथा उपयोग** - नेपाल सरकारबाट जारी सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणालीसम्बन्धी कागजात तयार गरी मानकअनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। यो वर्ष १४८ स्थानीय तहले सफ्टवेयर खरिद, मर्मत तथा नविकरणमा रु.११ करोड ५३ लाख ५६ हजार खर्च गरेकोमा १५ स्थानीय तहले रु.७७ लाख ९ हजारको सफ्टवेयर प्रयोग गरेको देखिएन।

९६. **लेखापरीक्षण, बेरुजु र लेखापरीक्षणको क्रममा असुली** - यो वर्ष ७२१ स्थानीय तहको रु.११ खर्ब ९ अर्ब ५२ करोड ३८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट ७२१ स्थानीय तहको

रु.२१ अर्ब ४७ करोड ५० लाख बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ अर्ब ४२ करोड ७३ लाख फस्यौंट गरेकोले रु.१९ अर्ब ४ करोड ७७ लाख फस्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२ अर्ब १ करोड ३३ लाख (१०.५७ प्रतिशत), नियमित गर्नुपर्ने रु.१५ अर्ब १८ करोड ९४ लाख (८९. ७४ प्रतिशत) र म्याद नाघेको पेस्की रु.१ अर्ब ८४ करोड ५० लाख (९.६९ प्रतिशत) बाँकी बेरूजु देखिएको छ।

यो वर्ष लेखापरीक्षणबाट औंल्याइएपछि ४९१ स्थानीय तहले रु.३२ करोड १९ लाख र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि ५०२ स्थानीय तहले रु.४७ करोड ९६ लाखसमेत रु.८० करोड १४ लाख असुली गरेका छन्। गत विगत वर्षको बेरूजु सम्परीक्षणको क्रममा ४८२ स्थानीय तहबाट रु.१ अर्ब १ करोड ८७ लाखसमेत यो वर्ष कुल रु.१ अर्ब ८२ करोड १ लाख असुल भई सम्बन्धित राजस्व खातामा दाखिला भएको छ।

९७. **अद्यावधिक बेरूजु -** स्थानीय तहतर्फ गत वर्षसम्मको कुल बेरूजु रु.२ खर्ब ९ अर्ब २८ करोड ९१ लाख रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु.८ अर्ब १४ करोड ६४ लाख फस्यौंट, समायोजन तथा सम्परीक्षणबाट रु.२८ करोड २२ लाख थप र यस वर्षको बेरुजु रु.१९ अर्ब ४ करोड ७७ लाखसमेत बाँकी रु.२ खर्ब २० अर्ब ४७ करोड २६ लाख अद्यावधिक बेरूजु रहेको छ।

कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण

यो वर्ष १५ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, १ विषयको विशेष लेखापरीक्षण गरिएको छ। उक्त लेखापरीक्षणबाट देखिएका संक्षिप्त बेहोरा देहायबमोजिम रहेका छन्ः

- **कार्यमूलक लेखापरीक्षण**

९८. **काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन -** काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन विषयको लेखापरीक्षणबाट सम्पदासँग सम्बन्धित नीतिगत, कानुनी एवं प्रक्रियागत सामञ्जस्यता नभएको, सम्पदाहरूको अभिलेख तथा वर्गीकरण व्यवस्थित हुन नसकेको, सम्पदा संरक्षणका लागि रणनीति तथा गुरुयोजना बनाई प्रभावकारी कार्यान्वयन नभएको, पर्याप्त स्रोतसाधनको व्यवस्था हुन नसकेको, जग्गा स्वामित्वको विषयमा विवाद रहेको, चोरी तस्करी एवं अतिक्रमण नियन्त्रण गर्न नसकेको लगायतका कमी, कमजोरीले सम्पदा संरक्षण र उपयोग प्रभावकारी नदेखिएको लगायतका बेहोरा देखिएका छन्।

९९. **खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति -** खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति विषयको लेखापरीक्षणबाट खेल पूर्वाधारको समग्र प्रणालीगत कमजोरीहरू रहेको, कानुन, कार्यविधि तथा मापदण्ड समयमै स्वीकृत र कार्यान्वयन हुन नसकेको, पूर्वाधार निर्माणमा दीर्घकालीन योजना र मापदण्डको अभाव रहेको, बजेट विनियोजन अनुसार खर्च हुन नसकेको तथा सम्पत्तिको अभिलेख, उपयोग संरक्षणमा कमजोरी रहेको, अन्तर्राष्ट्रिय मापदण्डअनुसारका पूर्वाधार अभाव, अन्तर तह तथा अन्तर निकाय समन्वय तथा सहकार्यको अभाव, न्यून निजी क्षेत्रको सहभागिता र प्रभावकारी अनुगमन प्रणालीको अभाव लगायतका बेहोराहरू देखिएका छन्।

१००. **निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह -** निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह विषयको लेखापरीक्षणबाट बिरामीको चापअनुसार अन्तरङ्ग तथा बहिरङ्ग सेवा उपलब्ध नभएको, सीमित शल्यचिकित्सक, एनेस्थेसिया तथा नर्सिङ जनशक्ति र आधुनिक उपकरणको कमीले कार्डियो र न्युरो सर्जरीजस्ता विशिष्टीकृत सेवा अस्पतालबाट उपलब्ध हुन नसकेको, निजामती कर्मचारी र सर्वसाधारणलाई

अलग अलग सेवा प्रवाह गर्न नसकेको, स्वास्थ्य उपकरणको नियमित मर्मत सम्भार हुन नसकेको, अस्पतालमा उपलब्ध ३० शय्या सहितको आकस्मिक कक्षमा नर्सिङ जनशक्ति कमी रहेको, आकस्मिक उपचारको लागि छुट्टै भिडियो एक्सरे मेसिन उपलब्ध नभएको, सिटी स्क्यान मेसिन नियमित सञ्चालनमा नरहेको र आकस्मिक बिरामीका लागि छुट्टै ल्याबको व्यवस्था नभएको, अन्तरङ्ग सेवामा निजामती कर्मचारीका लागि शय्याको प्राथमिकता वा कोटा निर्धारणसम्बन्धी स्पष्ट नीति तथा कार्यविधि नरहेको लगायतका बेहोराहरू देखिएका छन्।

१०१. **नेपाल कृषि अनुसन्धान परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता -** नेपाल कृषि अनुसन्धान परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता विषयक कार्यमूलक लेखापरीक्षणबाट जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेका असर र जनताको जीवनशैली परिवर्तनसँगै खाद्यान्नमा आएको संरचनागत परिवर्तनलाई सम्बोधन गर्न पूर्वाधार, जनशक्ति र अनुसन्धानमा परिषद्ले प्रयास गरिरहेको भएतापनि कृषि अनुसन्धानको लागि स्थापित नेपाल कृषि अनुसन्धान परिषद्मा कृषि विशेषज्ञ, वैज्ञानिकलगायतका जनशक्तिको कमी रहेको, वित्तीय स्रोतको व्यवस्थापन कमजोर रहेको, जग्गाको पूर्ण उपयोग नभएको, कृषि विकासमा लगानी भित्र्याउन नसकिएको, अन्तर्राष्ट्रिय अभ्यासलाई अनुसरण गर्ने सबल संयन्त्र विकास गर्न नसकेको, कानुनी तथा नीतिगत एकरूपता कायम गर्न नसकेको साथै कृषि अनुसन्धान र विकास प्राथमिकतामा नपरेको लगायतका बेहोराहरू देखिएका छन्।

१०२. **नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन विषयक कार्यमूलक लेखापरिक्षणबाट प्रतिष्ठानले आफ्नै नानो-स्याटेलाइट (नेपाली स्याट-१) अन्तरिक्षमा प्रक्षेपण गरी नेपाललाई अन्तरिक्ष युगमा प्रवेश गराउनुका साथै प्लास्टिक फोहोरबाट पेट्रोल उत्पादन गर्ने प्रविधिको सफल परीक्षण, ग्रामीण क्षेत्रमा ऊर्जा दक्षता बढाउन र धुवाँमुक्त घर बनाउन सुधारिएको चुलो र बायो-ब्रिकेट प्रविधिको प्रवर्धन, आफ्नै प्रयोगशालाहरू मार्फत साना तथा मझौला प्रविधि विकास गर्ने, युवा वैज्ञानिकहरूलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने, स्थानीय र मौलिक प्रविधिहरूको संकलन र प्रदर्शन गर्ने कार्य गर्दै विज्ञान तथा प्रविधिको अनुसन्धान र विकासमा प्रतिष्ठानले महत्वपूर्ण योगदान पुऱ्याए तापनि अनुसन्धान र विकासकालागि पुराना कानुनी र संरचनागत आधार, वित्तीय र प्रशासनिक स्वायत्तताको कमी रहेको, राज्यको नीति अनुरूप नयाँ कानुन र संरचनाहरू निर्माण नभएको, दक्ष जनशक्ति अभाव, प्रतिभा पलायन लगायतका बेहोराहरू देखिएका छन्।

१०३. **पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण स्थिति -** पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण स्थिति विषयको कार्यमूलक लेखापरीक्षणबाट मध्यपहाडी जिल्लाहरूमा यातायातको सहज पहुँच विस्तार गरी आर्थिक रूपमा न्यून आय भएका बस्तीहरूलाई सडक सञ्जालसँग जोड्दै व्यापार, कृषि, पर्यटन तथा आर्थिक विकास प्रवर्धन गर्ने उद्देश्यका साथ सञ्चालित यस आयोजनाले अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकेको, संशोधित कार्यतालिकाअनुसार २०८४।८५ भित्र आयोजना सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८१।८२ सम्ममा आयोजनाको भौतिक प्रगति ८२ प्रतिशत रहेको, पर्याप्त पूर्व तयारी, कार्यतालिका पालना, अन्तरनिकाय समन्वय तथा विवाद समाधान जस्ता पक्ष कमजोर रहेको, राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कनको टुङ्गो नहुँदा आयोजना निर्धारित अवधिमा सम्पन्न नभई समय र लागतमा वृद्धि भएको जस्ता बेहोराहरू देखिएका छन्।

१०४. **राष्ट्रिय राजमार्गहरूको मर्मत, सम्भार स्थिति -** राष्ट्रिय राजमार्गहरूको मर्मत, सम्भार स्थिति विषयको कार्यमूलक लेखापरिक्षणबाट सडक मर्मतसम्भार कार्यका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था नभएको, सडक बोर्ड ऐन, २०५८ मा उल्लेख भएअनुसार मर्मत, सम्भार खर्च न्यूनीकरणका लागि कार्ययोजना बनाउने, कोषको रकम प्राथमिकताअनुसार सडक सुरक्षा कार्यमा खर्च गर्ने, सवारी साधनको

भारवहन मापदण्ड कार्यान्वयन गर्ने, अनुसन्धान गर्ने तथा नियम उल्लङ्घनमा जरिबाना गर्नेलगायतका व्यवस्था व्यवहारमा लागु नभएको, नियमित मर्मत भए तापनि सडक मर्मत कार्यमा संलग्न निकायहरूबिच समन्वय अभाव रहेको, योजना निर्माण तथा प्राथमिकता निर्धारणमा कमजोरी रहेको, आवश्यक बजेट विनियोजन नभएको तथा उपलब्ध स्रोतको प्रभावकारी उपयोग नभएको, सडक मर्मतका कार्यहरू समयमै सम्पन्न नभई पटक पटक म्याद थप हुने प्रवृत्ति रहेको, अनुगमन तथा गुणस्तर नियन्त्रण प्रणाली कमजोर रहेको र आधुनिक प्रविधिमा आधारित सडक सम्पत्ति व्यवस्थापन प्रणालीको अभाव रहेको जस्ता बेहोरा देखिएका छन्।

१०५. **विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता** - विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता विषयको कार्यमूलक लेखापरिक्षणबाट विद्यालय क्षेत्र विकास कार्यक्रममार्फत भौतिक पहुँचमा क्रमिक सुधार देखिए तापनि संघीय शिक्षा ऐनको अभावमा विनियोजित बजेटको न्यून परिचालन, शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्क र वास्तविक उपस्थितिबिचको अन्तरले छात्रवृत्ति, दिवा खाजा र पाठ्यपुस्तकको बजेट खर्च, विद्यालयको समायोजन तथा एकीकरण, विद्यालयको भौतिक पूर्वाधार निर्माण, वर्तमान अवस्थामा दूर शिक्षा कार्यक्रमको सान्दर्भिकता र नियमिततामा चुनौती थपिएको जस्ता बेहोरा देखिएका छन्।

१०६. **वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता** - वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट कुल ऊर्जा आपूर्तिमा नवीकरणीय ऊर्जाको हिस्सा उल्लेख्य मात्रामा वृद्धि हुन नसकेको, केन्द्रबाट घरायसी बायोग्यास, वैकल्पिक ऊर्जाको लागि तय गरिएका नीति तथा रणनीतिहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको, आवधिक योजना र बजेट तथा कार्यक्रमबिच उचित तादात्म्यता नरहेको, दिगो विकास लक्ष्य हासिल गर्न तय गरिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कन हुन नसकेको र केन्द्रलाई प्राप्त सरकारी बजेट र वैदेशिक सहायताको समुचित परिचालन हुन नसकेको, विगतमा जडान भएका ऊर्जा प्रविधिहरू आफ्नो क्षमताअनुसार पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको, सञ्चालित सबै ऊर्जा प्रविधिहरूले मुलुकको ऊर्जा माग पूर्ण रूपमा पूरा गर्न नसकेको लगायतका बेहोरा देखिएका छन्।

१०७. **व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता** - व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट तालिम प्रदायक संस्था र अनुसन्धानमूलक निकायको क्षमता अभिवृद्धि हुन नसकेको, कार्य योजना तर्जुमा गरि परिमाणात्मक लक्ष्यसहित तालिम कार्यक्रम सञ्चालन हुन नसकेको, तालिमपश्चात सहभागीहरूको रोजगारी प्राप्तिको दर, आय वृद्धि, व्यवसाय स्थापनाको स्थिति तथा उद्यम सञ्चालनको दिगोपना जस्ता विषय नियमित रूपमा अनुगमन गरी तालिम पश्चात् स्वरोजगारी र रोजगारमा संलग्न प्रशिक्षार्थीहरूको विस्तृत प्रोफाइल तयार नगरेको लगायतका बेहोरा देखिएका छन्।

१०८. **सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता** - सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट कार्यक्रममा प्रयोगमा ल्याइएका सूचना प्रणालीको नियमित मर्मतसम्भार र समयानुकूल स्तरोन्नतिको अभाव, ज्येष्ठ नागरिकको औँठाको रेखाङ्कन रूजु नहुने, रेटिना स्क्यान उपकरणको अभाव र प्रणालीसँग आबद्धता नभएकोले अपलोड गरेका कागजातहरू स्वतः हट्ने हुँदा पुनः अपलोड गर्नुपर्ने र डाटा रूजु नहुने कारणले सेवा प्रवाहको लागत र समय वृद्धि हुने गरेको, प्रत्येक वर्ष लाभग्राही संख्या बढ्दै जानु, लाभग्राहीको उमेर र समूहमा फेरबदल, भत्ता दरमा परिवर्तन तथा सामाजिक सुरक्षा भत्तालाई आवश्यकतामा आधारित बनाउन नसक्नु लगायतका कारणले सामाजिक सुरक्षाको दायित्व बढ्दै गएको, लाभग्राहीको अभिलेख अद्यावधिक नभएको, विद्युतीय भुक्तानी प्रणाली व्यवस्थित नभएको , राज्यबाट सुविधा लिएका नागरिकलेसमेत सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको लगायतका बेहोरा देखिएका छन्।

१०९. **स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली -** स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली विषयको कार्यमूलक लेखापरीक्षणबाट स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) बाट स्थानीय राजस्व सङ्कलन गर्न सक्ने व्यवस्था भएकोमा अधिकांश स्थानीय तहले सोको पूर्ण कार्यान्वयन नगरेका, अधिकांश स्थानीय तहको आन्तरिक आयले चालु खर्च धान्न नसकेको, अनुमान अनुसार आय सङ्कलन हुन नसकेको, राजस्वका करका दर निर्धारणको आधारमा वैज्ञानिक विधि प्रयोग नगरी फरक फरक प्रयोग हुँदा एकै प्रकृतिको भौगोलिक क्षेत्र र अवस्थामा रहेका स्थानीय तहको राजस्व सङ्कलनमा विविधता रहेको, राजस्व छुटसम्बन्धी व्यवस्था कानुनद्वारा व्यवस्थित नगरिएको, बक्यौता राजस्व असुल हुन नसकेको, राजस्व आम्दानी र दाखिला भिडान हुने गरी अभिलेखाङ्कन नगरेको र राजस्वको सम्भाव्यता अध्ययन सहित दायरा विस्तार गर्ने कार्य हुन नसकेको, स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली दक्षतापूर्ण र प्रभावकारी हुन नसक्दा अपेक्षित राजस्व अभिवृद्धि हुन नसकेको लगायतका बेहोराहरू देखिएका छन्।

११०. **स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता -** स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट कार्यक्रममा हाल सक्रिय रूपमा बिमामा आबद्ध परिवार ३० प्रतिशत र बिमितको जनसंख्या २०.५ प्रतिशत मात्र रहेको, बिमा बोर्डको संरचना अस्थायी प्रकृतिको रहेको, स्रोत साधन र जनशक्तिको प्रर्याप्त व्यवस्था हुन नसकेको, बिमितहरूको बढ्दो दाबीसँगै दाबी परीक्षण कार्य त्रुटिरहित र समयभित्र सम्पन्न गर्न चुनौतीपूर्ण रहेको, दाबी भुक्तानीमा प्रिमियमको योगदान न्यून रहेको, सेवाप्रदायक संस्थाहरूबाट गरिएको दाबी समयमै पूर्णरूपमा भुक्तानी हुन नसकेको, सबै बिमितले औषधी पर्याप्तरूपमा प्राप्त गर्न नसकेको, बिमा कार्यक्रममा दोहोरोपना देखिएको, दाबी अस्वीकृति दर वृद्धि हुँदै गएको, सबै उमेर समूहमा बिमाको दायरा विस्तार हुन नसकेको, राष्ट्रसेवक तथा प्रतिष्ठानमा कार्यरत सबै कर्मचारीलाई बिमामा आबद्ध गर्न नसकिएको, प्रदेशगत रूपमा बिमामा सहभागिता असन्तुलित रहेको लगायतका बेहोरा देखिएका छन्।

१११. **प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन -** प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षणबाट प्रदेशले सार्वजनिक सम्पत्ति व्यवस्थापनमा छुट्टै नीति तथा कानुन तर्जुमा नगरेका, प्रदेश सरकार मातहतका सरकारी जग्गा र पूर्वाधारजन्य सम्पत्तिको अभिलेख तथा सबै सरकारी भवन संरचना, मेसिनरी उपकरण र अन्य स्थिर सम्पत्तिको लेखाङ्कन नगरेको, सम्पत्ति लेखाङ्कनमा फरक परेको, कानुनी व्यवस्थाबमोजिम सबै सम्पत्तिको मूल्य कायम नभएको, खारेज भएका कार्यालयको सम्पत्ति हस्तान्तरण नभएको, जिन्सी तथा सम्पत्तिको उपयोग र व्यवस्थापन प्रभावकारी नभएको लगायतका बेहोराहरू देखिएका छन्।

११२. **स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग-** स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग विषयको कार्यमूलक लेखापरीक्षणबाट अस्पतालहरूमा उपकरणको लागि पर्याप्त बजेट व्यवस्था नभएको, ठेक्का व्यवस्था आर्थिक वर्षको अन्त्यतिर हुने गरेको, उपकरणहरू मर्मत तथा जनशक्तिको अभावमा लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेका, अस्पतालका उपकरणहरू लामो समयसम्म लिलाम बिक्री नभएका लगायतका बेहोराहरू देखिएका छन्।

वातावरणीय लेखापरीक्षण

११३. **राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव -** राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव विषयको कार्यमूलक लेखापरीक्षणबाट राष्ट्रिय निकुञ्जको सञ्चालन तथा व्यवस्थापनको सन्दर्भमा निर्माण भएका कानुनी तथा नीतिगत व्यवस्था, सरकारका नीति तथा कार्यक्रम, आवधिक योजना र बजेट व्यवस्था प्रभावकारी नहुँदा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र लगायत संरक्षित क्षेत्रहरूमा

जैविक विविधता संरक्षणमा चुनौती, वन्यजन्तुको संख्यामा वृद्धि, यसबाट सिर्जित बढ्दो मानव-वन्यजन्तु द्वन्द्व, रोजगारीको न्यून अवसर जस्ता बेहोराहरू देखिएका छन्।

विशेष लेखापरीक्षण

११४. **सार्वजनिक खरिद र मध्यस्थता -** सार्वजनिक खरिद र मध्यस्थता विषयको विशेष लेखापरीक्षणबाट विगत पाँच वर्ष (२०७७।७८ देखि २०८१।८२ सम्म) मा सार्वजनिक निकायहरूबाट कार्यान्वयनका क्रममा रहेकामध्ये १६० खरिद सम्झौतामा विवाद भई निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा परामर्शदाताहरूले रु.११ अर्ब ९२ करोड १८ लाख र अमेरिकी डलर १ करोड २९ लाख १० हजारको दाबी पेश गरेकोमा मध्यस्थमार्फत रु.४ अर्ब ४४ करोड ६६ लाख र अमेरिकी डलर ६३ लाख १८ हजार भुक्तानी दिने निर्णय भएको, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम निर्माण व्यवसायीको लापरबाहीको कारणबाट खरिद सम्झौता अन्त्य गरिएकोमा क्षतिपूर्ति लिनुपर्ने व्यवस्था भए पनि व्यवहारमा नियोक्ताले नै वित्तीय दायित्व बेहोर्नु परेको, आर्थिक वर्ष २०७८।७९ मा कोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य सामग्री आपूर्ति ठेक्कामा आपूर्तिकर्ताले ३० मार्च २०२० सम्म १८.२१ प्रतिशत मात्र सामान आपूर्ति गरेकोले नियोक्ताले अमेरिकी डलर ५ लाख १६ हजार ९२२ को कार्यसम्पादन जमानत जफत गरेको तर मध्यस्थले नियोक्ताले ढुवानी सहजीकरण नगरेको उल्लेख गरी जमानत रु. ६ करोड २५ लाख र ब्याज रु. १ करोड ३१ लाखसहित फिर्ता गर्नुपर्ने र आपूर्ति भएको सामानको मूल्य रु. २७ करोड ६५ लाख थप भुक्तानी दिनुपर्ने निर्णय गरेको जस्ता बेहोरा देखिएका छन्।

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

१. **लेखापरीक्षण** - नेपालको संविधानको धारा २४१ मा सङ्घीय र प्रदेश तहका सबै सरकारी कार्यालय, स्थानीय तह तथा सङ्घीय कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। सोबमोजिम यो वर्ष ५ हजार ५२६ कार्यालयको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट रू.९५ अर्ब २७ करोड ८ लाख बेरुजु औँल्याइएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपश्चात् सम्बन्धित निकायहरूले पेस गरेको प्रमाण तथा प्रतिक्रियाबाट रू.७ अर्ब १७ करोड ९७ लाख सम्परीक्षण भई देहायबमोजिम रू.८८ अर्ब ९ करोड ११ लाख बेरुजु बाँकी रहेको छः

(रू. लाखमा)

विवरण	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट सम्परीक्षण		बाँकी बेरुजु	
	दफा	रकम	दफा	रकम	दफा	रकम
सङ्घीय सरकारी कार्यालयहरू	४०११३	५६५९९४	१५५५	३१११७	३८५५८	५३४८७७
प्रदेश सरकारी कार्यालयहरू	२०३९५	५६८२४	८९२	४५३७	१९५०३	५२२८७
स्थानीय तह	१२०४१८	२१४७५०	१४७५२	२४२७३	१०५६६६	१९०४७७
समिति र अन्य संस्था (प्रदेश समेत)	२५०४७	११५१४०	८६०	११८७०	२४१८७	१०३२७०
जम्मा	२०५९७३	९५२७०८	१८०५९	७१७९७	१८७९१४	८८०९११

यसै गरी यो वर्ष १५ विषयको कार्यमूलक लेखापरीक्षण, १ विषयको वातावरणीय लेखापरीक्षण र १ विषयको विशेष लेखापरीक्षण गरिएको छ। समिति र अन्य संस्थातर्फ २५६ संस्थाको बक्यौतासमेत २५८ आर्थिक वर्षको लेखापरीक्षण गरिएको छ। यस वर्ष सङ्घीयतर्फ २ कार्यालय, प्रदेशतर्फ ३ र स्थानीय तहतर्फ १ समेत ६ कार्यालयको लेखापरीक्षण बक्यौता रहेको छ। यसै गरी गत विगतका बक्यौतामध्ये सङ्घीयतर्फ २ र प्रदेश तर्फ २ समेत ४ कार्यालयको बक्यौता लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बेरुजुको लगत र अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(१) मा कार्यालयस्तरमा तथा दफा ३८(२) मा केन्द्रीयस्तरमा बेरुजुको लगत राख्नुपर्ने र दफा ३८(४) मा फस्यौंट तथा फरफारख भएको बेरुजुको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा बेरुजुको लगत समेत परीक्षण गराउनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयले २०७७।७८ देखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मा बेरुजुको लगत राखी सोही प्रणालीबाट सोको सम्परीक्षण तथा लगत कट्टा गर्दै आएको छ । कार्यालयस्तर र केन्द्रीयस्तरमासमेत बेरुजु लगत राखी अद्यावधिक गर्नुपर्दछ।

३. **बेरुजु फस्यौंट तथा सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ मा लेखापरीक्षणबाट औँल्याइएको बेरुजुका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुलउपर गरी फस्यौंट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फस्यौंट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुपर्ने व्यवस्थाअनुसार सम्परीक्षण भएको बेरुजु र अद्यावधिक बेरुजुको स्थिति देहायबमोजिम छः

(रू. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	३७५४७२५	(२९८०३)	४७४४३५	३२५०४८७	५३४८७७	३७८५३६४
प्रदेश सरकारी कार्यालयहरू	३०४८१९	०	१७४१६	२८७४०३	५२२८७	३३९६९०
स्थानीय तह	२०९२८९१	०	७८६४२	२०१४२४९	१९०४७७	२२०४७२६
समिति र अन्य संस्था (प्रदेश समेत)	११७९४७४	०	६०८०२	१११८६७२	१०३२७०	१२२१९४२
जम्मा	७३३१९०९	(२९८०३)	६३१२९५	६६७०८११	८८०९११	७५५१७२२

३.१. महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदनसम्म बाँकी रहेको कुल बेरुजु रू.७ खर्ब ३३ अर्ब १९ करोड ९ लाखमध्ये यो वर्ष समायोजन रू.२ अर्ब ९८ करोड ३ लाख, फस्यौंट तथा सम्परीक्षण रू.६३ अर्ब १२ करोड ९५ लाख भएकोमा यो वर्ष रू.८८ अर्ब ९ करोड ११ लाख थप भई अद्यावधिक बेरुजु रू.७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख रहेको छ।

४. **स्थानीय तहको बेरुजु फस्यौंट** - लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) मा महालेखापरीक्षकले स्थानीय तहको लेखापरीक्षण गरी जारी गरेको प्रतिवेदन सम्बन्धित स्थानीय तहले गाउँ वा नगर सभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। उक्त छलफल प्रयोजनका लागि कतिपय स्थानीय तहले गठन गरेको लेखा समितिमा कार्यपालिका सदस्यसमेत रहेकोले लेखा समितिले गर्ने निर्णयहरूमा कार्यकारीको प्रभाव देखिने अवस्था छ। लेखा समितिका सदस्यहरु कार्यकारीको प्रभावमा नहुने गरी उक्त समिति स्वतन्त्र हुने व्यवस्था गर्नुपर्दछ।

५. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा महालेखापरीक्षकबाट जारी प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने तथा महालेखापरीक्षकले प्रतिवेदनमा उल्लेख गरिएका विषयमा सुधार भए/नभएको र सुझाव कार्यान्वयन भए/नभएको सुनिश्चित गर्न सम्बन्धित निकायबाट भएका काम कारबाहीको प्रतिवेदन लिने, कार्यान्वयनका लागि कार्यावधि तोकी पुनः जाँच तथा आवश्यकताअनुसार निर्देशन दिनेलगायतका कार्य गर्न सक्ने व्यवस्था छ। महालेखापरीक्षकबाट जिम्मेवार पदाधिकारी तथा लेखा उत्तरदायी अधिकृतलाई प्रतिवेदनका सुझाव कार्यान्वयन सम्बन्धमा समय-समयमा निर्देशन दिए तापनि सोको पालना नगर्दा सोही प्रकृतिका बेहोरा दोहोरिने गरेका छन्।

सङ्गठित संस्थाको वित्तीय जवाफदेहिता अभिवृद्धि गर्ने जिम्मेवारी सञ्चालक समिति तथा पदाधिकारीहरूमा निहित रहे तापनि प्रतिवेदनमा दिइएका सुझावको व्यवस्थित अभिलेख राखी कार्यान्वयन गर्ने कार्य प्रभावकारी नहुनुका साथै विगतका बेरुजु फस्यौंट तथा लगत अद्यावधिक गरेका छैनन्।

निकाय, कार्यालय, संस्था र समितिहरूले लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन कार्ययोजना तयार गरी सोअनुरूप कार्यसम्पादन गर्नुपर्दछ।

६. **बेरुजु फस्यौंटमा भएको प्रयास** - यो वर्ष लेखापरीक्षण तथा बेरुजु फस्यौंटलगायतका विषयमा लेखा उत्तरदायी अधिकृत, सार्वजनिक लेखा समिति, सङ्गठित संस्थाका पदाधिकारी, उपत्यकाभित्रका महानगरपालिका तथा नगरपालिका प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत, उद्योगी तथा व्यवसायी, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारीलगायतसँग छलफल गरिएको छ। विभिन्न नगरसभा तथा गाउँसभा सदस्यलाई अभिमुखीकरण तथा नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घले आयोजना गरेका विभिन्न अन्तरक्रिया कार्यक्रममा महालेखापरीक्षक तथा कर्मचारीको सहभागिता रहँदै आएको छ।

७. **लेखापरीक्षणको प्रभाव -** यो वर्षको लेखापरीक्षणको क्रममा प्रारम्भिक प्रतिवेदन पठाएपछि तथा विगतको बेरुजु सम्परीक्षण गर्दा निम्नानुसार असुल भएको छः

(रू. हजारमा)

क्र.सं	विवरण	लेखापरीक्षणको क्रममा असुली	प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली	सम्परीक्षणको क्रममा असुली	जम्मा असुली
१	सङ्घीय कार्यालयहरू	१९०१३१	१७६४७७	११६५९५९५	१२०२६२०३
२	प्रदेश कार्यालयहरू	३७३५८	४५६४२	१५१८८०	२३४८८०
३	स्थानीय तह	३२१८०१	४७९६३७	१०१८७४५	१८२०१८३
४	समिति र अन्य संस्था	२७५९८	२०३०२५	३२०८१०	५५१४३३
	कुल जम्मा	**५७६८८८**	**९०४७८१**	**१३१५१०३०**	**१४६३२६९९**

यो वर्ष लेखापरीक्षणको क्रममा रू.५७ करोड ६८ लाख ८८ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.९० करोड ४७ लाख ८१ हजार तथा विगतको बेरुजु सम्परीक्षणबाट रू.१३ अर्ब १५ करोड १० लाख ३० हजारसमेत रू.१४ अर्ब ६३ करोड २६ लाख ९९ हजार असुल भएको छ।

८. **वार्षिक प्रतिवेदन र छलफल -** नेपालको संविधानको धारा २९४(१) मा महालेखापरीक्षकले राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको प्रतिवेदन प्रधानमन्त्रीमार्फत प्रतिनिधि सभामा पेस गर्ने र धारा २९४(३) मा महालेखापरीक्षकले प्रदेशगत अलग-अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ। यस्तै लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ।

८.१. प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ (८) मा सार्वजनिक लेखा समितिले सभामा पेस भएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने काम कारबाही कानुनसम्मत र औचित्यपूर्ण तवरबाट भए/नभएको सम्बन्धमा अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। महालेखापरीक्षकले बासट्ठिऔं वार्षिक प्रतिवेदन २०८२।१।३१ मा सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरेकोमा उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत सङ्घीय संसद सचिवालयमा २०८२।२।१९ मा दर्ता भई २०८२।३।२३ मा प्रतिनिधि सभामा पेस भएको छ। यस वर्ष उनन्साठिऔं र साठिऔं वार्षिक प्रतिवेदनका अधिकांश बेहोरा छलफल भई सार्वजनिक लेखा समितिको २३ औं वार्षिक प्रतिवेदन २०८२।३।३१ मा प्रतिनिधि सभामा पेश भई प्रतिनिधि सभाबाट स्वीकृत भएको छ। गत विगत वर्षका केही प्रतिवेदन समितिमा छलफल हुन बाँकी रहेका छन्। छलफल भएका प्रतिवेदन सम्बन्धमा समितिबाट प्राप्त निर्णय तथा निर्देशनको कार्यान्वयन सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्नुपर्ने भएकोले समितिको निर्णय तथा निर्देशन कार्यान्वयन स्थितिको अभिलेख राख्ने र स्वचालित निगरानी प्रणाली विकास गरी प्रभावकारी अनुगमन गर्नुपर्ने देखिन्छ।

८.२. महालेखापरीक्षकको प्रदेशगत सातौं वार्षिक प्रतिवेदनहरू २०८२।२।२ सम्म सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएकोमा उक्त प्रतिवेदन सम्बन्धित मुख्यमन्त्रीबाट कोशी प्रदेश सभामा २०८२।३।२३।, बागमती प्रदेश सभामा २०८२।४।२८, गण्डकी प्रदेश सभामा २०८२।२।२३, लुम्बिनी प्रदेश सभामा २०८२।१०।१४, कर्णाली प्रदेश सभामा २०८२।२।१९ र सुदूरपश्चिम प्रदेश सभामा २०८२।९।१६ मा पेस भएका छन्। पेस भएका वार्षिक प्रतिवेदनमध्ये मधेश प्रदेश सभामा ५ वटा प्रतिवेदन उपर छलफल सम्पन्न भई छैटौं र सातौं प्रतिवेदन छलफल हुन बाँकी रहेको, बागमती, गण्डकी

र लुम्बिनी प्रदेश सभामा छैटौं प्रतिवेदनसम्म छलफल सम्पन्न भई सातौं प्रतिवेदन छलफल हुन बाँकी रहेको, कोशी प्रदेश सभामा पहिलो देखि चौथो प्रतिवेदन उपर आंशिक छलफल, पाँचौ र छैटौं छलफल सम्पन्न भएको र सातौं प्रतिवेदनको छलफल हुन बाँकी रहेको, कर्णाली प्रदेश सभामा छैटौं प्रतिवेदनसम्म छलफल सम्पन्न भई सातौं प्रतिवेदन छलफलको क्रममा रहेको र सुदूरपश्चिम प्रदेश सभामा पहिलो, चौथो, छैटौं र सातौं प्रतिवेदन छलफल हुन बाँकी रहेको देखिन्छ।

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

सार्वजनिक निकायहरूको जवाफदेहिता, पारदर्शिता, निष्ठा प्रवर्धन गर्दै सार्वजनिक स्रोत-साधनको प्रभावकारी, मितव्ययी तथा दिगो उपयोग सुनिश्चित गर्नका लागि लेखापरीक्षणबाट देखिएका बेहोराका आधारमा कानुनी, नीतिगत, संरचनात्मक र कार्यप्रणालीमा रहेका कमजोरी, अस्पष्टता तथा कार्यान्वयनका चुनौतीहरूलाई सम्बोधन गर्न सुधारका विषयहरूबारे सुझाव प्रदान गर्नु यस परिच्छेदको उद्देश्य रहेको छ। यस्ता सुधारका क्षेत्र एवं सोसम्बन्धी सुझाउलाई देहायअनुसार ८ क्षेत्रमा प्रस्तुत गरिएको छ।

शासकीय प्रबन्ध

१. कानुन तर्जुमा तथा कार्यान्वयन

१.१. सङ्घीयता कार्यान्वयन गर्ने विषयसँग प्रत्यक्षरूपमा सम्बन्धित सङ्घीय निजामती सेवा, शिक्षा सेवालगायतका सेवा प्रवाहलाई प्रभावकारी बनाउन सो सम्बन्धी आधारभूत कानुनहरू तर्जुमा एवं समयसापेक्ष परिमार्जन गर्नुपर्दछ।

१.२. विद्यमान कानुनहरूमा बाझिएका तथा अस्पष्ट प्रावधानहरूको संशोधन गरी कानुनी स्पष्टता कायम गर्नुपर्दछ।

१.३. सूचना प्रविधि, औषधी तथा औषधीजन्य सामग्री, जग्गा प्राप्ति र अधिग्रहण, कृषिजन्य सामाग्री तथा मल आपूर्ति, पुरातात्विक सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धारलगायतका वस्तु वा सेवा खरिदका विषयको स्पष्टता एवं सहजताका लागि खरिद कानुनमा समयानुकूल सुधार गर्नुपर्दछ।

१.४. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोको क्षेत्राधिकार स्पष्ट गरी कानुनको स्रोत र सीमालाई निर्दिष्ट गर्ने व्यवस्था गर्नुपर्दछ।

१.५. विभिन्न ऐन तथा गठन आदेशमार्फत स्थापना गरिएका सरकारी कोषहरू संविधानले निर्दिष्ट गरेको सञ्चित कोषको दायराभित्र पर्ने वा नपर्ने विषयमा स्पष्टता ल्याई त्यस्ता कोषबाट हुने खर्चलाई संविधानको धारा ११७ र २०५ अनुरूप सञ्चालन हुने व्यवस्था सुनिश्चित गर्नुपर्दछ।

२. सङ्घीयता कार्यान्वयन तथा समन्वय

२.१. संविधानअनुसार सङ्घ, प्रदेश र स्थानीय तहबिचको अधिकार बाँडफाँटबमोजिम कार्यान्वयन सहायताका लागि कार्यविभाजन, समन्वय र अन्तरसम्बन्धलाई संस्थागत रूपमा सुदृढ गर्नुपर्दछ।

२.२. अन्तरसरकारी दोहोरो कराधार र कर विवाद न्यूनीकरण गर्न सङ्घ, प्रदेश र स्थानीय तहबिच कर अधिकार र कार्यान्वयनमा स्पष्टता ल्याउनु पर्दछ।

२.३. सङ्घीय एकाइबिच उत्पन्न हुने राजनीतिक तथा अन्य विवाद समाधान गर्न तथा समन्वय र अन्तरसम्बन्ध व्यवस्थित गर्न गठित परिषद्हरूको भूमिकालाई प्रभावकारी बनाउनु पर्दछ।

२.४. अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रणालीलाई पूर्वानुमानयोग्य, पारदर्शी र परिणाममुखी बनाउँदै स्रोत वितरणमा स्थायित्व सुनिश्चित गर्न आवश्यक सुधारका उपायहरू अवलम्बन गर्नुपर्दछ।

२.५. एउटै आयोजनामा बहु-तहको लगानी हुने अवस्थामा स्पष्ट साझेदारी मोडेल विकास गरी तहगत स्रोत परिचालनलाई व्यवस्थित गर्नुपर्दछ।

२.६. स्थानीय तहले आफ्नो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृति पश्चात् पद दर्ताका लागि प्रदेश सरकारमा पेस गरेकोमा प्रदेश सरकारले पद दर्ता नगरेका कारण स्थानीय तहको कर्मचारी व्यवस्थापनमा समस्या देखिएकोले सोको समाधान गर्नुपर्दछ।

३. **नियमन तथा संस्थागत क्षमता**

३.१. सेवाको गुणस्तर, मूल्य नियन्त्रण र उपभोक्ता हित संरक्षण सुनिश्चित गर्न नियमनकारी निकायको संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागु गर्नुपर्दछ।

३.२. वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, मूल्य स्थिरता तथा गुणस्तर नियन्त्रणका लागि सम्बन्धित निकायबिच समन्वय तथा अनुगमन प्रणाली सुदृढ गर्नुपर्दछ।

३.३. कार्यान्वयन स्तरमा देखिएका समस्याहरूको कानुनी तथा अन्य जटिलताबारे रायका लागि लेखी पठाउन सक्ने र सोको सम्बोधन गरी सम्बन्धित तालुक वा नियमनकारी निकायले कार्यान्वयनयोग्य राय समयमै उपलब्ध गराउनुपर्ने प्रबन्ध गर्नुपर्दछ।

३.४. निकायले आफ्नो पदाधिकारी वा कर्मचारीको सेवा सुविधा निर्धारण वा वृद्धि गर्दा जननिर्वाचित प्रतिनिधि संस्थाको निर्णय वा कानुनी आधार लिनुपर्दछ।

अर्थतन्त्र

४. **दिगो तथा आत्मनिर्भर अर्थतन्त्र**

४.१. आन्तरिक उत्पादन, रोजगारी सिर्जना र सिपयुक्त जनशक्ति विकासमार्फत दिगो आर्थिक वृद्धि हासिल गर्न आवश्यक नीतिगत तथा संरचनात्मक सुधारहरू अवलम्बन गर्नुपर्दछ।

४.२. वैश्विक आर्थिक अस्थिरता, प्राकृतिक विपद् तथा बाह्य जोखिमका सम्भावित प्रभावलाई ध्यानमा राखी आर्थिक तथा वित्तीय क्षेत्रमा पर्न सक्ने दबाब न्यूनीकरण गर्न पूर्वतयारी र जोखिम व्यवस्थापन प्रणाली सुदृढ गर्नुपर्दछ।

४.३. नगदमा आधारित आर्थिक गतिविधिलाई क्रमशः न्यून गर्दै डिजिटल भुक्तानी प्रणाली विस्तार गरी औपचारिक अर्थतन्त्रको दायरा फराकिलो बनाउनुपर्दछ। यसका लागि डिजिटल सार्वजनिक पूर्वाधार निर्माण तथा विकासमा जोड दिँदै सबै प्रकारका कारोबारमा बिल, बीजक लिने दिने व्यवस्था लागु गर्नुपर्दछ।

४.४. पर्यटन क्षेत्रबाट वैदेशिक मुद्रा आर्जनमा वृद्धि गर्न पूर्वाधार विकास, सेवाको गुणस्तर सुधार, गन्तव्य पहिचान एवं विविधीकरण र निजी लगानी प्रोत्साहन गर्नुपर्दछ।

५. कर्जा, लगानी तथा पुँजी निर्माण

५.१. आर्थिक वृद्धिका लागि बैङ्क तथा वित्तीय संस्थामार्फत कर्जा प्रवाह विस्तार गरी उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्नुपर्दछ।

५.२. उत्पादनशील क्षेत्रमा प्रवाह हुने कर्जालाई प्रोत्साहन गर्न बैङ्क तथा वित्तीय संस्थामार्फत उक्त क्षेत्रमा प्रवाह हुने कर्जा र उपभोगका लागि प्रवाह हुने कर्जाको ब्याज दर निर्धारणको स्पष्ट आधारसहितको नीतिगत व्यवस्था गर्नुपर्दछ।

५.३. निजी तथा वैदेशिक लगानी आकर्षित गर्न नीतिगत स्थिरता, पूर्वानुमानयोग्य तथा लगानीमैत्री वातावरण सुनिश्चित गर्नुपर्दछ।

५.४. पुँजी निर्माणलाई प्रोत्साहन गर्न सार्वजनिक तथा निजी उपभोग र बचतबिच सन्तुलन हुने गरी नीतिगत व्यवस्था गर्नुपर्दछ।

६. उद्योग, व्यापार तथा लगानी वातावरण

६.१. उद्योग, व्यापार, कर तथा वित्तीय नीतिबिच तादात्म्यता कायम गरी समग्र लगानी वातावरणलाई सरल, पारदर्शी र पूर्वानुमानयोग्य बनाउनुपर्दछ।

६.२. निर्यात प्रवर्धन, विशेष आर्थिक क्षेत्र विकास, नवप्रवर्तन तथा प्रविधिमैत्री उद्यमशीलता प्रोत्साहनमार्फत उत्पादन र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्दछ।

६.३. प्रशासनिक प्रक्रियालाई सरलीकरण गर्दै समयबद्ध सेवा प्रवाह सुनिश्चित गरी लगानीकर्ताको विश्वास अभिवृद्धि गर्नुपर्दछ।

७. कर तथा राजस्व प्रणाली

७.१. कर प्रणालीलाई पूर्वानुमानयोग्य बनाउनुका साथै नीतिगत स्थायित्व कायम गर्न दीर्घकालीन वा मध्यमकालीन कर नीति संरचना विकास गरी आर्थिक ऐनमार्फत करका दरमा बारम्बार हुने परिवर्तनलाई न्यूनीकरण गर्नुपर्दछ।

७.२. कर प्रणालीलाई लगानीमैत्री बनाउँदै उद्यमशीलता र उत्पादन वृद्धि प्रोत्साहन गर्न तथा अनुसन्धान तथा विकास र प्रविधिमा लगानी प्रोत्साहन गर्न करको नीतिगत संरचना विकास गर्नुपर्दछ।

७.३. बहुदर तथा जटिल छुटयुक्त कर संरचनाको पुनरावलोकन गरी सरल, फराकिलो र अनुपालनमैत्री कर प्रणाली विकास गर्नुपर्दछ।

७.४. मूल्य अभिवृद्धि कर प्रणालीलाई प्रभावकारी बनाउन विद्युतीय बिलिङ प्रवर्धन गर्नका साथै कर फिर्ता प्रणालीलाई स्वचालित र पारदर्शी बनाउनुपर्दछ।

७.५. कर प्रशासनलाई पूर्ण रूपमा डिजिटल तथा तथ्याङ्कमा आधारित प्रणालीमा रूपान्तरण गर्दै जोखिममा आधारित कर परीक्षण प्रणालीलाई सुदृढ गर्नुपर्दछ।

७.६. आयातित मालवस्तु तथा सेवाको मूल्याङ्कन विधिलाई अन्तर्राष्ट्रिय मान्यताअनुरूप कारोबार मूल्यमा गर्ने गरी प्रणालीगत सुधार गर्नुपर्दछ। विद्युतीय सवारीको पैठारी भन्सार महसुल निर्धारण गर्न त्यस्ता सवारीको मोटर क्षमता यकिन गर्ने आधार तय गर्नुपर्दछ।

७.७. वैदेशिक स्रोतमा सञ्चालित आयोजनाहरूलाई कर छुट दिँदा त्यस्ता आयोजनाको लागत यथार्थ नहुने र दुरूपयोगसमेत हुन सक्ने भएकोले त्यसरी दिइने छुटको प्रक्रिया र निणर्य पारदर्शी बनाई सबै प्रकारका कर छुट र सो छुटबाट परेको प्रभावसमेतको समग्र प्रतिवेदन संसदसमक्ष पेस गर्ने व्यवस्था गर्नुपर्दछ।

७.८. कर प्रशासनको निर्णय प्रक्रियामा पारदर्शिता, कर्मचारीको न्यूनतम कार्यकालको सुनिश्चितता तथा पेसागत क्षमता अभिवृद्धिमार्फत सुशासन सुदृढ गर्नपर्दछ।

७.९. करसम्बन्धी विवाद समाधान प्रक्रियालाई छिटो, सरल र निष्पक्ष बनाउनुपर्दछ। पुनरावलोकन गर्ने निकायहरूलाई सुदृढ र स्वतन्त्र बनाउनुका साथै कर विवाद व्यवस्थापनको समयसीमा निर्धारण गर्नुपर्दछ।

८. सार्वजनिक संस्थान व्यवस्थापन

८.१. सार्वजनिक संस्थानहरूको आवश्यकता, प्रकृति र कार्यसम्पादनका आधारमा वर्गीकरण गरी सञ्चालन, सुधार वा पुनर्संरचना गर्ने नीति अवलम्बन गर्नुपर्दछ।

८.२. सार्वजनिक संस्थानमा नियुक्त हुने प्रशासकीय प्रमुख र सञ्चालकको नियुक्तिलाई विषय विज्ञतामा आधारित र प्रतिस्पर्धात्मक बनाउँदै निजहरूको सेवा सुविधालाई कार्यसम्पादनसँग आबद्ध गर्नुपर्दछ।

८.३. सरकारी स्वामित्वका सार्वजनिक संस्थाहरूमा कार्यरत जनशक्तिको सेवा, सुविधा तथा पारिश्रमिकको पुनरावलोकन गरी वस्तुनिष्ठ आधारमा निर्धारण गर्नुपर्दछ।

८.४. सङ्गठित संस्थाले दीर्घकालीन आर्थिक दायित्वमा असर पार्ने निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

८.५. सार्वजनिक संस्थानहरूको लेखापरीक्षण नियमित रूपमा हुने व्यवस्था गर्नुपर्दछ। नियमित रूपमा लेखापरीक्षण नगराउने सार्वजनिक संस्थानलाई राज्यले उपलब्ध गराउने अनुदान तथा अन्य सुविधा रोक्का गर्नुपर्दछ।

८.६. नेपाल सरकारबाट नियुक्त हुने सार्वजनिक संस्थाका प्रमुखहरूको पारिश्रमिक, सेवा, सुविधा कानुनद्वारा निर्धारित हुनु पर्ने वा नियुक्ति गर्दाका बखत नियुक्तिकर्ताले नै तोक्ने व्यवस्था गर्नुपर्दछ।

८.७. सार्वजनिक संस्थानमा स्वतन्त्र सञ्चालक नियुक्ति गर्दा विज्ञ सदस्यलाई नियुक्ति गर्ने नीतिगत व्यवस्था गर्नुपर्दछ।

८.८. सरकारको पूर्ण तथा अधिकांश स्वामित्व भएका सङ्गठित संस्थाहरूले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

८.९. सरकारको पूर्ण तथा अधिकांस स्वामित्व भएका सङ्गठित संस्थाहरूको वित्तीय विवरण प्रमुख कार्यकारी लगायतका सञ्चालन समितिले प्रमाणित गरेर लेखापरीणको लागि पेस गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

९. बजेट विनियोजन

९.१. पूर्वतयारी सम्पन्न भएका तथा आर्थिक प्रतिफल दिने वा राज्यको अनिवार्य दायित्वको रूपमा गर्नुपर्ने कार्यसँग सम्बन्धित आयोजनामा मात्र बजेट विनियोजन गर्ने नीतिगत व्यवस्था गरी कडाइका साथ लागु गर्नुपर्दछ।

९.२. बहुवर्षीय आयोजनामा वित्तीय सहमति दिने व्यवस्थालाई तथ्यपरक बनाउँदै सबै प्रकारका दायित्वहरूको यथार्थ अभिलेख राखी बजेट प्रणालीलाई पारदर्शी र दिगो बनाउन आवश्यक सुधार गर्नुपर्दछ।

९.३. सामाजिक सुरक्षा तथा स्वास्थ्य बिमा जस्ता दीर्घकालीन दायित्वयुक्त कार्यक्रमहरूको वित्तीय दिगोपन सुनिश्चित गर्न स्पष्ट नीतिगत, संरचनागत तथा वित्तीय व्यवस्थापन ढाँचा विकास गर्नुपर्दछ।

१०. सार्वजनिक खर्च तथा अनुशासन

१०.१. अनुत्पादक तथा वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्दछ। सार्वजनिक निकायले खर्च गर्दा स्वीकृत भएका आधार, मापदण्ड, कार्यविधि, निर्देशिका एवं ऐन कानुनको पालना गर्नुपर्दछ।

१०.२. सङ्गठन संरचना एवं कार्यक्षेत्रमा दोहोरोपना भएका तथा प्रभावकारी नदेखिएका निकायहरूको पुनर्संरचना गरी स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्नुपर्दछ।

१०.३. सामाजिक सुरक्षा कार्यक्रमहरूको बढ्दो वित्तीय दायित्वलाई मध्यनजर गर्दै प्राथमिकता निर्धारण, लक्षित समूहको पुनः पहिचान तथा आवश्यकतामा आधारित वितरण प्रणाली सुदृढ गरी स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्नुपर्दछ।

१०.४. रकमान्तर तथा स्रोतान्तरको कार्यान्वयनयोग्य र व्यावहारिक विधि र पद्धति तयार गरी सीमा निर्धारण एवं सोको कडाइका साथ पालना गर्नुपर्दछ।

१०.५. उच्च तहका पदाधिकारीलाई प्रदान गरेको सबै प्रकारको सेवा सुविधाको विवरण आवधिक रूपमा सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

११. वैदेशिक सहायता

११.१. राष्ट्रिय आवश्यकता, दीर्घकालीन विकास प्राथमिकता तथा क्षेत्रगत रणनीतिअनुरूप भएको सुनिश्चित गरेर मात्र वैदेशिक सहायता स्वीकार गर्नुपर्दछ।

११.२. प्राविधिक, वस्तुगत तथा अन्य सबै प्रकारका वैदेशिक सहायता राष्ट्रिय बजेट प्रणालीभित्र समेटी पारदर्शिता अभिवृद्धि गर्नुका साथै महालेखापरीक्षकको लेखापरीक्षणको क्षेत्रभित्र पर्ने सुनिश्चितता गर्नुपर्दछ।

११.३. विकास सहायताको प्रतिबद्धता, वास्तविक प्राप्ति तथा उपयोगबिचको अन्तर न्यून गर्न प्रतिबद्धताअनुसार समयमै सहायता प्राप्त गर्ने, उपयोग क्षमता अभिवृद्धि गर्ने तथा कार्यान्वयन दक्षता सुदृढ गर्ने उपायहरू अवलम्बन गर्नुपर्दछ।

११.४. बाह्य परामर्श सेवा लिँदा लागत-लाभ विश्लेषणका आधारमा नवीन प्रविधि, सिप तथा ज्ञान हस्तान्तरण सुनिश्चित हुने नीति तथा मापदण्ड निर्धारण गर्नुपर्दछ।

११.५. शोधभर्ना प्रक्रियालाई समयबद्ध र प्रभावकारी बनाउँदै नगद प्रवाह व्यवस्थापन सुधार गरी सरकारी स्रोतमा पर्ने अतिरिक्त भारलाई न्यून गर्नुपर्दछ।

११.६. गैरसरकारी संस्थामार्फत परिचालित वैदेशिक सहायताको उपयोग पारदर्शी, जवाफदेही तथा परिणाममुखी बनाउन एकीकृत अनुगमन, प्रतिवेदन तथा मूल्याङ्कन प्रणाली सुदृढ गरी कार्यान्वयन गर्नुपर्दछ।

१२. सार्वजनिक ऋण व्यवस्थापन

१२.१. दीर्घकालीन पुँजी निर्माण गर्ने उच्च प्रतिफल दिने, पूर्वाधार तथा उत्पादनशील क्षेत्र तथा रोजगारी सिर्जना गर्ने आयोजना तथा कार्यक्रममा मात्र सार्वजनिक ऋणको उपयोग गर्ने स्पष्ट मापदण्ड निर्धारण गरी सो अनुरूप कार्यान्वयन गर्नुपर्दछ।

१२.२. आयोजनाका लागि ऋण स्वीकार गर्नु अघि लागत-लाभ विश्लेषण, अपेक्षित उपलब्धि, सम्भावित जोखिम तथा ऋण फिर्ता क्षमताको समग्र मूल्याङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ।

१२.३. विनिमय दरमा हुने वृद्धिका कारण वैदेशिक मुद्रा भुक्तानीमा उत्पन्न हुन सक्ने वित्तीय जोखिम न्यूनीकरणका लागि हेजिङलगायत उपयुक्त जोखिम व्यवस्थापनका उपायहरू अवलम्बन गर्नुपर्दछ।

१२.४. सरकार अन्तर्गतका कोष, बोर्ड, परिषद् तथा समितिहरूमा निष्क्रिय रहेको वा न्यून प्रतिफलयुक्त मौज्दात रकमको पहिचान गरी आन्तरिक ऋणको प्रभावकारी परिचालनमार्फत वित्तीय लागत न्यूनीकरण तथा प्रतिफल अभिवृद्धि गर्ने नीति अवलम्बन गर्नुपर्दछ।

१३. सरकारी अनुदान व्यवस्थापन

१३.१. उत्पादनशील तथा रोजगारी सिर्जना गर्ने क्षेत्रहरूमा मात्र अनुदान उपलब्ध हुने गरी अनुदान वितरणसम्बन्धी विषय, क्षेत्र तथा लक्षित वर्ग सम्बन्धमा स्पष्टताका लागि कानुनी आधारमा परिभाषित गर्नुपर्दछ। यसरी प्रदान गरिएको अनुदान अन्तिम लाभग्राहीसम्म प्रत्यक्ष रूपमा पुगेको र सोबाट अपेक्षित परिणाम प्राप्त भएको सुनिश्चित गर्ने प्रणाली स्थापना गर्नुपर्दछ।

१३.२. सङ्घ र प्रदेश सरकारद्वारा प्रदान गरिने अनुदानको नीतिगत व्यवस्था तथा कार्यविधि र मापदण्डबिच असामञ्जस्यता र दोहोरोपना नहुने गरी समन्वय र समाञ्जस्यता गर्नुपर्दछ।

१३.३. व्यावसायिक संस्थाहरूलाई प्रदान गरिने पुँजीगत अनुदानका सन्दर्भमा लाभग्राहीको वास्तविक लाभ सुनिश्चित गर्ने र संस्था विघटनको अवस्थामा सम्पत्तिको आनुपातिक फिर्ता सुनिश्चित गर्नुका साथै निजी स्वामित्वको जग्गा वा सम्पत्तिमा सार्वजनिक पुँजीगत अनुदान प्रयोग नहुने स्पष्ट प्रबन्ध गर्नुपर्दछ।

१३.४. वितरित अनुदानको पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न अनुदान प्राप्त गर्ने व्यक्ति वा संस्था, अनुदान प्राप्त गर्ने आधार, उपयोग, अपेक्षित उपलब्धि र यथार्थमा हासिल भएको उपलब्धि जस्ता विवरण खुल्ने आवधिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

१४. लेखाङ्कन तथा प्रतिवेदन

१४.१. सबै तहका निकायहरूले स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम वित्तीय विवरणहरू तयार र प्रस्तुतीकरण गर्दै प्रतिवेदनहरूको गुणस्तर, पारदर्शिता तथा अन्तर्राष्ट्रिय तुलनायोग्यता अभिवृद्धि गर्नुपर्दछ।

१४.२. सङ्घ, प्रदेश तथा स्थानीय तह अन्तर्गतका सबै गैर-बजेटरी निकायहरूको वित्तीय कारोबारलाई एकीकृत वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था सुदृढ गरी समग्र सार्वजनिक वित्तीय अवस्थाको यथार्थ चित्रणको सुनिश्चितता गर्नुपर्दछ।

१४.३. आर्थिक कारोबारसम्बन्धी प्रमाण, कागजात तथा निर्णय प्रक्रिया क्रमशः कागजरहित प्रणालीमा रूपान्तरण गर्दै सुरक्षित र विश्वसनीय विद्युतीय अभिलेख व्यवस्थापन प्रणाली कार्यान्वयन गर्नुपर्दछ।

१४.४. बहुवर्षीय खरिद सम्झौता, वैदेशिक सहायता तथा अन्य स्रोतबाट सिर्जना हुने वित्तीय दायित्व र प्रतिबद्धताहरूको अद्यावधिक अभिलेख राख्ने तथा नियमित रूपमा अनुगमन गर्न समग्र दायित्व व्यवस्थापन प्रणाली विकास गर्नुपर्दछ।

१४.५. वैदेशिक स्रोतबाट सञ्चालित सम्पूर्ण आयोजनाहरूको वित्तीय प्रतिवेदन तथा अभिलेख स्वीकृत लेखा ढाँचा अनुसार तयार गरी पारदर्शिता, उत्तरदायित्व तथा लेखापरीक्षणको सहजता सुनिश्चित गर्नुपर्दछ।

१४.६. आर्थिक वर्षको अन्तमा रहने मौज्दात विवरण प्रमाणीकरण र अन्तर निकाय अभिलेख भिडानलाई अनिवार्य गरिनुपर्दछ।

१५. आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण

१५.१. सार्वजनिक निकायहरूमा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली स्थापना तथा कार्यान्वयनका लागि स्पष्ट कार्यविधि, जिम्मेवारी तथा नियन्त्रण उपायहरू निर्धारण गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित बनाउनुपर्दछ।

१५.२. लेखापरीक्षण तथा आन्तरिक नियन्त्रणसम्बन्धी समितिहरूको संरचना, भूमिका र कार्यक्षमता सुदृढ गर्दै सोको सञ्चालन प्रभावकारी रूपमा गरी समग्र वित्तीय अनुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नुपर्दछ।

१५.३. अन्तिम लेखापरीक्षणको क्रममा देखिएको बेरुजुको फर्स्यौट गर्ने अवधि कानुनमा नै तोकिनुपर्दछ। सोको पालनालाई वृत्ति विकाससँग आबद्ध गराई पदाधिकारी/जिम्मेवार अधिकृतलाई जवाफदेही बनाउनुपर्दछ। साथै त्यस्तो फर्स्यौटलाई संस्था/निकाय/कार्यालयले प्राप्त गर्ने प्रोत्साहनसँग जोडिनुपर्दछ ।

१५.४. सार्वजनिक निकायहरूको वित्तीय तथा व्यवस्थापकीय सूचनाहरूलाई लेखा तथा लेखापरीक्षण विद्युतीय सूचना प्रणालीसँग एकीकृत गर्ने व्यवस्था मिलाई सूचना प्रवाहलाई व्यवस्थित र विश्वसनीय बनाउनुपर्दछ।

१५.५. अन्तिम लेखापरीक्षण सम्पन्न हुनु अघि नै आन्तरिक लेखापरीक्षण सम्पन्न गर्ने तथा सोबाट औंल्याइएका बेहोराहरूको जिम्मेवार पदाधिकारीबाट समयमै सुधार तथा फर्स्यौट हुने व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१५.६. आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन सङ्गठनात्मक संरचना, कार्यक्षेत्र र कार्यपद्धतिमा सुधार गर्नुपर्दछ।

१५.७. लेखापरीक्षण प्रतिवेदनहरूमा छलफल गरी प्रतिवेदनमा औंल्याइएका विषयवस्तुहरूको निरुपण, कार्यान्वयन तथा अनुगमन सुनिश्चित गर्ने गरी संस्थागत संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्दछ।

१५.८. सार्वजनिक निकायले प्रवाह गरेको सेवा र सुविधा तथा सो हासिल गर्न परिचालन भएको वित्तीय कारोबारसमेतको परीक्षण गरी प्रतिवेदन गर्न विशेष ज्ञान, सिप र क्षमतायुक्त जनशक्ति आवश्यक पर्ने भएकोले श्रम बजारबाट उच्च क्षमताका जनशक्तिलाई लेखापरीक्षण सेवामा आकर्षित गर्ने गरी आवश्यक व्यवस्था हुनुपर्दछ।

१५.९. लेखापरीक्षण सेवालाई स्वायत्त र विशेषज्ञ सेवाको रूपमा विकास गरी उपलब्धिपूर्ण लेखापरीक्षण गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संस्था (इन्टोसाई) का घोषणा अनुकूल हुने गरी ऐन, कानुनको तर्जुमा गर्नुपर्दछ।

विकास व्यवस्थापन

१६. आवधिक योजना र दिगो विकास लक्ष्य

१६.१. दीर्घकालीन सोच २१०० का लक्ष्यहरू र सोह्रौं योजनाले निर्धारण गरेका प्राथमिकता क्षेत्रसँग तादात्म्यता हुने गरी प्रदेश तथा स्थानीय तहहरूले दिगो विकास लक्ष्यहरूलाई आन्तरिकीकरण गर्दै वार्षिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१६.२. दीर्घकालीन सोच २१०० ले परिकल्पना गरेको समृद्धि तथा समावेशी विकास हासिल गर्न दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा सरकार, निजी क्षेत्र तथा गैरसरकारी संस्थाबिच नीतिगत समन्वय, स्रोत साझेदारी तथा सहकार्यको संस्थागत ढाँचा निर्माण गर्नुपर्दछ।

१६.३. सोह्रौं योजना र दिगो विकास लक्ष्यअनुरूपका प्रगति मापन गर्न आवश्यक सूचकाङ्कहरू पहिचान गरी तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा विश्लेषणका लागि एकीकृत र प्रविधिमैत्री सूचना प्रणाली विकास गर्दै खण्डीकृत (डिसएग्रीग्रेटेड) तथ्याङ्क अभिलेखीकरणको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्दछ।

१७. आयोजना व्यवस्थापन

१७.१. आयोजना छनोट गर्दा लागत-लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर तथा स्रोत उपलब्धताको यथार्थ मूल्याङ्कन गरी सोको आधारमा योजना बैङ्कमा समावेश गरी बजेट विनियोजन गर्ने व्यवस्था गर्नुपर्दछ।

१७.२. तहगत सरकारबाट सञ्चालन हुने विकास आयोजनाहरूमा दोहोरोपन हटाउन संविधानप्रदत्त अधिकारको सीमाभित्र रही आयोजनाको लागत, भौगोलिक अवस्थिति र संवेदनशीलतासमेत विचार

गरी आफैंले सञ्चालन गर्ने र समन्वयात्मकरूपमा सञ्चालन हुने आयोजनाहरूको वर्गीकरण सम्बन्धी व्यवस्थालाई एकीकृत एवं सुदृढ गर्नुपर्दछ।

१७.३. आयोजनाको पूर्व तयारीका कार्य सम्पन्न नभई ठेक्का व्यवस्थापन गर्दा समय तथा लागत वृद्धि हुने भएकाले यस्तो अभ्यासलाई नियन्त्रण गर्दै विस्तृत आयोजना प्रतिवेदन, जग्गा प्राप्ति तथा आवश्यक पूर्वतयारी कार्य सम्पन्न भएपछि मात्र खरिद प्रक्रिया अघि बढाउने व्यवस्थाको पालना गर्नुपर्दछ।

१७.४. आयोजना कार्यान्वयन तालिका र बजेट विनियोजनबिच तादात्म्यता कायम गरिनुपर्दछ।

१७.५. आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आयोजना प्रमुख तथा सम्बन्धित जनशक्तिको फेरबदल भई रहने प्रवृत्तिमा नियन्त्रण गरी स्थायित्व सुनिश्चित गर्नुपर्दछ।

१७.६. जलवायु परिवर्तन तथा विपद् जोखिमलाई मध्यनजर गरी आयोजना छनोट, डिजाइन तथा कार्यान्वयनका प्रत्येक चरणमा जोखिम न्यूनीकरणका उपायहरू समावेश हुने नीतिगत व्यवस्था गर्नुपर्दछ।

१७.७. बाढी, पहिरो, सुख्खा लगायतका प्राकृतिक विपद्को प्रभाव न्यूनीकरण गर्न पूर्वचेतावनी प्रणालीको विकास तथा दीर्घकालीन संरचनात्मक तथा गैर-संरचनात्मक उपायहरूलाई आयोजना व्यवस्थापन प्रणालीमा समावेश गर्नुपर्दछ।

१८. सार्वजनिक खरिद व्यवस्थापन

१८.१. खरिद आवश्यकता निर्धारण गर्ने, मालसमान, निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवाको स्पेसिफिकेसन तयार गर्ने, कामको परिमाण तोक्ने, लागत अनुमान तयार गर्ने र कार्यान्वयन विन्दुहरू तथा कार्य सम्पन्न गर्न लाग्ने समय निर्धारण गर्ने विषयहरूलाई स्पष्ट र प्रमाणमा आधारित बनाउनुपर्दछ।

१८.२. सार्वजनिक खरिद कार्यलाई योजनाबद्धरूपमा कार्यान्वयन गर्ने र विनियोजनबिच सामञ्जस्यता कायम गर्नुपर्दछ।

१८.३. निर्माणसम्बन्धी खरिद प्रक्रिया अघि बढाउनुपूर्व विद्युत, खानेपानी, दूरसञ्चार, वन तथा अन्य सरोकारवाला निकायसँग सम्बन्धित पूर्वाधार तथा युटिलिटी सेवाहरूको तयारी तथा स्वीकृति पूर्ण रूपमा समाधान गरी योजना कार्यान्वयनमा अवरोध नहुने अवस्थापश्चात् मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

१८.४. खरिद सम्झौता तथा स्वीकृत कार्यतालिकाअनुसार कार्य सम्पादन नगर्ने निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा जिम्मेवार कर्मचारीहरूलाई उत्तरदायी बनाउने तथा आवश्यक दण्डात्मक तथा सुधारात्मक कारबाही गर्ने व्यवस्था कार्यान्वयन गरिनुपर्दछ।

१८.५. खरिद सम्झौताहरूको म्याद थप गर्ने आधार तथा प्रक्रियालाई वस्तुनिष्ठ मापदण्ड, प्रमाण एवं पुष्टयाइँ र यथार्थपरक कारणमा आधारित बनाइनु आवश्यक छ।

१८.६. एकै प्रकृतिका कार्यलाई टुक्र्याई सोझै खरिद गर्ने, यथार्थपरक लागत अनुमान तयार नगरी भेरिएशनमार्फत कार्य थप्ने जस्ता अभ्यासलाई नियन्त्रण गर्न नियमन तथा अनुगमन गर्नुपर्दछ।

१८.७. जटिल प्रविधि, उच्च दक्षता वा विशेष उपकरण आवश्यक पर्ने निर्माण कार्य तथा सामग्री खरिद उपभोक्ता समितिमार्फत गराउने अभ्यासलाई निरुत्साहित गर्दै त्यस्ता कार्य प्रतिस्पर्धात्मक र पेशागत क्षमतायुक्त निकायमार्फत गर्नुपर्दछ।

१८.८. उपभोक्ता समितिमार्फत कार्य सञ्चालन गर्दा तोकिएको जनसहभागिताको अंश यथार्थ रूपमा समावेश भएको सुनिश्चितता बिना भुक्तानी हुने प्रवृत्तिलाई नियन्त्रण गर्दै सम्बन्धित कर्मचारीलाई स्पष्ट रूपमा उत्तरदायी बनाउने व्यवस्था लागु गर्नुपर्दछ।

१८.९. उपभोक्ता समितिबाट हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न निर्माण सामग्री तथा सम्पन्न कार्यको प्रयोगशाला परीक्षण गर्ने, गराउने प्रावधान अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्दछ।

१८.१०. सेवा खरिदसँग सम्बन्धित वार्षिक मर्मतसम्बन्धी करार आवश्यक पर्ने अवस्थामा प्रारम्भिक खरिद प्रक्रियामै प्रतिस्पर्धा गराई समावेश गर्ने तथा प्रोप्राइटरी प्रकृतिका सामान खरिद गर्दा सहायक सामग्रीको आवश्यकता, लागत तथा आपूर्ति अवधिको स्पष्ट यकिन गरी प्रतिस्पर्धात्मक आधारमा खरिद गर्ने व्यवस्था सुदृढ गर्नुपर्दछ ।

१८.११. खरिद सम्बन्धी विवाद समाधान गर्ने संयन्त्रलाई सुदृढ गर्दै यस विधालाई पेसागत नियमन गर्ने व्यवस्था गर्नुपर्दछ। विवाद समाधान संयन्त्रको निर्णयहरूलाई सिकाइ आगतको रूपमा लिई आवश्यक नीतिगत र कानूनी व्यवस्थामार्फत खरिद कार्यलाई थप व्यवस्थित गर्नुपर्दछ।

१८.१२. सालबसाली रूपमा सम्पन्न नभएका खरिद कार्यहरूको अर्को वर्षमा स्रोत व्यवस्थापन नहुँदा त्यस्ता कार्य अधुरो र जीर्ण अवस्थामा रहेका छन्। स्रोत व्यवस्था भएपश्चात् सुरु लागतमा वृद्धि नहुने भएमा म्याद थप गर्न सकिने कानुनी व्यवस्था गर्नुपर्दछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

१९. सार्वजनिक सम्पत्तिको अभिलेख, संरक्षण र उपयोग

१९.१. सार्वजनिक निकायको स्वामित्वमा रहेका सबै प्रकारका सम्पत्तिको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख गर्ने र नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम तयार गरिने वित्तीय विवरणमा खुलासा गर्ने व्यवस्था गर्नुपर्दछ।

१९.२. सार्वजनिक निकायको मौज्दातमा भएका जिन्सी सामग्री, यन्त्र-उपकरण र औजार किफायती मर्मत गरेर उपयोग हुन नसक्ने यकिन गरे पश्चात् मात्र नयाँ खरिद गर्ने व्यवस्था गर्नुपर्दछ।

१९.३. सम्पन्न वा विघटित आयोजनाका यन्त्र-उपकरण र सम्पत्तिको अभिलेख राखी त्यस्ता मालसामान आवश्यक पर्ने निकायमा हस्तान्तरण गर्नुपर्दछ।

१९.४. ल्यापटप, ट्याबलेटजस्ता उपकरणको प्रयोगकर्ता परिवर्तनपश्चात् पुनः उपयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति रोक्न सम्पत्तिको उपयोगी आयु तोकी सो अवधिभित्र एकै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

१९.५. राष्ट्रिय महत्त्वका अभिलेख, नक्सा, सन्धि-सम्झौता र ऐतिहासिक दस्तावेजको अभिलेखीकरण र सुरक्षा गर्न डिजिटाइजेसनलगायतका उपयुक्त विधि अपनाउनुपर्दछ।

१९.६. सार्वजनिक र गुठी जग्गा अतिक्रमणमुक्त बनाई उचित संरक्षण र उपयोग गर्नुपर्दछ।

१९.७. मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्य रूपमा सरकारी स्वामित्वमा ल्याई अभिलेख, संरक्षण र उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

१९.८. भन्सारमा जफत गरिएका तथा सार्वजनिक निकायमा प्रयोगविहीन अवस्थामा रहेका सवारीसाधन समयमै मर्मत गरी उपयोग गर्ने वा लिलाम/हस्तान्तरण गर्ने व्यवस्था गर्नुपर्दछ।

१९.९. सामुदायिक वनका उपभोक्ता समूहले सङ्कलन गरेको काठ, दाउराको उपयोग र बिक्रीसम्बन्धी स्पष्ट व्यवस्था गरी समूहका सदस्यले उपयोग र बिक्री गर्ने परिमाण तथा समयसीमा तोक्नुपर्दछ।

१९.१०. प्राकृतिक स्रोतहरूको नक्साङ्कन सहितको पहिचान, अभिलेख र उपयोग तथा संरक्षणको उचित कानुनी तथा नीतिगत प्रबन्ध मिलाउनुपर्दछ।

१९.११. कुनै सार्वजनिक निकाय/कार्यालय एक अर्कामा गाभिएमा वा टुक्रिएमा वा खारेज भएमा साबिकको निकाय/कार्यालयमा रहेको जिन्सी, स्रेस्तालगायतका कागजात जिम्मा रहने निकाय/कार्यालयको निक्यौंल त्यस्तो निर्णय गर्दाकै बखत गर्नुपर्दछ । सो नगर्ने निकाय/कार्यालयको प्रमुख वा जिम्मेवार अधिकृतलाई कानुनी रूपमा नै जवाफदेही बनाउनुपर्दछ ।

सूचना प्रविधि

२०. **सूचना प्रविधिको विकास, प्रयोग र सुरक्षा**

२०.१. विद्युतीय कारोबार, सूचना सुरक्षा, कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङ र विद्युतीय प्लेटफर्म जस्ता सूचना प्रविधिका सबै क्षेत्रहरूलाई समेट्ने गरी आवश्यक कानुनी व्यवस्था गर्नुपर्दछ।

२०.२. सूचनाको गोपनीयता, शुद्धता र उपलब्धता सुनिश्चित गर्न र साइबर सुरक्षाको लागि नियमित रूपमा सूचना प्रविधि लेखापरीक्षण गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ।

२०.३. सङ्कट व्यवस्थापन र सेवालाई निरन्तररूपमा सञ्चालन गर्न आवश्यक सङ्गठनात्मक तथा सञ्चालनगत सुरक्षात्मक तयारी गर्दै उत्थानशीलता विकास गर्नुपर्दछ।

२०.४. विद्युतीय प्रणालीको आवश्यकता पहिचान, विकास र उपकरण खरिदका लागि स्पष्ट मापदण्ड (नर्म्स) र लागत अनुमान तयार गर्ने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

२०.५. सरकारी डिजिटल सेवाको गुणस्तर र विश्वसनीयता बढाउनका लागि सेवास्तर सम्झौता र गोपनीयता सम्झौतालाई अनिवार्य बनाउनुपर्दछ। सबै सरकारी सूचना प्रणालीहरू आधिकारिक निकायमा दर्ता र प्रमाणीकरण हुनुपर्ने र प्रयोगमा ल्याउनुअघि भल्नराबिलिटी एसेसमेन्ट एण्ड पेनेट्रेसन टेस्ट अनिवार्य रूपमा पूरा गर्ने व्यवस्था गर्नुपर्दछ।

२०.६. सरकारी निकायहरूमा विद्यमान छुट्टाछुट्टै सूचना प्रणालीहरूको पुनरावलोकन गरी एकीकृत डाटा सेन्टर तथा अन्तरआबद्ध डिजिटल सेवा प्लेटफर्म विकास गरी स्रोतको दोहोरोपनामा न्यूनीकरण गरी सेवा प्रवाहमा एकरूपता कायम गर्नुपर्दछ।

२०.७. सार्वजनिक सेवा प्रवाहलाई छरितो, पारदर्शी र उत्तरदायी बनाउन विद्युतीय शासन प्रणाली विस्तार गर्दै पेपरलेस/फेसलेस कार्यप्रणाली क्रमशः कार्यान्वयनमा ल्याउनुपर्दछ।

२०.८. विद्युतीय शासन प्रणाली सञ्चालन गर्न सार्वजनिक निकायहरूले प्रयोग गर्ने सफ्टवेयरलाई व्यवस्थित एवं अद्यावधिक गर्न लिईने वार्षिक मर्मत करार (एएमसी) लाई बहुवर्षीय रूपमा लिन सक्ने गरी कानुनी व्यवस्था गर्नुपर्दछ।

२०.९. नागरिकलाई प्रत्यक्ष रूपमा सेवा प्रवाह नगर्ने तर अन्य निकायको कामको परीक्षण तथा अनुगमन गर्ने निकायहरूलाई डिजिटल कार्यस्थल तोक्न सक्ने गरी कानुनमा व्यवस्था गर्नुपर्दछ।

सार्वजनिक प्रशासन

२१. मानव पुँजी निर्माण

२१.१. बदलिँदो विश्व परिदृश्यमा आएको परिवर्तनलाई सम्बोधन गर्न मागमा आधारित ज्ञान, सिपयुक्त मानव पुँजी निर्माण गर्न विद्यालय तहदेखि नै शैक्षिक सुधार र क्षमता विकास कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै बहुसिपयुक्त जनशक्ति तयार गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, अनुसन्धान संस्थामार्फत प्राज्ञिक तथा पेसागत शिक्षा, तालिम र प्रशिक्षणका माध्यमबाट ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्नुपर्दछ।

२१.२. सङ्घीय तहमा अधिक कर्मचारी सङ्ख्या रहेको विद्यमान अवस्थालाई दृष्टिगत गर्दै सेवा प्रवाह हुने स्थानमा सेवा र जनशक्ति सन्तुलन मिलाउन विद्यमान दरबन्दीको विस्तृत पुनरावलोकन गर्नुपर्दछ।

२१.३. सरकारका कुनै तहमा कुनै सेवाका कर्मचारी अधिक सङ्ख्यामा भएमा सेवा परिवर्तनमार्फत अन्यत्र लैजान सक्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

२१.४. सामुदायिक विद्यालयहरूको भौगोलिक अवस्था, विद्यार्थी संख्या, उपलब्ध स्रोत र शैक्षिक सेवा प्रवाहको चापका आधारमा विद्यालयहरू एकआपसमा गाभ्ने/गाभिने प्रबन्ध र दरबन्दी पुनरावलोकन गरी आवश्यक शैक्षिक जनशक्ति व्यवस्थापन गरिनुपर्दछ।

२१.५. सार्वजनिक संस्थान, आयोग, बोर्ड र प्रतिष्ठानहरूको जनशक्ति आवश्यकतालाई छरितो र प्रविधियुक्त संरचनाका आधारमा निर्धारण गरी पदपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२१.६. सार्वजनिक प्रशासनमा प्रवेशका लागि कार्यप्रकृतिका आधारमा विशिष्टीकृत योग्यता कायम गर्दै नियमित रूपमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ। सबै कर्मचारीहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्न निश्चित सेवा अवधिपश्चात् अनिवार्य तालिम लिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्दछ। यस्तो तालिमलाई मौद्रिक उत्प्रेरकसँग जोड्नुपर्दछ।

२२. सार्वजनिक सेवा प्रवाह

२२.१. सार्वजनिक प्रशासनमा सूचना प्रविधिलाई कार्यसम्पादनसँग आबद्ध गरी 'फेसलेस ब्युरोक्रेसी', विद्युतीय शासन र एकल सेवा केन्द्रको अवधारणालाई कार्यान्वयनमा ल्याउनुपर्दछ।

२२.२. विशिष्टीकृत कार्यका लागि कार्यसमयमा लचकता र उपयुक्त प्रोत्साहनसहित एकभन्दा बढी कार्यालयको जिम्मेवारी दिन सकिने व्यवस्था मिलाउनुपर्दछ।

२२.३. सेवाग्राहीप्रति शिष्ट, मर्यादित र जवाफदेही सेवा संस्कृति स्थापित गर्न स्पष्ट आचारसंहितासहितको कार्यविधि तर्जुमा गरी लागु गरिनुपर्दछ।

२२.४. सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक सचेतना अभिवृद्धि गर्ने र नियमित पृष्ठपोषण प्राप्त गर्ने संयन्त्र विकास गर्नुपर्दछ। सेवाग्राहीको समय र लागतलाई ध्यानमा राखी सेवा डिजाइन गर्नुपर्ने तथा प्रमाणयोग्य कागजातको प्रारम्भिक प्रशोधन निःशुल्क हुनुपर्दछ।

सुशासन

२३. **वित्तीय जवाफदेहिता**

२३.१. अनुत्पादक खर्च नियन्त्रणका लागि उच्च पदस्थ पदाधिकारीहरू स्वयंले मितव्ययिताको उदाहरण प्रस्तुत गर्नुपर्दछ। बैठक, सभा र उत्सवजस्ता शीर्षकमा हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२३.२. कानुनबमोजिम बाहेक पटके निर्णयबाट कुनै पनि किसिमका सुविधा तथा सहुलियत उपलब्ध गराउनु हुँदैन।

२३.३. निकायको कार्य प्रकृतिअनुरूप वित्तीय अनुशासन कायम गर्न छुट्टै आचारसंहिता तर्जुमा गरी त्यसको पालना गराउनुपर्दछ।

२३.४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनी व्यवस्थाबमोजिम कार्य सम्पादन गर्ने र प्रतिवेदन गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ। वित्तीय कारोबारको परीक्षणबाट देखिने बेरुजुलाई जिम्मेवार व्यक्तिको कार्यसम्पादन र वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था गर्नुपर्दछ।

२३.५. जिम्मेवार व्यक्तिसँग कार्य सम्पादन करार गर्दा बेरुजु फस्र्यौट तथा फरफारख गर्ने विषयसमेत समावेश गर्नुपर्दछ।

२३.६. सामाजिक जवाफदेहिता प्रवर्धन गर्न नागरिक निगरानी, सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउँदै नागरिक सहभागिता सुनिश्चित गर्नुपर्दछ।

२४. **नैतिकता र सदाचारिता प्रवर्धन**

२४.१. समाजमा नैतिक पूर्वाधार निर्माण गर्न विद्यालय तहको पाठ्यक्रममा नै नैतिक शिक्षा र नागरिक कर्तव्यलगायतका विषयहरू समावेश गर्नुपर्दछ।

२४.२. सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष संलग्न पदाधिकारी र कर्मचारीहरूलाई सेवाग्राहीका गुनासो र आवश्यकताप्रति प्रत्यक्ष जवाफदेही बनाउने संयन्त्र क्रियाशील गर्नुपर्दछ।

२४.३. सार्वजनिक पद धारण गरेका सबै पदाधिकारी र कर्मचारीहरूले प्राप्त गर्ने सेवा, सुविधा र पारिश्रमिकलाई पूर्णतः पारदर्शी बनाउनुपर्दछ। सार्वजनिक पदाधिकारीहरूको सेवा सुविधासम्बन्धी कानुन समसामायिक बनाउनुपर्दछ। कानुनमा नतोकिएको सेवा सुविधालाई नियन्त्रण गर्नुपर्दछ।

२४.४. सार्वजनिक सेवाको पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सूचनाको नियमित प्रसारण र सार्वजनिकीकरण गर्ने प्रणालीलाई संस्थागत गर्नुपर्दछ।

महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं

नेपाल